अभियानकोतर्फबाट महासंघद्वारा कोषमा रकम हस्तान्तरण

६

'स्थानीय तहलाई सहकारीले उत्प्रेरित गर्न सक्छ'

४

पहिलो पटक महासंघको बोर्ड बैठक अनलाइनमा बस्यो

९

आइसीएको साधारण सभा अनलाइनबाटै हुने

११

महामारीको सन्दर्भमा सहकारी र महिला — केशवप्रसाद बडाल — १७

नेपालको सहकारी क्षेत्र र अर्न्तसम्वन्धित ऐनहरू — चित्रा कुमारी थाम्सुहाङ सुब्बा — २४

सहकारीमा उच्च प्रविधि अवलम्बनको अवसर — शिवजी सापकोटा — २७

सहकारी संस्थामा सुशासनः आजको प्रमुख चुनौति — श्यामकृष्ण दाहाल — २९

सहकारीका प्राथमिकता र कार्यान्वयनका चूनौति — यादव हुमागाई — ३४

सहकारी, नाम, काम र कर — कुबेर निरौला — ३७

'मर्यादित श्रम र पर्यटनका लागि सहकारी'

सहकारी सन्देश

जि.प्र.का.,काठमाडौं द.नं.: ११५/०५८/५९
गो. हु. का. द.नं.: ५/०६०/६१

वर्ष १५, अङ्क-११, २०७७, जेठ
(May/June, 2020)

सल्लाहकार

मीनराज कँडेल
अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ

केशव प्रसाद वडाल
निवर्तमान अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ

दीपक प्रकाश बाँस्कोटा
पूर्व अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ

प्रधान सम्पादक
चित्रा कुमारी थाम्सुहाङ सुब्बा

सम्पादक
रामसूदन तिमल्सिना

सह-सम्पादक
केदार बाँस्कोटा

कम्प्युटर लेआउट
विश्वराज सापकोटा

विशेष सहयोगी
ऋषिकेश लामिछाने

बजार सहायक
ध्रुव रिजाल

प्रकाशक:
राष्ट्रिय सहकारी महासंघ लि., नेपाल
पो.ब.नं.: ११८५९, काठमाडौं
हरिहरभवन, पुल्चोक, ललितपुर
फोन नं.: ०१-५०१०११६, ५०१००३३
E-mail: ncf@wlink.com.np
Web site: www.ncfnepal.com.np
Facebook: facebook.com/ncf.nepal.9

प्रकाशन सहयोगी
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरवार, काठमाडौं

मुद्रण:
जय लालीगुंरास इन्भेष्टमेन्ट एण्ड ट्रेडिङ कम्पनी
हरिहरभवन, ललितपुर
फोन नं.: ०१-५०१०७११

सम्पादकीय

चुनौतीलाई अवसरमा बदलौं

नेपालको संविधानले व्यवस्था गरे अनुरूप नै वि.सं. २०७७ जेष्ठ १५ गते नै सरकारले आर्थिक वर्ष २०७७/७८ को वार्षिक बजेट सार्वजनिक गरेको छ । मुलुक कोरोना भाइरस(कोभिड-१९)को चपेटामा परिरहेको विषम परिस्थितिमा पनि सरकारले बजेटलाई विगत वर्षमा झैं पूर्व निर्धारित समयमा नै सावैजनिक गर्नु पनि वर्तमान अवस्थामा एउटा उपलब्धी हो ।

आ.ब.२०७७/७८ को बजेट सार्वजनिक गर्दा सरकारले सञ्चालनमा रहेका राष्ट्रिय गौरवका विकास निर्माणका कार्यहरूलाई प्राथमिकता दिनुकासाथै सरोकारवाला अन्य विकास क्षेत्रलाई पनि न्यायोचित संबोधन गर्नु र कुनै क्षेत्रलाई पनि उपेक्षा नगरी यथोचित रूपमा बाँडफाँड गर्नु बजेटको सकारात्मक पक्ष हो । अर्थात् बजेट सन्तुलित रूपमा प्रस्तुत भएको छ । यो सबैका लागि खुसीको कुरा हो ।

सहकारी क्षेत्रका लागि आ.ब.२०७७/७८ को बजेट उत्साहप्रद रहेको छ । सहकारी मार्फत कृषिको व्यवसायिकउत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणलाई आ.ब.२०७७/७८ को बजेटले प्राथमिकता दिनुलाई सहकारी क्षेत्रको दीगो विकास, आत्मनिर्भर अर्थतन्त्र, गुणस्तरीय उत्पादन र स्थायित्वप्रति सरकार सचेत र जिम्मेवार छ भन्ने कुरालाई उजागर गर्नु हो । अर्थात् सरकारले बजेट मार्फत सहकारी क्षेत्रको गुणस्तरीय विकास र स्थायित्वलाई महत्व दिएकाले अब सहकारी अभियानले आफ्नो दायित्व जिम्मेवारीपूर्वक पूरा गर्नु पर्ने समय आएको छ । अब भाषणलाई होइन, सहकारीको सिद्धान्त, मूल्य, मान्यताको जगमा उभिएर अभियानले बजेटले लक्षित गरेको उद्देश्य हासिल गर्न इमान्दार प्रयास गर्नुपर्ने खाँचो टड्कारो बनेको छ । त्यसका लागि सहकारी अभियान अब बित्तीय आमाममा मात्र सीमित नरहेर उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणमा प्रतिस्पर्धी भएर लाग्नुपर्छ । अभियानले विगतका चुनौतिहरूलाई आत्मसाथ गर्दै आगामी दिनहरूलाई सहकारी क्षेत्रको नतिजामुखी गुणस्तरीय विकास प्रतिस्पर्धी बनाउन कुनै कसर बाँकी राख्नु हुँदैन ।

विगतमा गरीबी निवारण कोष मार्फत ३२ हजार भन्दा बढी सामुदायिक संस्थाहरूलाई सहकारीकरण गर्नु चुनौतिपूर्ण भए पनि कृषि क्रान्तिका लागि भूमिको अधिकत्तम उपयोग, सहकारी,निजी र सामुदायिक संस्थाहरूसंग साझेदारी, कपास, रेशम खेती, उन र अन्य धागोजन्य उत्पादन र प्रशोधनका लागि अनुदानको व्यवस्थाले गरिखाने सहकारी संघ/संस्थाहरूका लागि अवसरको ढोका खोलिदिएको छ ।

त्यस्तै सहकारी क्षेत्रमा वर्षौदेखि जेलिएर रहेको करको करकरलाई पनि आ.ब.२०७७/७८को बजेटले संबोधन गरेको छ । यो सानो कुरा होइन, सहकारी अभियानका लागि ठूलो विजय वा राहत हो । यसको अधिकत्तम उपयोग गरी अरूले वर्षौ लगाएर गर्न सक्ने कामलाई सहकारी क्षेत्रले एकै वर्षमा गरेर देखाउनु पर्छ । सहकारी क्षेत्रको गुणस्तरीय विकास, आम समुदायमा विश्वासिलो र भरपर्दो सहयोगी वा समुदायको समृद्धिका लागि सहकारीलाई निर्विकल्प माध्यम बनाउनुपर्छ । त्यसका लागि प्रथमतः चरित्र र कार्यक्षेत्र मिल्ने सहकारी संस्थाहरू बीच एकीकरणलाई प्रोत्साहित गर्दै नविन प्रविधिको विकास र प्रयोगमा जोड दिनुपर्छ । सहकारी संघ/संस्थाहरूलाई विश्वासिलो र प्रधिस्पर्धी बनाउँदै अगाडि बढ्नका लागि बजेटले कर्जा सूचना केन्द्र स्थापना, बचत तथा कर्जा सुरक्षणको व्यवस्था लगायतका प्रवर्द्धनात्मक कार्यहरूलाई पनि बजेटले प्राथमिकतामा राखेकाले अब सहकारी अभियान दुविधामा अल्झिएर नबसी आफ्नो लक्ष्य हासिल गर्न दीगो विकास लक्ष्य हासिलले निर्धारण गरेका उद्देश्यहरूलाई आफ्नो मार्गदर्शन बनाएर गुणस्तरीय विकास र स्थायित्वका लागि व्यवसायिक रूपमा कृयाशील हुनुको विकल्प छैन ।

यसमा प्रकाशित सामग्रीका ब्यक्ति विचारहरु सर्जकका निजी हुन् । प्रकाशित सामग्रीहरूको बारेमा आफ्ना सुझाव र प्रतिक्रिया पठाउनु हुन पाठकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

पाठक–पत्र

sahakarisandesh@gmail.com

संजीवनी बन्यो मनोवैज्ञानिक भिडियो परामर्श !

सहकारी सन्देशको २०७७ साल बैशाख अंकको पृष्ठ ९ मा प्रकाशित "महासंघद्वारा मनोवैज्ञानिक भिडियो परामर्श सार्वजनिक" शीर्षक समाचार सान्दर्भिक लाग्यो । भनिन्छ "उपचारमा संलग्न चिकित्सक आत्तियो भने बिरामी(रोगी) बाँच्दैन ।" हो, कोरोना भाइरस(कोभिड–१९) को महामारीले विश्वलाई नै आक्रान्त बनाइरहेका बेला नेपालको सहकारी अभियानमा आबद्ध सहकारी संघ/संस्थाहरूको नेतृत्व समक्ष पनि त्यही अवस्था आएको छ । विषम परिस्थितिका बेला नेतृत्वले आत्तिएर होइन, धैर्यताकासाथ आफ्नो भूमिका र जिम्मेवारी निर्वाह गर्नुपर्ने हुन्छ । त्यसका लागि महासंघले सार्वजनिक गरेको भिडियो परामर्शले सहकारी संघ/संस्थाहरूको नेतृत्वलाई संजीवनको काम गरेको हुनुपर्छ । सहकारी संघ/संस्थाहरूको बित्तीयदेखि अन्य सम्पूर्ण व्यवसायिक कारोबारहरूलाई कोभिड–१९ले भताभुङ्ग र लथालिङ्ग बनाइ दिएका बेला मनोवैज्ञानिक भिडियो परामर्शले सरोकारवाला सहकारीको नेतृत्वलाई मार्गनिर्देशन गरेको छ । यसलाई सकारात्मक मान्नुपर्छ र महासंघले यस प्रकारको मनोवैज्ञानिक परामर्श बेलाबेला गरिरहनु पर्ने आवश्यकता देखिएको छ ।

पवन के.सी., कपन, काठमाडौं

बिचौलियाको अन्त्य गर्ने समय

सहकारी सन्देशको २०७७ साल बैशाख अंकको पृष्ठ ८ मा प्रकाशित "बिचौलीयाको अन्त्य गर्न सहकारीसंग सहकार्य गर्छौं" शीर्षक समाचार पढेर आशा लाग्यो । बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले नै "बिचौलियाको अन्त्य गर्न प्रदेश सरकार सहकारीसंग सहकार्य गर्न तयार रहेको" बताएकाले अब उत्पादनसंग जोडिएका सहकारीले गति लिन सक्ने आशा पलाएको हो । तर भावनात्मक र अवधारणागत कुरा गरेर मात्र हुँदैन, प्रदेश सरकारले नीतिगत र व्यवस्थापकीय काम पनि गर्नुपर्छ । प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा "बिचौलिया अन्त्यका लागि सहकारीसंग सहकार्य" शीर्षकमा बजेट स्पष्ट किटान भएको हुनुपर्छ । त्यसपछि मात्र मुख्यमन्त्री पौडेलले व्यक्त गरेको विचारले मुर्त रूप लिन्छ । आशा गरौं आगामी बजेटमा बजेट र कार्यक्रमसहित समावेश भएर आउने छ ।
कुनै पनि समस्या केवल समस्या भएर मात्र आउँदैन । हरेक बादलमा चाँदीको घेरा हुन्छ भने जस्तो कोरोना भाइरस(कोभिड–१९)ले आर्थिक, सामाजिक लगायतका मानवीय गतिविधिहरूलाई अबरूद्ध बनाइरहेका बेला सहकारी संघ/संस्थाहरूले आफ्नो संगठनिक सञ्जाललाई क्रियाशील गराएर बिचौलीयाहरूको अन्त्य गर्न सक्छन् । त्यसका लागि नयाँ सम्भावनाहरूको खोज, आर्थिक लगानी र बजारीकरणका लागि अग्रसर हुनका लागि कोभिड–१९को महामारीकाललाई स्वर्णकाल मानेर काम गर्नुपर्छ । अर्थात् चुनौतीलाई अवसर मानेर सहकारी संघ/संस्थाहरूले कृषि उपजलगायतका वस्तुहरूको जोडतोडकासाथ बजारीकरण गर्नुपर्छ ।

श्रेया अधिकारी
बिराटनगर महानगरपालिका–३,मोरङ्ग

समाचार पढेर खुशी लाग्यो

सहकारी सन्देशको २०७७ साल बैशाख अंकको पृष्ठ १३ मा प्रकाशित " ताजा तरकारी काठमाडौंका चोकचोकमा" शीर्षक समाचार पढेर खुशी लाग्यो । लकडाउनको समयमा कृषि केन्द्रीय सहकारी संघको पहलमा ताजा तरकारी काठमाडौंको चोकचोकमा पुऱ्याएर बिक्री वितरण गर्नु आफैंमा सराहनीय काम हो । अप्ठ्यारो परेको बेलामा कतिपय स्थानका कृषकहरूले आफ्नो उत्पादनलाई बजार पुऱ्याउन नसक्दा खेतवारीमा नै खल्डो खनेर गाड्न बाध्य भइरहेका बेला कृषि केन्द्रीय सहकारी संघले उपभोक्ताहरूको घर घरमा ताजा तरकारी पुऱ्याएर उदाहरणीय कार्य गरेको छ । वास्तवमा सहकारीले गर्ने एउटा सदस्यमैत्री कार्य मध्य त्यो पनि एउटा हो । अर्थात् सहकारी संघ/संस्थाहरू सदस्यहरूका सदस्यहरूद्वारा सञ्चालित निकायहरू हुन् भन्ने कुरा लकडाउनले मुखरित गरिदिएको छ । यसै अवस्थालाई नमूना मानेर सो कार्यलाई निरन्तरता दिनुमा सहकारीका सदस्य र संस्थाहरूको हितमा हुने तथ्यलाई कसैले नकार्न सक्दैन । अर्को शब्दमा कृषि उत्पादक सहकारी संस्थाको उत्पादनको बजारीकरण उपभोक्ता सहकारी संस्थाले गर्नु पर्छ र त्यही चेन(साङ्लो)लाई स्थानीय, क्षेत्रीय, जिल्ला र केन्द्रीय हुँदै राष्ट्रिय स्तरमा स्थापित गरी कार्यान्वयनमा ल्याउनुपर्छ । त्यसो गर्न सकियो भने सहकारी अभियानको आवश्यकता र औचित्य स्थानीय स्तरदेखि राष्ट्रिय स्तरसम्ममा नै पुष्टि हुन्छ ।

पवित्रा श्रेष्ठ, सूर्य विनायक नगरपालिका–३,भक्तपुर

राष्ट्रिय योजना आयोग र सहकारी अभियानबीच छलफल

'स्थानीय तहलाई सहकारीले उत्प्रेरित गर्न सक्छ'



राष्ट्रिय योजना आयोगले दीगो विकास लक्ष्यको स्वैच्छिक राष्ट्रिय समीक्षा प्रतिवेदन (भीएनआर) को तयारीका सन्दर्भमा २०७७ जेष्ठ ११ गते सहकारी अभियानसँग भर्चुअल परामर्श गरेको छ । सो छलफलमा अभियानले दीगो विकास लक्ष्य हासिल गर्नका लागि सहकारी क्षेत्रले खेलेको भूमिकाको विषयमा चर्चा भएको थियो ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा. पुष्पराज कँडेलले १५ औं योजनाको आत्माभित्र सहकारी र दीगो विकास लक्ष्य रहेको बताउँदै सहकारी क्षेत्र तल्लोतहसम्म पुग्ने भएकाले एसडीजी कार्यन्वयनका लागि यसको योगदान अपरिहार्य रहेको औंल्याउनुभएको छ । उहाँले कोभिड-१९ को महामारीका कारण दीगो विकास र १५ औं योजनाका लक्ष्यमा असर गरेको र त्यसलाई न्यूनीकरण गर्न तथा अर्थतन्त्रको पुनरोत्थान गर्न उपयुक्त योजना कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने बताउनुभयो । उहाँले सहकारीले स्वास्थ्यका क्षेत्रमा समेत महत्वपूर्ण सेवा प्रदान गर्न सक्ने भएकाले त्यसतर्फसमेत अभियान अग्रसर हुनुपर्ने धारणा राख्नुभएको थियो । कँडेलले स्थानीय तहलाई उत्पेरित गर्न समेत सहकारीले भुमिका खेल्न सक्ने औल्याउँदै अगामी बर्ष सबै स्थानीय तहलाई योजना बनाउन उत्पेरित गर्ने तयारी भएको समेत बताउनुभयो ।

सो छलफलमा संयुक्त राष्ट्र संघका पूर्व उपमहासचिव ज्ञानचन्द्र आचार्यले भीएनआरको विषयमा प्रष्ट पार्नुभएको थियो । नेपालले दोस्रो पटक यो प्रतिवेदन प्रस्तुत गर्न लागेको हो । नेपालले दीगो विकास लक्ष्य प्राप्तिका लागि के कस्ता कार्य गरिरहेको छ भन्ने विषय र अहिले एसडीजी हासिलको कुन क्रममा नेपाल छ भन्ने विषय रिपोर्टमा समेटिने उल्लेख छ । राष्ट्रिय सहकारी महासंघले योजना आयोगले गठन गरेको विभिन्न कमिटीमा रहेर आफ्नो योगदान दिइरहेको छ भने सहकारीमार्फत दीगो विकास लक्ष्य कार्यान्वयन गर्ने वातावरण निर्माणका लागि महत्वपूर्ण भूमिका समेत खेल्दै आएको छ ।

नेपालले एसडीजी हासिलका लागि ४७९ वटा सुचांक तय गरेको भए पनि कोभिड-१९का कारण कार्यान्वयनमा प्रभाव परेको आचार्यले बताउनुभयो । उहाँले नेपाल, भारत र बंगलादेशले आफ्नो दोस्रो भिएनआर रिपोर्ट उच्चस्तरीय राजनीतिक मञ्चमा प्रस्तुत गर्ने जानकारी दिनुभयो ।

योजना आयोगका सदस्य मिनबहादुर शाहीले दीगो विकास लक्ष्य प्राप्तिको मुख्य पार्टनरका रूपमा सहकारी रहेको बताउँदै छलफलको सहजीकरण गर्नुभएको थियो ।

महासंघका अध्यक्ष मिनराज कँडेलले सहकारी एसडीजीका १७ वटै लक्ष्य प्राप्तिका लागि काम गर्न सक्ने क्षेत्र भएको र त्यसका लागि शुरूआतदेखि नै महासंघले सहकारीमार्फत दीगो विकासका लक्ष्य हासिल गर्नका लागि योजनाबद्ध रूपमा कार्य गरिरहेको बताउनुभयो ।

महासंघका निवर्तमान अध्यक्ष केशव बडालले उत्पादक शक्तिलाई उत्साहित बनाउन, भूमिहिन श्रमिकलाई खेतीमा संलग्न गराउन, खेतियोग्य जमिनमा उत्पादन बृद्धि गर्नका लागि सहकारीको भूमिका रहँदै आएको बताउनुभयो । उहाँले विभेदको अन्त्य गर्ने, मर्यादित काम र आर्थिक बृद्धि, उत्तरदायी उपभोक्ता र उत्पादनका लागि सहकारीको मूख्य भूमिका रहने बताउनुभयो ।

महासंघका वरिष्ठ उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय सहकारी महासंघका ग्लोबल बोर्ड सदस्य ओमदेवी मल्लले महिलामाथि हुने सबै प्रकारका हिंसाको उन्मुलनका लागि सहकारीले महत्वपूर्ण कार्य गरेको र महिलालाई आत्मनिर्भर बनाइ सर्वसुलभ तथा सुरक्षितका साथ काम गर्ने वातावरणको प्रत्याभुत गराउनका लागि सहकारीको योगदानका कारण यो क्षेत्रमा लक्ष्य हासिल गर्न सहयोग पुग्ने बताउनुभयो ।

युएनले पनि तल्लो तहसम्म पुग्ने क्षेत्र सहकारी भएकाले विश्व सहकारी अभियानको छाता संघ अन्तर्राष्ट्रिय सहकारी महासंघ र आइएलओलाई नजिकको पार्टनका रूपमा लिएको बताउनुभयो । आइसीए ग्लोबल बोर्ड सदस्य मल्लले नेपालको सहकारी अभियानमा महिला र पुरूषबिचको विभेदको अन्त्य भइ सबै तहका सहकारीमा ३३ प्रतिशत प्रतिनिधिहरूका लागि नीतिगत व्यवस्था कार्यन्वयनमा आएको बताउँदै नेतृत्व तहमा ४० प्रतिशत महिलाको सहभागीताले एसडीजीको पाँचौ एजेन्डा हासिल गर्न सहयोग पुग्ने औल्याउनुभयो । उहाँले पदाधिकारी तहमा समेत महिलाको नेतृत्व स्थापित गर्ने विषयमा अभियान अग्रसर रहेको बताउँदै अनुशासित समाज निर्माणका लागि सहकारीले भूमिका खेलेको औल्याउनुभयो ।

महासंघका उपाध्यक्ष रमेश पोखरेलले सहकारीले वित्तीय साक्षरता, उत्पादन वितरण,

गरिवी निवारण, स्वरोजगार सिर्जनालगायतका क्षेत्रमा कार्य गरिरहेको प्रष्ट पार्नुभयो ।

राष्ट्रिय सहकारी महासंघका संचालक तथा नेपाल कृषि सहकारी केन्द्रीय संघका अध्यक्ष खेम पाठकले प्राविधिक जनशक्ति र सहकारीको उद्योगलाई आधिकारिक कानुनी मान्यता प्राप्त हुन सकेको खण्डमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउँदै कृषि सहकारीबाट २५२ वटा उद्योग संचालन भएको ५० उद्योग निर्माणाधिन अवस्थामा रहेको जानकारी दिनुभयो । उहाँले विउ प्रशोधन उद्योग, आधुनिक नर्सरी, मल उद्योग स्वदेशमा सहकारीमार्फत संचालन गर्न सके देश आत्मनिर्भर हुने बताउनुभयो । उहाँले सहकारीले सिरहामा कमला नदीबाट सिंचाई गरेको उदाहरण दिदै सिंचाईका लागि सहकारीलाई जोड्दै उत्पादन बृद्धि गर्नुपर्ने, खाद्य बैंक स्थापना गर्ने लगायतको विषय उजागर गर्नुभयो ।

राष्ट्रिय सहकारी बैंकका अध्यक्ष तथा महासंघका संचालक केवी उप्रेतीले कोभिड-१९को प्रभावका कारण एसडीजीको प्राथमिकताका क्षेत्र परिवर्तन गर्न पुर्नमुल्यांकन गर्नुपर्ने बताउनुभयो । रोजगारी सिर्जना, उत्पादन बृद्धि, वित्तीय व्यवस्थापन, साक्षरता र परिचालनमा सहकारीको योगदान रहेको र बैंकले २५ अर्ब लगानी गरिरहेको बताउनुभयो । उहाँले कोभिड-१९का कारण गरिवी बढ्ने, भोकमरी लाग्ने अवस्था नआओस् भनेर बैंकले विना धितो चैतदेखि नै त्यसलाई सम्बोधन गरी ऋण प्रवाह गरिरहेको बताउनुभयो ।

महासंघका संचालक तथा केन्द्रीय दुग्ध सहकारी संघका अध्यक्ष नारायण देवकोटाले संघमार्फत २५ वटा साना दुग्घ उद्योगले स्थानीय क्षेत्रमा रोजगारी सिर्जना गरेर ग्रामीण अर्थतन्त्रलाई सवल बनाउने कार्य गरेको बताउनुभयो । नेफ्स्कूनका अध्यक्ष परितोष पौडेलले सदस्यलाई उद्यमी बनाउनका लागि नेफ्रकुनले चालेको कदमको विषयमा चर्चा गर्नुभयो ।

राष्ट्रिय सहकारी विकास बोर्डका संचालक इन्दिरा पन्तले सदस्य र समुदायमा केन्द्रित भएको सहकारी क्षेत्रले जागरण, सचेतना देखि उत्पादन, बजारीकरण र स्थानीय क्षेत्रको उत्थानका लागि महत्वपूर्ण भूमिका खेलेको भए पनि ती योगदानलाई प्रचार तथा अभिलेखिकरण गर्नुपर्ने औल्याउनुभयो ।

महासंघका महाप्रबन्धक चित्राकुमारी थाम्सुहाङ सुब्बाले सहकारी क्षेत्रले स्थानीय तहका जनप्रतिनिधिलाई समेत दीगो विकास लक्ष्यका विषयमा सचेत गराउँदै सहकार्य गरेको, महासंघले सहकारीका लागि एसडीजी गाइडलाइन तयार गरेको बताउनुभयो । उहाँले सहकारीले गर्ने कार्यक्रममध्ये ७ प्रतिशत कार्यक्रम दीगो विकास लक्ष्यसँग जोडिएको तथ्यांक राख्नुभयो । सुब्बाले सहकारी क्षेत्रमा करिब ४० प्रतिशत महिला नेतृत्वमा रहेको बताउँदै कोभिड-१९को महामारीका समयमा मुल्य नियन्त्रणका लागि सहकारीले प्रभावकारी भूमिका खेलेको बताउनुभयो ।

यस्तै, नेपाल केन्द्रीय मौरीपालन सहकारी संघका अध्यक्ष अर्जुन पोखरेलले मौरी संरक्षण भएको खण्डमा मात्र मानव अस्तित्व रहने भएकाले मौरी मैत्री विरूवा लगाउने, विदेशबाट फर्कने श्रमिकलाई सहकारी कृषिमा आवद्ध गराउँदै नया स्वरूपबाट काम गर्दा दीगो विकास लक्ष्य हासिल हुने बताउनुभयो ।

केन्द्रीय चिया सहकारी संघका महासचिव रविन राईले गरिवी न्युनिकरणका लागि किसानलाई चिया खेतीमा आवद्ध गरेर, उद्योग स्थापना गरेर, रोजगारी सिर्जना गरी आर्थिकस्थिति सुधारका कार्य संघले गरेको बताउनुभयो । उहाँले विषादीरहित उत्पादनलाई प्रोत्साहन गर्ने, पिछडिएकालाई सहकारीमार्फत तालिम सीप सिकाएर आत्मनिर्भर बनाउने काम भएको बताउनुभयो ।

आइसीए एपीको क्षेत्रीय सम्मेलन सऱ्यो

अन्तर्राष्ट्रिय सहकारी महासंघ एसिया प्रसान्त क्षेत्रको क्षेत्रीय सम्मेलन सन् २०२१ को फ्रेब्रेअरीको अन्तिम साता हुने भएको छ । २०७७ जेष्ठ ६ गते मंगलबार भएको आइसीए एपीको भर्चुअल बोर्ड बैठकले क्षेत्रीय सम्मेलन कोरोना भाइरस (कोभिड-१९)को महामारीका कारण यस बर्ष स्थगित गरि सन् २०२१ को फ्रेव्रुअरी २८ र २९ तारिखमा दक्षिण कोरीयामा गर्ने निर्णय गरेको हो । सन् २०२० को डिसेम्बरमा कोरीयामा क्षेत्रीय सम्मेलन तथा आइसीए एपीको निर्वाचन हुने कार्यक्रम रहेको थियो । वर्ल्ड कोअपरेटिभ कंग्रेससँगै जोडेर आइसीए एपीको क्षेत्रीय सम्मेलन गर्न लागिएको हो । अन्तर्राष्ट्रिय सहकारी महासंघले समेत विश्व सहकारी महासम्मेलन कोभिड-१९ का कारण २०२१ को मार्च १ देखि ३ तारिखमा गर्ने गरी मिति परिवर्तन गरेको छ ।

आइसीए एपीको बैठकमा नेपालबाट राष्ट्रिय सहकारी महासंघका निवर्तमान अध्यक्ष तथा आइसीए एपीका बोर्ड सदस्य केशव बडालको सहभागीता थियो । उहाँले बैठकमा कोभिड-१९ ले नेपालमा पारेको प्रभाव र नेपालको सहकारी अभियानले यस महामारीमा गरेको योगदान तथा सहकारीमा पर्ने चुनौतीका विषयमा प्रकाश पार्नुभएको थियो ।

आइसीए एपीका अध्यक्ष लि चुङ् साङ्ले कोभिड-१९ का कारण सहकारी अभियान प्रभावित भएकाले आइसीएएपीको सम्मेलनमा रजिष्ट्रेसन शुल्क घटाउने, निर्वाचन प्रक्रियालाई २ चरणमा गर्नेलगायतका प्रस्ताव राख्नुभएको थियो । उहाँको प्रस्तावलाई अर्को बोर्ड बैठकमा छलफल गर्ने निर्णय भएको महासंघका निवर्तमान अध्यक्ष केशब बडालले बताउनुभयो ।

अध्यक्ष लिले क्षेत्रीय सम्मेलनको बीचमा २०२० को डिसेम्बरसम्ममा महामारीको रोकथाम भएको खण्डमा चीनमा आईसिएपीको बोर्ड बैठक गर्ने भन्नु भएको छ । बैठकमा आइसीए एपीका क्षेत्रीय निर्देशक बालु एयरले सन् २०१९ मा भएको आयव्यव र सन् २०२० को प्रभावित कार्यक्रम तथा बजेटको विषयमा प्रस्तुत गर्नुभएको थियो । बैठकमा पर्यवेक्षकसहित करिब ३३ जनाको सहभागीता रहेको बडालले बताउनुभयो ।

अभियानकोतर्फबाट महासंघद्धारा कोषमा रकम हस्तान्तरण



राष्ट्रिय सहकारी महासंघले सहकारी अभियानको तर्फबाट नेपाल सरकारद्वारा स्थापित कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा २७ लाख एक हजार ७ सय ६४ रूपैयाँ प्रदान गरेको छ । महासंघका अध्यक्ष मिनराज कँडेल, निवर्तमान अध्यक्ष केशव बडाल, वरिष्ठ उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय सहकारी महासंघका ग्लोबल बोर्ड सदस्य ओमदेवी मल्लले मिति २०७७ जेठ २३ गते उपप्रधान तथा रक्षा मन्त्री तथा कोभिड-१९ संक्रमण, रोकथाम तथा नियन्त्र उच्चस्तरीय समितिका संयोजक ईश्वर पोखरेललाई चेक हस्तान्तरण गर्नुभयो । यसरी महासंघको नेतृत्वमा मात्रै कोभिड-१९को महामारीविरूद्ध लड्नका लागि संघीय कोष र कोरोना नियन्त्रण सहकारी केन्द्रमा गरी ५२ लाख बढि सहयोग उपलब्ध भएको वरिष्ठ उपाध्यक्ष तथा आइसीए ग्लोबल बोर्ड सदस्य मल्लले बताउनुभयो ।

सो अवसरमा उपप्रधानमन्त्री पोखरेलले सहकारी क्षेत्रले तल्लो तहदेखि नै उल्लेखीय ढंगले सहयोग गर्दै आएकोमा धन्यवाद दिदै सहकारी अभियानले विभिन्न माध्यमबाट कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रणका कार्यका लागि गरेको विवरण समेत उपलब्ध गराउन आग्रह गर्नुभयो । सो अवसरमा स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकालले समेत कोभिड-१९को महामारीका समयमा सहकारी अभियानले सहयोग गरेकोमा धन्यवाद दिनुभयो । 'स्थानीय तहदेखि नै सहकारी अभियानले सहयोग गरेको सुनेको छु । कोभिड-१९को माहामारीको अवसरमा सहकारीले कस्तो योगदान दिएको छ भन्ने विषयमा सबैलाई अवगत गराउन जरूरी छ । तब यसको उचित मुल्यांकन हुन्छ,' उहाँले भन्नुभयो ।

त्यस्तै, अर्थमन्त्री डा युवराज खतिवडाले सहकारी अभियानले भूकम्प, बाढी पहिलोलगायतका विपदको समयमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको स्मरण गर्नुभएको थियो । 'सहकारी जनताबाट नै संचालित हुने स्वनियममा चल्ने अभियान हो । यसबाट राज्यलाई महत्वपूर्ण सहयोग हुने अपेक्षा छ ।' खतिवडाले बताउनुभयो । महासंघका अध्यक्ष मिनराज कँडेलले सहकारी अभियानले हालसम्म १० करोड बढि सहयोग गरिसकेको बताउनुभयो । महासंघका निवर्तमान अध्यक्ष केशव बडालले सहकारी अभियानले गरेको योगदान आर्थिक रूपमा मात्र जोड्न सकिदैन । 'यसले सबै क्षेत्रमा स्थानीय जनप्रतिनिधि तथा स्थानीय समुदायसँग मिलेर कार्य गरिरहेको छ ।'उहाँले भन्नुभयो ।

महासंघका वरिष्ठ उपाध्यक्ष तथा अन्तर ाष्ट्रिय सहकारी महासंघका ग्लोबल बोर्ड सदस्य ओमदेवी मल्लले ६३ औं राष्ट्रिय सहकारी दिवस अर्थात २०७६ चैत्र २० गते अभियानकोतर्फबाट कोरोना रोकथाम उपचार केन्द्र संचालनमा ल्याइएको जानकारी गराउनुभयो थियो । उहाँले कृषि सहकारी संघ/संस्थाले किसानको बारीबाटै ताजा तरकारी संकलन गरेर घर घरमा विक्री वितरण गर्ने कार्य गरेका कारण मुल्य बृद्धि रोकथाममा समेत सहकारीले भूमिका खेलेको बताउनुभएको थियो । मल्लले भन्नुभयो,'सहकारी अभियानले कोभिड-१९को संक्रमण रोकथामका लागि गरिएको लकडाउनका समयमा समेत चुनौतीका सामना गर्दै महत्वपूर्ण कार्य गरेका छन् । अब सहकारी अभियानलाई डिजिटल प्लेटफर्ममा लैजानुपर्छ भनेर महासंघले यसतर्फ गृहकार्य गरिरहेको छ ।'

संघीय सरकारको कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा उपलब्ध गराउन राष्ट्रिय सहकारी महासंघ र झापाको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाले ५/५ लाख रूपैयाँ प्रदान गरेका थिए ।

त्यसैगरी झापाको नेपाल बहुउद्देश्यीय सहकारी संस्थाले २ लाख, राष्ट्रिय सहकारी महासंघका कर्मचारी परिवारले १ लाख ११ हजार ९ सय ३७ रूपैयाँ, नवलपरासीको किसान साकोसले १ लाख ३ हजार, झापाको मेची सहकारी संस्थाले १ लाख १ हजार १ सय ११, काभ्रेको विन्धबासिनी साकोसले १ लाख १ हजार १ सय ११, झापा र कास्कीका जिल्ला सहकारी संघहरूले जनही १लाख १ हजार प्रदान गरेका थिए ।

त्यसैगरी राष्ट्रिय सहकारी महासंघको संचालक समितिले ६९ हजार, काभ्रेको सामुदायिक साकोसले ६१ हजार, काठमाडौंको कुमारी सेभिङ एन्ड क्रेडिट कोअपरेटिभले ५५ हजार ५ सय ५५ सहयोग गरेका छन् । मोरङको जिल्ला सहकारी संघले ५२ हजार ५ सय, झापाको हाम्रो नेपाल साकोस र कन्चनजंघा बहुउद्देश्यीय सहकारी र दोलखाको मिलिजुली कालिन्चोक साकोसले समान ५१ हजार प्रदान

गरे। काठमाडौंको सुयोग्य साकोसले ५० हजार ५ सय ५५, धादिङको जनकल्याण साकोस र काठमाडौंको मनिप्लान्ट साकोसले समान ५० हजार प्रदान गरे ।

ललितपुरको मनास्लु बहुउद्देश्यीय सहकारी संस्थाले ४० हजार, काठमाडौंको मेगा ड्रिम सहकारीले २७ हजार ७ सय ७७रूपैयाँ, दोलखाको जिल्ला बचत तथा ऋण सहकारी संघले २५ हजार १ सय ५रूपैयाँ, जिल्ला सहकारी संघ लि दोलखाले २५ हजार प्रदान गरे भने बाराको साना किसान कृषि सहकारी संस्थाले २५ हजार, भक्तपुरको श्री सहयोगी बचत तथा सेवा केन्द्र सहकारी संस्थाले २० हजार, ललितपुरको माता विन्ध्यबासिनी साकोसले ११ हजार १ सय ११ र पर्साको जिल्ला बचत तथा ऋण सहकारी संघले ११ हजार रूपैयाँ संघीय कोषमा जाने गरी सहयोग गरेको महासंघका महाप्रबन्धक चित्राकुमारी थाम्सुहाङ सुब्बाले बताउनुभयो ।

साथै, गत २०७६ चैत २० गते सहकारी अभियानकोतर्फबाट मनमोहन मेमोरियल अस्पतालमा कोरोना नियन्त्रण सहकारी केन्द्र स्थापना गर्नका लागि महासंघले १० लाख, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ(नेफ्स्कून)ले ५ लाख, नेपाल कृषि सहकारी केन्द्रीय संघले ५ लाख गरेको थियो ।

त्यसैगरी सो केन्द्रका लागि चन्द्रागिरी सोकोस काठमाडौंले ५० हजार, शुभलक्ष्मी सहकारी संस्थाले झापाले ५२ हजार ५ सय,हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्थाले ५५ हजार ५ सय ५५, मेगा ड्रिम साकोसले २७ हजा ७सय ७८, रिलायवल बचत तथा ऋण सहकारी संस्था, शंखमुलले २५ हजार ५ सय, अभिवादन बहुउद्देश्यीय सहकारी संस्थाले २० हजार १सय ११, ललितपुरको उद्धार साकोसले २० हजार रूपैयाँ प्रदान गरेको छ । यसरीसहकारी संघ/संस्थाबाट केन्द्रका लागि ५ लाख उपलब्ध गराइएको थियो ।

विपद्का समयमा प्रदेशका सहकारी संघ संस्थाको भूमिका प्रशंसनियः राज्यमन्त्री राना

राष्ट्रिय सहकारी महासंघ लि. नेपालले प्रदेश नं. १ को सरकारलाई आगामी आर्थिक वर्ष २०७७/७८ को प्रदेश सरकारको नीति तथा कार्यक्रम र वजेटमा सहकारी क्षेत्रको लागि समेटिनुपर्ने सुझावहरू पेश गरेको छ ।

उक्त अवसरमा प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री राम रानाले कोभिड–१९ महामारी नियन्त्रणका लागि लकडाउनको विषम परिस्थितिमा प्रदेश नं. १ का सहकारी संघ संस्थाले खेलेको भूमिका अत्यन्त प्रशंसनीय रहेको विचार व्यक्त गर्नुभयो । राज्यमन्त्री राना भन्नुहुन्छ, 'राहत व्यवस्थापन र कृषिजन्य वस्तु विशेष गरी किसानहरूको तरकारी तथा फलफुललाई उपभोक्तासम्म पुर्‍याउन मुल्य श्रृखलामा सहकारी क्षेत्रले खेलेको भूमिका सराहनीय छ ।' प्रदेशको आगामी वर्षको नीति तथा कार्यक्रम र वजेट उत्पादन र वजारीकरणमा केन्द्रीत हुने भन्दै मन्त्री रानाले यसका लागि प्रदेश सरकारले सहकारी क्षेत्रको सुझावलाई प्राथमिकतामा राख्नेछ भन्नुभयो ।

महासंघको तर्फबाट उपाध्यक्ष रमेश प्रसाद पोखरेलद्वारा २०७७ जेष्ठ ४ गते राज्यमन्त्री रानालाई पेश गरेको सुझावमा वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई उनीहरूले सिकेका ज्ञान, सीप तथा क्षमतालाई उपयोग हुने गरी उद्यमशील वनाउदै सहकारीमार्फत कृषि उत्पादनलाई प्रविधिसंग जोडी स्मार्ट कृषि कार्यक्रम लागु गर्नुपर्ने उल्लेख छ । त्यस्तै यन्त्र उपकरणको व्यवस्थापनका लागि प्रत्येक पालिकामा न्यूनतम एउटा कस्टम हायरिंग संचालन, कृषि उपजलाई सोझै उपभोक्तासम्म पुर्‍याउन इकमर्स प्लेटफर्म संचालनका लागि साझा एपको निर्माण तथा प्रत्येक जिल्लामा एउटा नमुना कोपसप संचालन हुने व्यवस्था, स्थानीय पालिकाहरूले सहकारी संस्थामा खाता खोल्ने नीतिगत व्यवस्था, सहकारीमार्फत माछाको भुरा उत्पादन तथा माछापालनका लागि सम्भाव्य जिल्लामा पूर्वाधारको विकासमा सहयोग, उखु उत्पादक किसानहरूको उखु सहज विक्रीवितरणका लागि सहकारी चिनी उद्योग, धूलो दूध कारखाना स्थापनाका लागि प्रदेश सरकार, निजी क्षेत्र र सहकारीको संयुक्त साझेदारीको व्यवस्था लगायतका सुझावहरू रहेको छ ।

सोही अवसरमा भर्खरै मन्त्रालयमा सरूवा भई आउनुभएका सचिव निरू दाहाल पाण्डेलाई उपाध्यक्ष पोखरेलले खादा लगाई वधाई समेत दिनुभएको थियो । उक्त अवसरमा जिल्ला सहकारी संघ लि. मोरङका सचिव वीरेन्द्र यादव, सहसचिव देवेन्द्र पौडेल, कोषाध्यक्ष राकेश दाहाल, संचालकद्वय अमर गुरूंग, झुमा पाठकको समेत उपस्थिति रहेको थियो ।

कोभिड-१९बाट सिर्जित चुनौती सामना गर्न युएनडीपीले सहकारी अभियानसँग मिलेर काम गर्ने

राष्ट्रिय सहकारी महासंघ र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडीपी) को संयुक्त आयोजनामा सहकारी अभियान र युएनडीपीबिच कोरोना भाइरस (कोभिड-१९)ले सहकारी क्षेत्रमा पारेको प्रभाव र भावि कार्य दिशाको विषयमा छलफल भएको छ । २०७७ जेष्ठ ८ गते बिहिबारका दिन अनलाइन छलफलमा युएनडीपी नेपालकी आवासीय प्रतिनिधि आइशानि मेदगंगोडा लाबेले कोभिड-१९को महामारीका कारण सिर्जित चुनौती सामना गर्न युएनडीपीले सहकारी अभियानसँग मिलेर काम गर्ने बताउनुभएको हो ।

उहाँले सहकारी क्षेत्रमार्फत कोभिड-१९ बाट सिर्जना हुने चुनौतीको सामना गर्न सकिने औल्याउनुभयो । नेपालमा भारतलगायत वैदेशिक रोगजारमा गएका ठूलो मात्रामा श्रमिक स्वदेश फर्कने भएकाले उनीहरूलाई रोजगारको सिर्जना गर्नका लागि नेपालको ठूलो नेटवर्क सहकारीको प्रयोग गर्न सकिने औल्याउदै उहाँले भन्नुभयो, 'तत्काललाई भने साना किसानहरूको उत्पादित बस्तुको बजारीकरणमा नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको साझेदारीमा संचालन भइरहेको सहकारी बजार विकास कार्यक्रमबाट समेत सहयोग गर्ने छौं ।' उहाँले कोभिड-१९का कारण प्रभावित भएको पर्यटन क्षेत्रमा समेत सहकारीको नेटवर्कले सहयोग गर्न सक्ने भएकाले त्यसमा समेत मिलेर काम गर्न सक्ने बताउनुभयो । त्यसैगरी कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि भइरहेको लकडाउनका समयमा घरेलु हिंसा बृद्धि भएकाले त्यसलाई रोक्नका लागि सहकारीसँग युएनडीपीले साझेदारी गर्न सक्ने औल्याउनुभयो ।



महासंघका अध्यक्ष मिनराज कँडेलले २०७६ चैत ११ गतेदेखि भएको लकडाउनका समयमा सहकारीले तरकारी, फलफुलको बजारीकरण गरेकै कारण यसको मुल्य नियन्त्रण भएको र विषम परिस्थितिमा सहकारीले स्थानीय, प्रदेश र केन्द्र सरकारसँग मिलेर काम गरिरहेको बताउनुभयो । उहाँले वित्तीय सहकारीका लागि तरलता व्यवस्थापन गर्ने विषयमा महासंघले छलफल गरिरहेको बताउनुभयो ।

महासंघका निवर्तमान अध्यक्ष केशव बडालले देशभरिका २ लाख ४७ हजार ७ सय बढि अगुवा सहकारीकर्मीहरूले लकडाउनका समयमा स्थानीय जनप्रतिनिधिसँग हातेमालो गरेर कार्य गरिरहेको बताउनुभयो । पछिल्लो समयमा बाँझो भएका जमिनमा खेती शुरू भएको बताउँदै भन्नुभयो,'तर बिउ विजनको ठूलो संकट भएकाले त्यसलाई समाधान गर्नेतर्फ सबै निकायको फोकस हुनेपर्ने देखिन्छ । जसले भोलिको दिनका चुनौतीसँग सामना गर्न सकिने छ ।' महासंघका वरिष्ठ उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय सहकारी महासंघका ग्लोबल बोर्ड सदस्य ओमदेवी मल्लले महासंघले लकडाउनको अवधिमा गरेको क्रियाकलापको विषयमा जानकारी गराउँदै अभियानकोतर्फबाट नमुनाका रूपमा छुट्टै कोरोना रोकथाम सहकारी केन्द्रको स्थापना भएको र यसले नेपालको सहकारीलाई विश्वमाझ नयाँ छवि निर्माण गर्न सहयोग पुगेको बताउनुभयो ।

महासंघका उपाध्यक्ष रमेश पोखरेलले उत्पादित बस्तुको भण्डारण र बजार व्यवस्थापनमा जोड दिनुभयो । महासंघका संचालक तथा नेपाल केन्द्रीय कृषि सहकारी संघका अध्यक्ष खेम पाठकले खाद्य संकट हुन नदिन सहकारीमार्फत गाउँगाउँमा मल विउ पुऱ्याउनुपर्ने, खेतीमा प्रविधिको प्रयोग, ७ प्रदेशमा ठूला आधुनिक नर्सरी स्थापना, खाद्य बैंक, बजारीकरण, उत्पादित बस्तुको विविधिकरण गर्ने उद्योग संचालनका लागि संघले कार्य गरिरहेको बताउनुभयो । महासंघका संचालक तथा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केवी उप्रेतीले वित्तीय सहकारीमा प्रविधिको प्रयोगमा जोड, तरलता व्यवस्थापनका लागि बैंकले कोषको व्यवस्थापन गरेको र सरकारले कम ब्याजदरको पैसा सहकारीलाई उपलब्ध गराएको खण्डमा कोभिड-१९बाट सिर्जित समस्या समाधानका लागि सहयोग हुने बताउनुभयो । नेफ्स्कूनका अध्यक्ष परितोष पौडेलले डिजिटल फाइनासिङ्गमा सहकारीलाई जान सहज वातावरण बनाइदिनुपर्ने कुरा राख्नुभयो ।

केन्द्रीय जडिबुटी सहकारी संघका अध्यक्ष ईश्वरी पाण्डेले नेपाल जडिबुटीको धनि देश भएकाले यहाँका जडिबुटीको व्यापक प्रयोग गर्नका लागि संघले प्रदेश सरकारलाई प्रस्ताव पेश गरेको समेत बताए । केन्द्रीय दुग्ध सहकारी संघका अध्यक्ष नारायण देवकोटाले दूधमा देखिएको समस्या र समाधानका विषयमा चर्चा गर्नुभयो भने नेपाल मौरीपालान केन्द्रीय सहकारी संघका अध्यक्ष अर्जुन पोखरेलले मौरीपालनका लागि परेको असरको विषयमा चर्चा गर्नुभएको थियो । महासंघका महाप्रबन्धक चित्राकुमारी थाम्सुहाङ्ग सुब्बाले सहकारीले विदेशबाट फर्कने श्रमिकलाई उनीहरूको ज्ञान र सिपका आधारमा बर्गिकरण गरी सोही अनुसारको रोजगारी दिनका लागि श्रमिक सहकारीको स्थापना गर्न सकिने बताउनुभयो । त्यसैगरी कृषिमा सहकारीमार्फत यान्त्रिकिकरण, सामुहिक खेती, उपभोक्ता सहकारीको क्षमता बृद्धिमा सहयोग गर्न सकेको खण्डमा अभियानले अहिलेको विषम परिस्थितिमा महत्वपूर्ण योगदान दिने सक्ने औल्याउनुभयो । युएनडीपीका नीति सल्लाहकार धर्म स्वर्णकारले सो अनलाइन छलफलको सहजीकरण गर्नुभएको थियो ।

पहिलो पटक महासंघको बोर्ड बैठक अनलाइनमा बस्यो

राष्ट्रिय सहकारी महासंघको १९० औं संचालक समितिको बैठक भर्चुअल रूपमा बसेको छ । २०७७ जेठ २ गते बसेको सो बैठकमा महासंघका अध्यक्ष मिनराज कँडेलको अध्यक्षतामा बसेको हो । महासंघको इतिहासमा पहिलो पटक अनलाइनमार्फत बोर्ड बैठक बसेको हो । कोभिड-१९को महामारीका कारण देशभरी लकडाउन रहेकाले भौतिक रूपमा उपस्थित भएर बोर्ड बैठक बस्न सम्भव नभएपछि अनलाइन बैठक बसेको हो ।

एक जिल्लाबाट अर्को जिल्ला प्रवेश गर्दा समेत कोभिड-१९को संक्रमण हुने जोखिम बढेका कारण पनि महासंघले भर्चुअल रूपमा बोड बैठक गरेको हो । बैठकले सहकारी संघ संस्थाको वित्तीय कारोबारको जोखिमलाई न्यूनीकरण गर्न विशिष्टकृत सहकारी संघको ढाँचामा कर्जा सूचना केन्द्र र सहकारी बचत तथा कर्जा सुरक्षण कोषको स्थापनाका लागि व्यवस्थापनबाट तयार भएको कार्यविधिलाई संचालक सदस्यहरूको सुझावको आधारमा परिमार्जन गरी मन्त्रालयमा पेश गर्ने निर्णय गरेको थियो ।

सहकारी ऐन अनुरूप स्थापना हुने कर्जा सूचना केन्द्र र सहकारी बचत तथा कर्जा सुरक्षण कोषको स्थापनाको आधार, सदस्यता, पूँजी संरचना, सांगठनिक ढाँचा लगायतका व्यवस्थाहरू मन्त्रालयले स्वीकृत गरेबमोजिम हुने भएकोले महासंघले यस भन्दा अगावै उक्त केन्द्र र कोष स्थापनाका लागि सरोकारवाला निकायहरूसंग छलफल गरी विनियमको मस्यौदा तयार गरेको थियो ।

वैठकले नेपाल सरकारले स्थापना गरेको कोरोना भाइरस रोकथाम, उपचार तथा नियन्त्रण कोषमा योगदान गर्ने निर्णय गरेको छ । त्यसका लागि विभिन्न सहकारी संघ/संस्थाबाट योगदान भइरहेको र महासंघबाट थप गरी नेपाल सरकारको कोषमा सहकारी अभियानको तर्फबाट एकमुष्ठ योगदान गर्ने निर्णय भएको थियो । साथै, बैठकले विश्वभर फैलिएको कोरोना भाइरसको यस विषम परिस्थितिमा सहकारी क्षेत्रमा देखिएका चुनौती र अवसरका विषयमा समेत छलफल गरी त्यसको समाधानका लागि तत्काल पहलकदमी गर्ने निर्णय भएको महासंघका अध्यक्ष मिनराज कँडेलले बताउनुभयो । बैठकले सहकारी अभियानले गरेको योगदानको तथ्यांकलाई वैज्ञानिक रूपमा अभिलेखिकरण गरी सम्बन्धीत निकायहरूमा पेश गर्ने समेत निर्णय गरेको छ ।

लकडाउनको समयमा सदस्य तथा किसानको उत्पादन संकलन गरी बजारीकरण गर्ने कार्यमा सहकारीले उल्लेखनीय योगदान गरेको, स्थानीय, प्रदेश र केन्द्र सरकारको कोरोना नियन्त्रण, उपचार र रोकथाम कोषमा सहयोग गरेको विषयमा समेत छलफल भयो ।

कोभिड-१९ का कारण महासंघले यस आर्थिक बर्षमा आयोजना गर्ने भनेका करीब एक दर्जन बढि कार्यक्रम स्थगित गर्ने निर्णय गरेको छ । बचत तथा ऋणको सन्दर्भ ब्याजदर पुनरावलोकनका लागि समिती महासंघले नेपाल कृषि सहकारी केन्द्रीय संघका अध्यक्ष खेम पाठक र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका अध्यक्ष परितोष पौड्याललाई केन्द्रीय विषयगत संघहरूबाट प्रतिनिधित्व गराउने निर्णयलाई अनुमोदन गरेको थियो । त्यसैगरि बैठकले नेपाल सरकारको आर्थिक बर्ष २०७७/०७८ को आर्थिक विधेयक र नीति तथा कार्यक्रम र बजेटमा पठाएको सुझावको विषयमा समेत छलफल भएको थियो ।

सो भर्चुअल बैठकमा महासंघका अध्यक्ष कँडेल, निर्वतमान अध्यक्ष केशव बडाल, वरिष्ठ उपाध्यक्ष तथा आइसीए ग्लोबल बोर्ड सदस्य ओमदेवी मल्ल, महाप्रबन्धक तथा बोर्डका सदस्यसचिव चित्राकुमारी थाम्सुहाङ सुब्बा भने कार्यालयमा नै उपस्थिति हुनु भएको थियो ।

बजेटमा सहकारी

बजेट निर्माण हुनुअगाडि राष्ट्रिय सहकारी महासंघले संसदको अर्थ समिति, राष्ट्रिय योजना आयोग, अर्थमन्त्री डा.युवराज खतिवडा, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री पद्मा अर्यालगायतलाई बजेटमा समावेश गर्नुपर्ने विषयमा अभियानकोतर्फबाट सुझाव पेश गरेको थियो । २०७७ जेठ १५ गते अर्थमन्त्री युवराज खतिवडाले प्रस्तुत गर्नुभएको आर्थिक बर्ष २०७७/०७८ को बजेटमा सहकारीलाई अघिल्ला बजेटले भन्दा महत्व दिइएका सरोकारवालाहरूले बताएका छन् । महासंघका अध्यक्ष मिनराज कँडेलले महासंघले दिएको सुझावका कतिपय विषयहरू बजेटमा समेटिएको स्वीकारे । 'केही विषय बजेटमा परेका छैनन् । छुटेका विषयमा हामी आगामी दिनमा पनि 'लबिईङ्' गर्दै जान्छौं ।' उहाँले भन्नुभयो । तथापी तीन खम्बे अर्थनीतिलाई बजेटले स्वीकारेको अर्थविद्हरूको धारणा छ ।

पूर्व अर्थ सचिव रामेश्वर खनालले सरकारको नीति तथा कार्यक्रम र बजेटमा सहकारी क्षेत्रले उच्च प्राथमिता पाएको औल्याउनुभएको छ । सहकारीको विकास, प्रवर्द्धन, नियमनमा सदस्यहरू नै सक्रिय हुनुपर्ने भन्दै उहाँले सहकारीकर्मी इन्दिरापन्तले आयोजना गरेको एक छलफल कार्यक्रममा भन्नुभयो 'सहकारी भनेको एउटा राज्य सरह नै हो । सहकारीको नियमन गर्ने संयन्त्र केन्द्रिय संघहरूले गर्नुपर्छ ।' नेपाल राष्ट्र बैंकका निर्देशक डा. रामशरण खरेलले कृषि क्षेत्रमा सहकारीले धेरै काम गर्न सकिने गरी बजेट आएको बताउनुभयो । सहकारीको माध्यमबाट गर्न सकिने काम बजेटमा धेरै रहेको उहाँले उल्लेख गर्नुभयो । राज्यको कृषि, गरिब लक्षित कार्यक्रम सहकारीमार्फत जान सकिने उहाँको बुझाई छ ।

लकडाउन पछि सहकारीबाट अलि बढी बचत फिर्ता हुनसक्ने, उद्योगधन्दा, ब्यापार, ब्यवसाय नचलेकाले ऋणि सदस्यले लिएको ऋणको किस्ता र ब्याज समयमै तिर्न नसक्ने परिस्थिति आउन सक्ने भएकाले अभियानको योगदानमा स्थापना हुने तरलता कोषमा पछि फिर्ता हुनेगरी राज्यले पनि केही रकम राखिदेओस भन्ने सहकारी अभियानले माग गरेको थियो । 'त्यो अहिले आउन सकेन । तरलता ब्यवस्थापन कोष स्थापना गर्न राष्ट्रिय सहकारी बैंकले एक अर्ब र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून)ले एक अर्ब रूपैयाँ छुट्टयाईसकेका छन् ।' अध्यक्ष कँडेलले भन्नुभयो, 'सहकारी संस्थाहरूले विभिन्न बैंक तथा वित्तीय संस्थाहरूमा पैसा राखेका छन् । अब सहकारीको पैसा सहकारीमा नै राख्नुपर्छ । सहकारी संघ/संस्थाहरूले राष्ट्रिय सहकारी बैंक र वित्तीय कारोबार गर्ने विषयगत केन्द्रीय संघहरू र विषयगत जिल्ला संघहरूमा पैसा राख्नुपर्छ । लकडाउन पछि तरलताको अभाव हुने संस्थालाई त्यही पैसा छोटो अवधिका लागि कर्जा उपलब्ध गराएर सहकारीलाई समस्यामा पर्न नदिने वातावरण बनाउनुपर्छ ।'

बजेटमा सहकारीलाई प्राथमिकता दिइएको छ । सहकारीले गर्नुपर्ने पटक पटक छलफल गरिएको कतिपय कार्यक्रम बजेटमा समेटिएको उहाँले बताउनुभयो ।

आर्थिक वर्ष २०७७/७८ को वजेटमा समग्र सहकारी क्षेत्रका लागि समेटिएका वुदाहरू

१. गरिवी निवारण कोषबाट प्रवर्द्धित ६४ जिल्लाका ३२ हजार वढी सामुदायिक संस्थाले परिचालन गरेको १९ अर्व घुम्ती कोषलाई वीउ पूजीका रूपमा प्रयोग गरी स्थानीय स्तरमा आर्थिक गतिविधि संचालन गर्न सहकारी प्रणालीमा रूपान्तरण हुने,

२. कृषि क्रान्तितर्फ उन्मुख हुन कृषि भूमिको अधिकतम उपयोग गर्दै वालीको सम्भावनाको आधारमा सहकारी, सामुदायिक तथा निजी फर्ममार्फत ठूलो परिमाणमा उत्पादन गर्न प्रोत्साहित,

३. कृषि जमिनमा कृषकको पहुच विस्तार गर्न करार खेती, चक्लावन्दी र सामुदायिक सहकारी खेतीलाई प्रोत्साहन, स्थानीय तह सहकारी संघ संस्था एवंम भूमि बैंकमार्फत हुने खेती र सामुहिक खेती गर्ने समूहलाई मात्र शीत भण्डार निर्माणमा अनुदान दिने,

४. उपयोग विहिन सार्वजनिक जग्गा, सडक तथा राजमार्गका किनारा र नदी उकासबाट प्राप्त हुने जमीनमा अभियानका रूपमा फलफूल र अन्य उपयुक्त खेती गर्न निजी, सहकारी र सामुदायिक संघ/संस्थालाई प्रोत्साहन,

५. सहकारी संघ/संस्थामार्फत कपास, रेशम, ऊन र अन्य धागोजन्य उत्पादन एवंम प्रशोधनका लागि अनुदानको व्यवस्था,

६. उत्पादनका साधनहरूको सामुहिकीकरण, स्थानीय स्रोतको परिचालन र आर्थिक, सामाजिक रूपान्तरणबाट सामाजिक न्याय सहितको द्रुत विकास गर्न सहकारी क्षेत्र परिचालन, सहकारी संघ संस्थालाई घरेलु तथा साना उद्यमको प्रवर्द्धन, कृषि उत्पादन, भण्डारण तथा प्रशोधन एवम् गरिवी निवारण सम्वन्धी कार्यक्रममा प्रोत्साहित गरिने, सहकारीका माध्यमबाट कृषि सामग्री, पूजी, प्रविधि र वजारमा कृषकको सहज पहूँच सुनिश्चित,

७. सहकारी क्षेत्रको सिद्धान्त, मूल्य मान्यतासंग तादाम्यता हुने गरी सहकारी अभियानलाई अघि वढाउन संस्थागत क्षमता वृद्धि, स्वनियमन र सुशासन प्रवर्द्धन,

८. सवै प्रकारको उत्पादन, भण्डारण र वितरणसम्मका श्रृखला विकास गर्न र सहकारी पसललाई थोक मूल्यमा आवश्यक वस्तु उपलब्ध गराउन प्रत्येक प्रदेशमा सहकारी संस्थाकै शेयर लगानीमा थोक उपभोक्ता सहकारी स्थापना,

९. गरिव, विपन्न, शैक्षिक वेरोजगार र वैदेशिक रोजगार अवरूद्ध भएका युवालाई सहकारी संस्थामार्फत कर्जा प्राप्त गरी साना तथा घरेलु उद्योग स्थापना गर्न प्रोत्साहन, साना किसान विकास लघु वित्त वितीय संस्थालाई एक हजार सहकारी संस्थामार्फत कर्जा प्रवाह गरी कृषि तथा साना व्यवसाय प्रवर्द्धन गर्न रू ३ अर्व ६० करोड ऋण लगानी गर्ने व्यवस्था,

१०. बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थालाई एक अर्कामा गाभिन तथा नविन प्रविधिको प्रयोग वढाउदै नगदरहित कारोवार गर्न प्रेरित, सहकारी प्रणालीमा जोखिम न्यूनीकरणका लागि सहकारी कर्जा सूचना केन्द्र स्थापना, सहकारी वचत तथा कर्जा सुरक्षण गर्ने व्यवस्था,

११. गाउपालिकामा संचालित सवै किसिमका सहकारीलाई आयकरमा पूर्ण छुट, नगरपालिका उपमहानगरपालिका र महानगरपालिकामा संचालित कर लाग्ने कारोवार गर्ने सवै किसिमका सहकारीलाई क्रमशः पाच प्रतिशत, सात प्रतिशत र दश प्रतिशत आयकर लाग्ने व्यवस्था

आइसीएको साधारण सभा अनलाइनबाटै हुने

अन्तर्राष्ट्रिय सहकारी महासंघ(आइसीए) को ग्लोबल बोर्ड मिटिङ् २०७७ जेठ २८ गते बसेको छ । सो बोर्ड बैठकमा नेपालबाट राष्ट्रिय सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष तथा आईसीए ग्लोबल बोर्ड सदस्य ओमदेवी मल्लले भर्चुअल सहभागीता जनाउनुभएको जानकारी गराउनुभएको छ । बैठकले कोरोना भाइरस (कोभिड-१९)को महामारीका कारण उत्पन्न विषम परिस्थितिले २०२० को आइसीए साधारण सभा पनि सेप्टेम्बरमा भर्चुअल रूपमा नै हुने निर्णय भएको मल्लले जानकारी दिनुभयो । यस अघि सन् २०१९ को १७ अक्टोबरमा रूवान्डाको किगालीमा आइसीएको साधारण सभा र ग्लोबल कन्फरेन्स भएको थियो । त्यतिबेला ९४ देशका १ हजार जनाको सहभागीता थियो । पहिलो पटक आइसीएको साधारण सभा अनलाइनबाटै हुन लागेको र पछिल्लो समय अन्य अन्तर्राष्ट्रिय फोरमहरूको समेत भर्चुअल एसेम्बली भइरहेको छ ।

अघिल्लो महिना मेको अन्तिम साता बसेको बोर्ड बैठकले प्रत्येक महिना अनलाइन मिटिङ बस्ने भएको निर्णय अनुसार जुन महिनाको मिटिङ २८ जेठमा बसेको हो । बैठकले निर्वाचन साधारण सभा मेक्सिकोमा गर्ने निर्णय गरेको छ । यस अघि ब्राजिलमा गर्ने भनिएको थियो । ब्राजिल सरकारले कोभिड-१९को महामारीका कारण हाललाई सो साधारण सभा आयोजनाका लागि सहयोग गर्न सक्ने अवस्था नरहेको जानकारी दिएपछि मेक्सिकोमा सो निर्वाचन साधारण सभा गर्ने निर्णय भएको मल्लले जानकारी दिनुभयो ।

त्यसैगरी सो बोर्ड बैठकले ३३ औं विश्व सहकारी महासम्मेलनका लागि २४ लाख ५८ हजार ८ सय ७८ लाख युरो खर्च हुने बजेट पास गरेको हो । जसअन्तर्गत कोरियाले १० लाख ४१ हजार २ सय ६० युरो खर्च गर्ने भएको छ । २०२१ को मार्चमा हुने विश्व सहकारी महासम्मेलनलाई संकटको समयमा सहकारी अभियानको लचकता, नेतृत्व र एकजुटता प्रदर्शन गर्ने अवसरका रूपमा लिइएको आइसीए ग्लोबल बोर्ड सदस्य ओमदेवी मल्लले बताउनुभयो । दक्षिण कोरियाको सियोलमा मार्चमा हुने वर्ल्ड कोअपरेटिभ कंग्रेस ऐतिहासिक रहेको बताइएको छ । यो अवसरमा आईसीएले १२५ औं बार्षिकोत्व मनाइरहेको छ । यो कंग्रेस २०२० को डिसेम्बरम ागर्ने तयारी गरेको भए पनि कोभिड-१९को महामारीका कारण यसको मिति सरेको हो । बोर्ड बैकले मार्चको पहिलो हप्ता गर्ने कि पछि सार्ने भन्ने विषयमा सेप्टेम्बरको बोर्ड बैठकले निर्णय गर्ने सहमति भएको मल्लले जानकारी गराउनुभयो । सेप्टेम्बरसम्ममा कोभिड-१९को महामारीले कस्तो अवस्था सिर्जना गर्दछ भन्ने विषय स्पष्ट हुने अनुमान गरिएको छ । त्यसैगरी बैठकले वित्तीय प्रतिवेदनमा छलफल गरी पास गरेको छ । खर्चमा होशियारी अपनाउने प्रणालीको विकास गरी डाइरेक्टर जनरलले बजेट ल्याएको मल्लले बताउनुभयो । त्यसैगरी आइसीएको १० बर्षे रणनैतिक योजनालाई आइसीएको वेभसाइडमा राखेर विश्वभरीका अभियानकर्मीहरूबीच शेयर गर्ने सहमति भएको मल्लले जानकारी गराउनुभयो ।

२०२० मा आइसीएका सबै बैठक अनलाइनमार्फत

अन्तर्राष्ट्रिय सहकारी महासंघ(आइसीए) को ग्लोबल बोर्ड मिटिङ सन् २०२० को २५ र २६ मेमा बसेको छ । सो बोर्ड बैठकमा नेपालबाट राष्ट्रिय सहकारी महासंघका वरिष्ठ उपाध्यक्ष तथा आइसीए ग्लोबल बोर्ड सदस्य ओमदेवी मल्लले भर्चुअल सहभागीता जनाउनुभएको थियो । सो बैठकले कोरोना भाइरस(कोभिड-१९)को महामारीका कारण उत्पन्न विषम परिस्थितिका कारण २०२० मा बस्ने आइसीएका सबै बैठक अनलाइनमार्फत मात्र हुने निर्णय गरेको छ । त्यसैगरी बैठकले प्रत्येक महिना अनलाइन बोर्ड बैठक बस्ने समेत निर्णय गरेको महासंघका उपाध्यक्ष तथा आइसीए ग्लोबल बोर्ड सदस्य मल्लले बताउनुभयो । आइसीएको बोर्ड बैठक प्रत्येक तीन/तीन महिनामा बस्ने गर्दछ ।

बैठकले ब्रसेल्समा २०२० को १० र ११ जनवरीमा बसेको बैठकको च्याम्बर सेसनले डाइरेक्टर जर्नरलको म्याद थप नगर्ने विषयमा गरेको निर्णयलाई उल्टाउँदै कोभिड-१९को जटिल परिस्थिति र २०२१ को १ र २ मार्चमा दक्षिण कोरियाको सियोलमा हुने कंग्रेसको तयारीलाई मध्यनजर गरेर डाइरेक्टर जर्नरललाई नयाँ सम्झौता गरेर जिम्मेवारी दिन प्रेसिडेन्टर कमिटीलाई जिम्मेवारी दिएको मल्लले बताउनुभयो ।

सातै प्रदेशमा अन्तक्रिया

'सहकारीको पैसा अभियानकै संजालमा राखौं'

राष्ट्रिय सहकारी महासंघले सातवटै प्रदेशमा आफ्ना सदस्य संघहरूसँग कोभिड-१९ को असर र भावी नीति तथा कार्यक्रमका विषयमा भर्चुअल अन्तक्रिया गरेको छ । महासंघले कोभिड-१९ ले देशभरिका सहकारीहरूमा परेको असरका विषयमा जानकारी लिने र भावी नीति तथा कार्यक्रमका विषयमा योजना बनाउनका लागि सुझाव लिने उद्देश्यले सो अर्न्तक्रिर्या कार्यक्रम आयोजना गरिएको महासंघका अध्यक्ष मिनराज कँडेलले बताउनुभयो । महासंघले जेठ १९ गतेबाट अर्न्तक्रिर्या शुरू गरेको थियो ।

मिति २०७७ जेठ १९ गते राष्ट्रिय सहकारी महासंघले वाग्मती प्रदेशमा रहेका सदस्य संघहरूसँग कोभिड-१९ को असर र भावी नीति तथा कार्यक्रमका विषयमा भएको भर्चुअल अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै महासंघका अध्यक्ष मिनराज कँडेलले सहकारीको पैसा अभियानकै संजालमा राख्नु अनुरोध गर्नुभएको थियो । उहाँले भन्नुभयो,'सबै सहकारीको पैसा अभियानमै राख्दा सहकारीमा आउने चुनौती सामना गर्न सहज हुन्छ । यसले धेरै हदसम्म तरलता व्यवस्थापनमा भरथेग हुन्छ । कतिपय संस्थाहरूमा बचत फिर्ताभन्दा पनि डिपोजिट बृद्धि भएको खबर पनि हामीले पाएका छौं । त्यसैले अभियानको पैसा अभियानमा नै राख्न सकेको खण्डमा यसले महत्वपूर्ण योगदान पुग्छ ।' सहकारीले बैंक तथा अन्य वित्तीय संस्थाबाहेक राष्ट्रिय सहकारी बैंक, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ, विषयगत जिल्लास्तरीय सहकारी संघ, जिल्ला सहकारी संघमा बचत तथा ऋणको कारोबार गर्न सक्छन् । महासंघका अध्यक्ष कँडेलले सहकारीलाई लकडाउनका अवधिभरको हर्जना नलिन, ऋणको किस्ताको लागि म्याद थप गर्न, ब्याज छुट दिनका लागि आवश्यक नीतिको अवलम्बन गर्नका लागि समेत आव्हान गर्नुभएको छ ।

त्यसैगरी अध्यक्ष कँडेलले उत्पादित बस्तुको बजारीकरणका लागि स्थान र पुर्वाधार तयार गर्न राज्यले भूमिका खेल्यो भने सहकारीले ठूलो योगदान गर्न सक्ने बताउनुभयो । महासंघले आफ्ना सदस्य संघहरूको अनुगमन गर्नका लागि केन्द्रीयस्तरका विषयगत संघहरूलाई समेत आग्रह गरेको छ । महासंघले यस अघि नै संचालकले नेतृत्व गरेको संघ/संस्थाको अनुगमन थालिसकेको छ । महासंघका अध्यक्ष कँडेलले निस्कृय संघलाई एकीकरण गर्ने वा अन्य विकल्पका विषयमा सोच्नुपर्ने अवस्था आएको बताउँदै भन्नुभयो,'निस्कृय संघलाई लामो समय यस्तै रूपमा अब राख्नु हुँदैन ।'

महासंघका वरिष्ठ उपाध्यक्ष तथा अन्तर ाष्ट्रिय सहकारी महासंघका ग्लोबल बोर्ड सदस्य ओमदेवी मल्लले बजेट निर्माण उपसमितिको संयोजकको समेत हैसियतले छलफलमा उठेको विषयलाई महासंघको कार्यक्रम तथा बजेटमा सम्बोधन गर्न पहल गर्ने बताउनुभयो । उहाँले सहकारीले लकडाउनको समयमा राम्रो सेवा दिएका कारण राम्रो सन्देश समेत गएको र सहकारीका कारण मुल्य नियन्त्रण रहेको बताउनुभयो । उहाँले सहकारी क्षेत्रमा दिइने तालिमको विषयमा अभियान बसेर निस्कर्ष निकाल्नुपर्ने बताउनुभयो । महासंघका उपाध्यक्ष रमेश पोखरेलले लकडाउनका समयमा स्थानीय किसानका उत्पादनलाई बजारसम्म पुर्‍याउनका लागि अभियानले भूमिका खेलेको र यसलाई निरन्तरता दिने विषयमा बृहत छलफल गर्नुपर्ने बताउनुभयो ।

सो छलफलामा बागमती प्रदेशका १३ जिल्लामध्ये ९ जिल्लाका जिल्ला संघ तथा विषयगत जिल्ला संघका अध्यक्ष तथा प्रतिनिधिहरू र महासंघका संचालक खेम पाठक, केवी उप्रेती, नारायण देवकोटासहित वाग्मती प्रदेशका संचालकहरू डिवी बस्नेत, टेकप्रसाद चौलागाई, राजेन्द्र पौडेल र लेखा तथा सुपरिवेक्षण समितिका सदस्य बालकुमारी श्रेष्ठको सहभागीता रहेको थियो । त्यसैगरी यस प्रदेशमा रहेका विषयगत केन्द्रीय सहकारी संघ तथा राष्ट्रिय सहकारी बैंकको समेत सहभागीता रहेको महासंघका महाप्रबन्धक चित्राकुमारी थाम्सुहाङ सुब्बाले बताउनुभयो ।

छलफलमा सहभागीहरूले कृषि उत्पादनको व्यवस्थापन र मल बिउको अभाव हुन नदिनका लागि आवश्यक पैरवी गर्न अनुरोध समेत गरेका थिए । महासंघले यस विषयमा तत्काल सरकारको ध्यानआकर्षण गराउने र समानुपातिक वितरणका लागि लविङ्ग गर्ने भएको छ । सबै प्रदेशमा महासंघले प्रदेशस्तरको नीति, कार्यक्रम र बजेटमा समावेश गर्नुपर्ने सुझाव दिइसकेको छ । अध्यक्ष कँडेलको नेतृत्वमा बाग्मती प्रदेशमा भने भौतिक रूपमा नै पुगेर सो सुझाव प्रदेश सरकारलाई बुझाइएको थियो । महासंघले सो छलफलमा स्थानीय तहमा सहकारीको विषयमा लविङ्ग गर्नका लागि जिल्ला सहकारी संघ तथा विषयगत जिल्ला सहकारी संघहरूलाई आग्रह गरेको छ । 'विगतमा स्थानीय सरकारको सहकारीको विषयमा प्रर्याप्त ध्यान गएन भन्ने गुनासो आएकाछन् । यसका लागि जिल्ला संघहरूको नेतृत्वमा स्थानीय सरकारसँग लविङ गर्नका लागि समेत निर्देशन दिएका छौं,' महासंघका अध्यक्ष कँडेलले भन्नुभयो । महासंघले संचालन गर्ने तालिमको विषयमा समेत छलफल भएको थियो । सो विषयमा महासंड्ले विशिष्टकृत तालिम नियमित रूपमा संचालन गर्ने र कतिपय तालिममा जिल्लास्तरीय संघहरूसँग समन्वय गरेर समेत संचालन गर्ने र डुब्लीकेशन हुन नदिनका लागि सहमति र समन्वय गर्ने छलफलले निस्कर्ष निकालेको थियो ।

आर्थिक बर्ष २०७७/०७८ को बजेटमा सहकारी अभियानका सबै विषय समेट्न नसकिएपछि सहकारीलाई बजेटले एउटा

अर्थतन्त्रको एक खम्बाका रूपमा स्वीकार गरेको महासंघका अध्यक्ष कँडेलले बताउनुभयो । उहाँले उक्त विषयमा कार्यक्रम तथा कार्ययोजना बनाएर निरन्तर घचघचाइरहनुपर्ने समेत बताउनु भयो ।

'स्थानीय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरौं'

प्रदेश नं. १ मा रहेका सदस्य संघहरूसँग कोभिड-१९ को असर र भावी नीति तथा कार्यक्रमका विषयमा मिति २०७७ जेठ २२ गते भर्चुअल अन्तर्क्रिया भयो । सो कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष कँडेलले जिल्ला संघहरूको नेतृत्वमा स्थानीय र प्रदेश सरकारसँग सहयोग, सहन्वय र सहकार्य गर्न आग्रह गर्नुभएको हो । 'स्थानीय उत्पादनको प्रशोधन, भण्डारण र बजारीकरणका लागि स्थानीय सरकारसँग मिलेर सहकारी संघ/संस्थाले काम गर्नुपर्छ । कतिपय पालिका र प्रदेशमा काम शुरू भइसकेको छ । यसलाई प्रभावकारी रूपमा लैजानका लागि प्रदेश र पालिकामा बन्ने नीति,कार्यक्रम तथा बजेटमा सहकारीलाई प्राथमिकता दिन लविङ गर्नुपर्छ, त्यसमा जिल्ला संघहरूको महत्वपूर्ण भूमिका रहन्छ,' उहाँले भन्नुभयो ।

उहाँले तरलता व्यवस्थापनका लागि समेत प्रदेश र स्थानीय सरकारसँग लविङ गर्नुपर्ने धारणा राख्दै सहकारीको पुँजी अभियानकै नेटवर्कमा राख्नका लागि समेत अनुरोध गर्नुभयो । अध्यक्ष कँडेलले सहकारी अभियान सरकारको प्रतिस्पर्धी नभएर परिपुरक रहेकाले सबै तहका सरकारसँग समन्वय र सहकार्य गर्न आग्रह गर्नुभयो । छलफलमा अध्यक्ष कँडेलले जिल्लास्तरीय संघहरूले समेत आफ्ना मातहतका संघ तथा संस्थाहरूको नियमित अनुमगन गरी संस्थागत सुशासनलाई बलियो बनाउनु पर्ने बताउनुभयो । उहाँले एकीकरण र स्वनियममा समेत जोड दिनुभएको छ ।

सो छलफलमा प्रदेश नं. १ का सहकारी संघ/संस्थाले स्थानीय र प्रदेश सरकारलाई गरी करिब ५ करोड रूपैयाँ बराबरको सहयोग गरिसकेका छन् । महासंघका निवर्तमान अध्यक्ष केशव बडालले सहकारी संघ/संस्थाले स्थानीय तहसँग सघन सहकार्य गरेर अघि बढ्नुपर्ने बताउँदै झापा र मोरङ जिल्लाले उदाहरीण काम गरेको समेत बताउनुभयो । प्रदेश १मा १३७ पालिका छन् । सो भर्चुअल छलफलमा १४ जिल्लाका ५६ जनाको सहभागिता थियो ।

महासंघका वरिष्ठ उपाध्यक्ष ओमदेवी मल्लले सहकारी-सहकारीबीचको व्यवसायलाई प्रवर्द्धन गर्नुपर्ने विषय महत्वपूर्ण रहेको बताउँदै तरलता व्यवस्थापनका लागि जिल्ला सहकारी संघहरूको नेतृत्वमा जिल्ला तहमा भूमिका खेल्नुपर्ने बताउनुभयो । उहाँले बिउ मलको अभाव, बजारीकरणको व्यवस्थापन लगायत महासंघका लागि आएका सुझावहरूलाई प्राथमिकतामा राखेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

महासंघका उपाध्यक्ष रमेश पोखरेलले मोरङमा १८ करोड लगानीमा बनेको भौतिक पुर्वाधारलाई प्रदेश सरकारद्वारा जिल्ला सहकारी संघलाई तरकारी तथा फलफुलको बजारीकरणका लागि प्रयोग गर्न दिएपछि नमुनाका रूपमा काम संचालन भएको र यसबाट प्रदेश सरकारलाई सहकारीले महत्वपूर्ण कार्य गर्न सक्छ भन्ने विश्वास दिलाउन सफल भएको बताउनुभयो । महासंघका संचालक गणेश ढकालले झापामा सहकारीबाट छुट्टै पीसीआर बनाउनका लागि सहकारीका नेतृत्वमा कार्य भइरहेको समेत जानकारी दिनुभयो । उहाँले सरकार, निजी र सहकारीबीचको साझेदारीमा उद्योग संचालन गर्नुपर्ने धारणा राख्नुभयो । महासंघका संचालक शिव डाँगी, लेखा सुपरिवेक्षण समितिका सदस्य सोम श्रेष्ठले समेत सहकारी एकीकरणमा प्रोत्साहन गर्नुपर्ने धारणा राख्नुभएको थियो । सो भर्चुअल बैठकको सहजीकरण महासंघका नायव महाप्रबन्धक बाबुल खनालले गर्नुभएको थियो ।

सहभागीहरूले उत्पादनका लागि बजारीकरण गर्ने, मल विउ सहज उपलब्ध गराउनका लागि सहजीकरण गरिदिनुपर्ने, सहकारीको तरलता व्यवस्थापन गर्नुपर्ने लगायतका सुझाव दिएका थिए । प्रदेश १का सहकारीहरूले कोभिड-१९को महामारीमा यसको रोकथाम, नियन्त्रणका लागि महत्वपूर्ण योगदान गर्दै आएका छन् ।

प्रदेश नं. ५ का सहकारी संघहरूसँग छलफल

प्रदेश नं. ५ मा रहेका सदस्य संघहरूसँग कोभिड-१९ को असर र भावी नीति तथा कार्यक्रमका विषयमा मिति २०७७ जेठ २७ गते भर्चुअल अन्तर्क्रिया भएको थियो । सो अन्तर्क्रियामा प्रदेश नं. ५ का सहकारी संघ/संस्थाले किसानको उत्पादनलाई बजारसम्म पुऱ्याउनका लागि कृषि एम्बुलेन्सहरू संचालन गरेको जानकारी गराइएको थियो । जसका कारण किसानका उत्पादन खेतबारीमा कुहिने अवस्थाको अन्त्य गर्न सफल भएको सहभागीहरूले बताए । प्रदेश ५ का १२ जिल्लामा४ उपमहानगरपालिका, २२ नगरपालिका र ८३ गाउँपालिका गरी १०९ को पालिकाहरूमा गरी सहकारीहरूले ३४ वटा कृषि एम्बुलेन्स संचालन गरी कृषि उत्पादन तथा दुग्ध उत्पादन विक्रि वितरण गरिएको थियो । साथै तरकारीलाई ग्रेडिङ गरेर प्याकेजिङ लकडाउनका समयमा सहकारीमार्फत गरिएको र सहज र सुलभ मुल्यमा विक्री गरिएको सहभागीहरूले जानकारी गराउनुभएको थियो ।

कोरोना भाइरस (कोभिड-१९)को संक्रमण रोकथाम, उपचार तथा नियन्त्रणका लागि यस प्रदेशका सहकारी संघ/संस्थाले यहाँका स्थानीय तह तथा प्रदेश सरकारलाई आर्थिक सहयोग समेत गरेका छन् । स्थानीय तथा प्रदेश सरकारले संचालन गरेका क्वारेन्टाइनमा समेत खाद्यान्न उपलब्ध गराउन सहकारीले भूमिका खेलेको बताइएको छ ।

प्रदेश ५का सहकारीहरूले विशिष्टकृत कृषि व्यापार सहकारी संघ स्थापना गरेर सहकारी-सहकारीबीचको व्यवसाय संचालन गर्ने समेत योजना बनाएका छन् । बर्दघाटदेखि कर्णालीसम्म सहकारीमार्फत ६ वटा रिफ्रेस

सेन्टर स्थापना गर्ने र त्यहाँ सहकारीका उत्पादन विक्री गर्ने कोसेली घरहरू समेत राखेर पर्यटन क्षेत्रको प्रवर्द्धनमा समेत भूमिका खेल्ने गरी योजना तर्जुमा भइरहको जानकारी समेत गराइएको छ । त्यसैगरी विशिष्टकृत संघमार्फत नै राइस, तेल मिल संचालन गर्ने, अटो रिक्सा श्रमिकहरूको सहकारी संस्था गठन गर्ने विषयमा समेत प्रदेश ५ का सहकारी अभियान्ताहरूले कार्य गरिरहेको जानकारी गराइएको थियो । महासंघले संघहरूको प्रवर्द्धनमा भूमिका खेल्नुपर्ने विषयमा समेत सहभागीहरूले सुझाव दिएका थिए । महासंघका अध्यक्ष मिनराज कँडेलको अध्यक्षतामा भएको सो कार्यक्रममा महासंघका निर्वतमान अध्यक्ष केशव बडाल, बरिष्ठ उपाध्यक्ष तथा ग्लोबल बोर्ड सदस्य ओमदेवी मल्ल, उपाध्यक्ष रमेश पोखरेल र संचालकहरूले प्रदेश नं. ५ कोभिड-१९बाट बढी प्रभावित भएको भए पनि यहाँका सहकारी संघ/संस्थाले महत्वपूर्ण योगदान गरेर सहकारी अभियानको शक्तिको पहिचान गराउन सफल भएको धारणा राख्नुभएको थियो ।

सुदुरपश्चिम र गण्डकी प्रदेशका संघहरूसँग अन्तक्रिया

२०७७ असार २ गते महासंघले सुदुरपश्चिम र गण्डकी प्रदेशका आफ्ना सदस्य संघहरूसँग अन्तक्रृया गरेको छ । सो अर्न्तक्रयामा सहभागी सदस्य संघका अध्यक्ष तथा प्रतिनिधिहरूले प्रदेशहरूले सार्वजनिक गरेको बजेटमा सहकारीलाई अघिल्ला बर्षहरूको तुलनामा सकारात्मक रूपमा लिएको बताएका थिए । सहभागीहरूले बजेटलाई कार्यान्वयन गर्न सकेको खण्डमा सहकारीलाई हेर्ने दृष्टिकोणमा नै परिवर्तन हुने बताइएको छ ।

सुदुरपश्चिम प्रदेशमा भारतमा रोजगारी गर्न गएर फर्कनेहरूको संख्या ठूलो भएकाले उनीहरूलाई स्वदेशमा नै पसिना बगाउने अवसर सिर्जना गराउनका लागि सहकारी खेती, सामूहिक खेतीलगायतका रोजगारीमुलुक कार्यक्रमहरू ल्याउनुपर्ने धारणा समेत व्यक्त भएका थिए । दुवै प्रदेशका सहभागीहरूले कोभिड-१९को संक्रमण न्युनिकरण गर्ने उद्देश्यले लकडाउन समयमा स्थानीय, प्रदेश सरकारलाई आर्थिक तथा भौतिक सहयोग गरेको जानकारी गराएका थिए । क्वारेन्टाइन स्थापना गर्नदेखि खाद्यान्न, जनचेतना अभिबृद्धि गर्ने कार्यहरूसमेत गरेको जानकारी गराएका थिए । कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कँडेलले प्रदेश बजेटलाई सक्दो सदुपयोग गर्ने गरी सहकारी संघहरूले सक्रियता बढाउनुपर्ने धारणा राख्नुभयो ।

उहाँले अब स्थानीय तहसँग लविङ गर्ने, स्थानीय नीति कार्यक्रम तथा बजेटमा सहकारीलाई प्राथमिकतामा राख्नका लागि भूमिका खेल्नुपर्ने बताउनुभयो । कार्यक्रममा महासंघका निवर्तमान अध्यक्ष केशव बडालले ठूलो रूपमा फलफुल, तरकारी तथा खाद्यन्न खेती गर्नुपर्ने, सहकारीले उत्पादनमा जोडिनुपर्ने र स्थानीय तहसँग समन्वय गर्नुपर्ने धारणा राख्नुभएको थियो । महासंघका वरिष्ठ उपाध्यक्ष तथा आइसीए ग्लोबल बोर्ड सदस्य ओमदेवी मल्लले जिल्लास्तरीय संघहरू बलियो भएको खण्डमा सहकारी अभियान बलियो हुने भएकाले संघहरू सक्रिय हुनुपर्ने बताउनुभयो । उहाँले तरलता व्यवस्थापनका लागि जिल्ला सहकारी संघहरूले भूमिका खेल्नुपर्ने धारणा समेत राख्नुभएको थियो । महासंघका उपाध्यक्ष रमेश पोखरेलले प्रदेश १ मा विशिष्टकृत सहकारी संघ स्थापना गरि धुलो दुध कारखाना स्थापना गर्ने कार्य अन्तिम चरणमा पुगेको बताउँदै प्रदेश १ को बजेट सहकारीमैत्री रहेको बताउनुभयो ।

महासंघका लेखा समिति संयोजक धर्मदत्त देवकोटाले स्थानीय तहमा देखिएका समस्या समाधानका लागि तथा सहकारीमा सुशासन र स्वनियमको सिद्धान्तलाई बलियो बनाउन जिल्लास्तरीय सहकारी संघहरूले भूमिका खेल्नुपर्ने बताउनुभएको थियो ।

कार्यक्रममा सुदुरपश्चिम प्रदेशबाट प्रतिनिधित्व गर्नुहुने महासंघका संचालक तथा प्रदेश सभा सदस्य तारा लामा तामाङ, संचालक पद्मा गुरूङ र गण्डकी प्रदेशबाट प्रतिनिधित्व गर्नुहुने महासंघका संचालक हुमाकुमारी अञ्जु जिसीले आफ्नो प्रदेशमा भएका गतिविधिको विषयमा प्रकाश पार्नुभएको थियो ।

सो भर्चुअल छलफलमा महासंघका संचालक तथा नेपाल कृषि सहकारी केन्द्रीय संघका अध्यक्ष खेम पाठक, संचालक तथा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष केवी उप्रेती, संचालक डिवि बस्नेत, नारायण देवकोटा, टेकप्रसाद चौलागाई, राजेन्द्र पौडेल, रामबाबु यादवलगायतको सहभागीता थियो । साथै सो कार्यक्रममा ती प्रदेशहरूबाट राष्ट्रिय सहकारी विकास बोर्डमा प्रतिनिधित्व गर्ने, राष्ट्रिय सहकारी महासंघ, नेफ्स्कून तथा केन्द्रीय संघहरूमा प्रतिनिधित्व गर्ने सहकारीकर्मीहरूको समेत सहभागीता थियो ।

यसका साथै महासंघले ७ वटै प्रदेशमा भर्चुअल छलफल सम्पन्न गरेको छ । यसबाट महासंघले आगामी आर्थिक बर्षका लागि तयार गर्न लागेको बजेट तथा कार्यक्रमका लागि यो भर्चुअल छलफलले मद्दत पुगेको वरिष्ठ उपाध्यक्ष मल्लले बताउनुभएको छ ।

प्रदेश २ र कर्णाली प्रदेशका संघहरूसँग अन्तक्रिया

प्रदेश २ र कर्णाली प्रदेशका सदस्य संघहरूसँग २०७७ जेठ ३२ गते भर्चुअल अन्तक्रिया सम्पन्न भयो । किसानले समयमा मल विउविजनको अभाव भोगिरहेको सहभागीहरूले जानकारी गराएका थिए । उनीहरूले सहकारीमा तरलताको व्यवस्थापनका लागि केन्द्रीय संघ तथा महासंघले नीति तय गर्नुपर्ने धारणा राखेका थिए । साथै बेरोजगारी समस्या सम्बोधन गर्नका

लागि बाँझो जग्गा उपयोग गर्ने, सहकारी खेती संचालन गर्ने विषयमा मार्गनिर्देशन गर्नुपर्ने धारणा समेत राखेका थिए । उत्पादन, भण्डारण र बजारीकरणका लागि सहकारीको संजाललाई उपयोगी बनाउनका लागि जिल्ला संघहरूलाई सक्रिय बनाउनुपर्ने छलफलको निस्कर्ष थियो । महासंघका अध्यक्ष मिनराज कँडेलको अध्यक्षतामा भएको सो भर्चुअल अन्तक्रियामा महासंघका निवर्तमान अध्यक्ष केशव बडाल, महासंघका वरिष्ठ उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय सहकारी महासंघका ग्लोबल बोर्ड सदस्य ओमदेवी मल्ल, उपाध्यक्ष रमेश पोखरेल, प्रदेश २बाट महासंघमा प्रतिनिधित्व गर्ने संचालक लक्ष्मण यादव र रामबाबु यादव, कर्णाली प्रदेशबाट महासंघमा प्रतिनिधित्व गर्ने संचालक टिका बुढाथोकी, संचालक डिवी बस्नेत, राजेन्द्र पौडेललगायतको उपस्थिति थियो । साथै राष्ट्रिय सहकारी विकास बोर्डका संचालक, राष्ट्रिय सहकारी बैंक तथा नेफ्स्कुनका संचालकहरूसहित प्रदेश२ र कर्णाली प्रदेशका जिल्लास्तरीय सहकारी संघका अध्यक्ष तथा प्रतिनिधिहरूले सो भर्चुअल छलफलमा आफ्नो धारणा राख्नुभएको थियो । सो अन्तक्रृया कार्यक्रमको सहजीकरण महासंघका नायव महाप्रबन्धक बाबुल खनालले गर्नुभएको थियो ।

किसानको सहयोगी बनेको मोरङ जिल्ला संघ

मोरङ्ग कटहरीका श्यामानन्द महत्तोले ४ बिघा जग्गामा बिभिन्न जातका तरकारीहरू लगाउने गरेको ४ बर्ष भयो । उनको बारीमा बाह्रै महिना केही न केही फसलहरू फलिरहेकै हुन्छन् । आफ्नो किराना पसलको ब्यवसाय छोडेर उनी कृषि पेशामा आएका हुन । "मनग्गे आम्दानी नभए पनि गुजरा चलिरहेकै थियो, निराशा हुनु पर्ने स्थिति थिएन, तर लकडाउनका कारण म त बर्बादै भए," श्यामलाल भन्छन् ।

श्यामलाल त एउटा प्रतिनिधि पात्र मात्र हुन् । उनी जस्ता सयौं किसानहरू लकडाउनका कारण बर्बाद हुने अवस्थामा पुगेका छन् । खेतमा फलेका फसलहरू त्यसै सडिरहे पनि टिपेर लग्ने ठाँउ थिएन, खरिद गर्ने मान्छे थिएनन्, आँखाका अगाडि लाखौंको उत्पादन कुहिएर खेर गईरहेको थियो । पुर्पुरोमा हात लगाएर टुलुटुलु हेर्नुको विकल्प उनीहरूसंग थिएन ।

यस्तो दर्दनाकपूर्ण अवस्थामा जिल्ला सहकारी संघ लि. मोरङ्ग उनीहरूको सहयोगी बन्न पुग्यो । प्रदेश नं. १ को भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको समन्वयमा संघले किसानहरूको उत्पादनको ब्यवस्थापन गर्ने जिम्मा लियो । संघीय सरकारले निर्माण गरेर प्रदेश सरकारलाई हस्तान्तरण गरेको कटहरी तरकारी तथा फलफुल थोक बजारवाट कामको शुरूवात गरियो ।

"लकडाउनको समयमा नेपाली किसानहरूको उत्पादनले बजार नपाएर खेतमै कुहिरहेको थियो । तर करोडौंको भारतीय तरकारी निर्वाध बजारमा आईरहेको थियो । यस्तो बिडम्वनापूर्ण स्थितिलाई रोक्न हामीले प्रयत्न गऱ्यौं ।" जिल्ला सहकारी संघ मोरङ्गका सल्लाहकार समेत रहनु भएका राष्ट्रिय सहकारी महासंघका उपाध्यक्ष रमेश प्रसाद पोखरेल बताउनु हुन्छ । उहां भन्नु हुन्छ, "सहकारी अभियानले केही हदसम्म भए पनि किसानहरूलाई राहत दिएको छ, अब यसलाई थप ब्यवस्थित गर्दै दीर्घकालसम्म अगाडी बढाउनु पर्दछ ।"



"मोरङ्गका प्राय सबै सहकारी संघ/संस्थाले कोरोनाको यो बिषम् परिस्थितीमा केही न केही सहयोग गरे । जनचेतना अभिबृद्धि देखि लिएर नगद र जिन्सी समेत लाखौंको सहयोग भयो । आपत बिपतका बेला सहकारी जनताको भरपर्दो माध्यम बन्न सक्दछ भन्ने कुरा हामीले प्रमाणित गऱ्यौं ।" जिल्ला सहकारी संघ लि. मोरङ्गका अध्यक्ष डिल्ली पोखरेल बताउनु हुन्छ । तर नगद र जिन्सी सहयोग भन्दा तरकारीको ब्यवस्थापन सबैभन्दा बढी प्रभावकारी रहन गयो । बैशाख शुरू देखि नै प्रारम्भ भएको यो काम अहिले सम्म चलिरहेको छ । हामी विशिष्टिकृत सहकारी संघ मार्फत यसलाई ब्यवसायीक रूपले अगाडी बढाउने योजनामा छौं, पोखरेल भन्नु हुन्छ ।

संघले ब्यवस्थापन गरेको बजारवाट करीब १ हजार मेट्रिक टन टमाटर र करीब ८०० मेट्रिक टन त हरियो सागसब्जी मात्र २ महिनामा बिक्री गरियो । खुद्रा र थोक बिक्रीका अतिरिक्त केही उद्योगहरूमा समेत सामान पठाईयो । टमाटर र हरियो सागसब्जी मात्र होईन, बन्दाकोवि, फूलकोवि, मुला, काक्रा, भिन्डी, लौका, घिरौला, तरबुजा, मेवा, कागती, लिची, आँप लगायत किसानका सबै उत्पादनलाई बजारमा पुऱ्याईयो । यसवाट उत्पादक किसानलाई त राहत पुग्यो नै उपभोक्ताले समेत ताजा तरकारी-फलफुल सुपथ मुल्यमा पाए । बजार ब्यवस्थापनका संयोजक एवम् जिल्ला सहकारी संघ लि. मोरङ्गका सह सचिव देवेन्द्र पौडेल बताउनु हुन्छ ।

किसानका खेतवारीमा जाने, बस्तु संकलन गर्ने, त्यसलाई भण्डारण गर्ने र उपभोक्ता सम्म पुऱ्याउने कामका लागि ७ वटा ढुवानीका साधनहरू प्रयोग गरिएको छ । हामीले मोरङ्गका उत्पादन मात्र होईन छिमेकी जिल्लाहरू सुनसरी, झापा, ईलाम, धनकुटा सम्मका किसानका उत्पादनहरूको ब्यवस्थापन गऱ्यौं । त्यसैगरी संकलित बस्तुलाई निजगढ, पोखरा, लालवन्दी, जनकपुरदेखि काठमांडौसम्म पुऱ्याऔं । बजार ब्यवस्थापन समितिका सदस्य रतनलाल सिंह बताउनु हुन्छ ।

मोरङ्ग जिल्लामा भएको यो कामको सबैतिरबाट प्रंशसा पाएको छ । "महामारीको यो बिषम परिस्थतीमा पनि आफ्नो ज्यानको प्रवाह नगरी सहकारी अभियान जनहितका काममा लाग्दछ, भन्ने कुरा हामीले प्रमाणित गर्यौ । अहिले प्रदेश सरकार देखि लिएर सबै मानिसले हामीलाई धन्यवाद दिईरहेका छन् ।" बजार ब्यवस्थापन समितिका सचिव एवम् जिल्ला सहकारी संघ लि मोरङ्गका कोषाध्यक्ष राकेश दाहाल बताउनु हुन्छ ।

अहिले सहकारी ऐन २०७४ को प्रावधान बमोजिम तरकारी तथा फलफुल बजारीकरण सम्वनिध बिशिष्टिकृत सहकारी संघ खोल्ने तयारी गरिएको छ । १ नं. प्रदेशका सबै जिल्लालाई समेटेर ब्यवसायीक कार्य गर्ने गरि बिशिष्टिकृत संघ खोल्न जिल्ला सहकारी संघ लि. मोरङ्गले समन्वय गरेको हो । यसका लागि आवश्यक सम्पूर्ण तयारी पूरा भएको र चाढै नै बिशिष्टिकृत सहकारी संघ दर्ता गरिने कुरा अध्यक्ष पोखरेलले बताउनु भयो ।

सहकारी बैंकले बाँड्यो संरक्षित पूँजी फिर्ता कोष

एउटै सहकारीले पायो १६ लाख ६१ हजार

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)

राष्ट्रिय सहकारी बैंक लि.ले सहकारी ऐन २०७४ तथा नियमावली २०७५ को प्रावधान अनुरूप आर्थिक वर्ष २०७५/०७६ को संरक्षित पूँजी फिर्ता कोषबाट सदस्यहरूले पाउने रकमको बाँडफाँड गरेको छ ।

संरक्षित पूँजी फिर्ता कोषबाट प्राप्त हुने रकम बैंकमा नियमित कारोबार गर्ने सदस्य संघ/संस्थाहरूको खातामा जम्मा गर्ने व्यवस्था मिलाएको बैंकका अध्यक्ष तथा राष्ट्रिय सहकारी महासंघका संचालक केवी उप्रेतीले बताउनुभयो । उहाँले भन्नुभयो,'कोभिड–१९को संक्रमण रोकथाम, नियन्त्रणका लागि २०७६ चैत ११ गतेदेखि देश लकडाउनमा छ । लकडाउनका कारण सहकारीहरूको बचत र ऋणको कारोबारमा अप्ठ्यारोमा परेकाले तरलता व्यवस्थापनमा समेत असहज हुन सक्ने देखेर संघ/संस्थालाई यो अवस्थामा केहि राहत होस् भनेर बैंकले संरक्षित पुँजी फिर्ता कोषको बाँडफाँड गरिहाल्यो ।'

बैंकले अघिल्लो बर्ष पनि संरक्षित पूँजी फिर्ता कोषको रकम बाँडफाड गरेको थियो । सदस्य संघ/सस्थाले जम्मा गरेको बचत रकमको लागि ४० प्रतिशत र कर्जामा तिरेको ब्याजको लागि ६० प्रतिशत भारको आधारमा संरक्षित पूँजी फिर्ता कोषको रकम बाँडफाँड गरेको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्री गुरागाईले जानकारी दिनुभयो । यसले लकडाउनको समयमा सहकारीलाई तरलताको समस्याका लागि राहत मिल्ने देखिन्छ ।

बचत र कर्जा कारोबार गर्ने ११ हजार १ सय २५ सहकारी संघ/संस्थाहरू संरक्षित पूँजी फिर्ता कोषबाट लाभान्वित भएका छन् । बचत र कर्जामा उच्च कारोबार गरी योगदान गरेवापत सबैभन्दा बढी रकम फिर्ता पाउने सदस्यले बचततर्फ १६ लाख ६१ हजारसम्म र कर्जातर्फ १० लाख ३२ हजार रूपैयाँसम्म प्राप्त गर्न सफल भएको गुरागाईले बताउनुभयो । ५० हजार भन्दा बढी संरक्षित पूँजी फिर्ता कोष रकम प्राप्त गर्ने सहकारी संघ/संस्था ३ सय ९८ रहेका छन् । राष्ट्रिय सहकारी बैंक नेपालभरि रहेका ३४ हजार भन्दा बढी सहकारीहरूको एउटै मात्र बैंक हो । यसको ४५ वटा शाखा कार्यालय रहेका छन् । लकडाउनका समयमा बैंकले नियमित कार्यालय संचालन गरेर सहकारी संघ/संस्थालाई सहज बनाइदिएको छ भने अनलाइनमार्फत नियमित तालिम समेत संचालन गरिरहेको छ ।

बैंकले सुरक्षित पूँजी फिर्ता कोषको रकम बाँडफाड गरेर सहज बनाइदिएको जिल्ला सहकारी संघ लि. काभ्रेका संचालक राजन शाक्यले बताउनुभयो । 'सहकारीहरूको पैसा सहकारी अभियानकै नेटवर्कमा राख्नुपर्छ भनेर यस कारण भनिएको हो । शेयरवापत लाभांश पाइन्छ, ब्याज पनि अन्य बैंक तथा वित्तीय संस्थाहरूमा भन्दा बढि पाइन्छ र कारोबारको आधारमा सुरक्षित पुँजी फिर्ता कोषका रकम समेत पाइन्छ ।' शाक्यले भन्नुभयो ।

पछिल्लो समय अभियानको पैसा अभियानमा नै राख्नका लागि राष्ट्रिय सहकारी महासंघले समेत सहकारी संघ/संस्थालाई अनुरोध समेत गर्दै आएको छ । सहकारी संघ/संस्थालाई ऋण उपलब्ध गराउने देशभरिएको एउटा मात्र बैंक भनेको राष्ट्रिय सहकारी बैंक हो । 'सहकारीलाई तलरता व्यवस्थापन गर्न, सदस्यलाई ऋण प्रदान गर्नका लागि पनि हामीले सहकारी बैंकबाट ऋण पाउन सक्ने भएकाले कारोबार अभियानको संजालमा नै गर्नुपर्छ,' राष्ट्रिय सहकारी बैंकका सिइओ सिए बद्री गुरागाईले बताउनुभयो, 'बैंकले बचत तथा ऋणको मात्र कारोबार गर्दैन यसले सदस्य संघ/संस्थालाई आवश्यक तालिम, अभिमुखिकरण गर्नेदेखि अनुभव आदान प्रदानका कार्यक्रमसमेत गर्दै आएको छ ।'

कोभिड–१९को संक्रमण रोकथामका लागि भएको लकडाउनको समयमा समेत सहकारी बैंकले सबै शाखाबाट कारोबार सुचारू गरेको बैंकले जनाएको छ । 'लकडाउनको समयमा समेत हामीले बैंकका शाखाहरू आशिंक रूपमा संचालन गरिनै रहयौं । जसले गर्दा सदस्यहरूलाई सहज भएको थियो । बचत तथा ऋणको कारोबार रोकिएको छैन ।

सदस्यलाई आवश्यक पर्दा सबै सेवा प्रदान गरिरहेका छौं,' बैंकका अध्यक्ष केवी उप्रेतीले बताउनुभयो । बैंकले नियमित भर्चुअल तालिमहरू समेत संचालन गरिरहेको बैंकका तालिम उपसमितिका संयोजक सरिता तिमिल्सिना भट्टराईले बताउनुभयो । 'कतिपयले व्यस्तताका कारण महत्वपूर्ण विषयका तालिममा सहभागी हुन चाहँदा चाहँदै पनि सहभागी हुन सक्नु भएको थिएन । पछिल्लो सयममा घरबाटै भर्चुअल रूपमा लकडाउनको समयमा तालिम प्राप्त गर्न पाउनुभएको छ,' भट्टराईले बताउनुभयो ।

बैंकले सहकारीमा तरलता व्यवस्थापन, ब्यालेन्ससिट पछाडिको सहकारी, सामाजिक प्रदर्शन र उत्तरदायित्व, साइबर सेक्युरिट र सहकारीका लागि उपाय, सहकारी क्षेत्रमा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी तालिम, कोरोना महामारीमा सहकारी व्यवस्थापनमा हाम्रो जिम्मेवारी, सहकारी क्षेत्रको कर व्यवस्था, व्यवहारिक पद्धति र तरीका, अनलाइन एक्सल तालिम, कोरोना सन्त्रास : तनाव व्यवस्थापन र सहकारी संचालनलगायतको अनलाइन तालिम संचालन गरेको थियो ।

महामारीको सन्दर्भमा सहकारी र महिला

केशवप्रसाद बडाल
पूर्वमन्त्री तथा अगुवा सहकारी अभियन्ता

सन् २०२० जुन ६ तारिक अर्थात् २०७७ जेठ २४ गते, रिमझिम पानी परिरहेको थियो । विहानको समय, लकडाउनको बेला छतमा एकैछिन हिड्नुपर्‍यो भनेर छाता ओडेर हिड्दै थिएँ । हाम्रो घरको छतबाट हेर्दा लब्सीको बोट नास्पति, हलुवाबेद, आभोकार्डो, अम्बा, किम्बुका बोटहरू र केराका झाङहरूले सुन्दरता दिइरहेका थिए । रिमझिम रिमझिम पानी परेको र हलुका हावा चलेकाले रूखका हाँगा हल्लिरहेका थिए । एउटा रूखको हाँगाको कापमा चराले गुँड लगाएको रहेछ । चराको गुँडमा स-साना बचेरा देखिन्थे । बचेराकी आमा माउ चरीले आफ्ना दुवै पखेरा फिजाएर बचेरालाई ढाकेर सुरक्षा दिइरहेकी थिइ । घरमा बस्ने मान्छेलाई छानाले ओत दिए जस्तै विचरीले बचेरालाई ओत दिइरहेकी थिइ । मेरा आँखा त्यता परेपछि टक्क अडिए । मैले मेरी आमा सम्झिए । महिला आमा, दिदी बहिनी, छोरी बुहारी, नातिनीहरू संम्झिए । वास्तवमा आमा र आमाहरूको माहानता संम्झिएँ । देशका अनेक गाउँ, बस्ती, पालिका र जिल्लाहरूमा जाँदा त्यहाँका आमाहरूको आफ्ना सन्तानका लागि आफू भोकै बसेर पनि सन्तानलाई खाना र सुरक्षा दिएको दृश्य संझिँए । आफ्नो मातृभूमिका लागि बलिदान दिने भक्ति थापा, बलभद्र, अमरसिंह थापा, भिम मल्ल, धर्मभक्त, गंगालाल, शुक्रराज दशरथ चन्दलगायतलाई सम्झें । सन्तबहादुर चेपाङ, दशरथ चेपाङ, इलि थामी, वीरबहादुर थामी, रत्नकुमार बान्तवा, हरि नेपाल, भुनेश्वरी यादव, हाङसिमा साइली र योगमायालाई संझें । म तन्द्राबाट झल्यास भएँ ! पानी कम हुँदै गएको थियो । हावा हुरी रोकियो । यस्तैमा बचेरालाई टपक्क ढाकेर बसेकी चरी भुर्रर उडेर गई । स-साना बचेरा मुख खोलेर भोकको संकेत गरिरहेका थिए । एकै छिनमा ती बचेराकी आमाले खाने चारो ल्याएर पालै पालो बचेराको मुखमा राखेर खुवाउन थाली । वास्तवममा यो सबै दृश्यले मलाई भावुक बनाइरहेको थियो । यत्तिकैमा नाति प्रांजलको “मामु-मामु !” स्वरले मेरो

तन्द्रा भंग भयो । यसो विचार गरेँ । अब म आमाहरूकै बारेमा लेख्दछु । महिलाहरूकै बारेमा लेख्छु । महिला र सहकारीका बारेमा लेख्छु भनेर लेख्न थालेँ ।

उक्त दृश्यले आमाहरूको भूमिकाको महानता मैले देखेँ । त्यो चरिका बचेराका बाबु कहाँ छन्, के गर्दैछ ? थाहा छैन । बचेराको आमाले बचेराको जीवनरक्षाका लागि गरेका प्रयास देखेर मैले मेरी आमालाई संझेँ । आमाले आफ्ना ६ छोरा र ६ छोरी हुर्काउन बढाउन गरेको प्रयास संझेँ । आजको समाज संझेँ । सामान्यदेखि शिक्षित सुसंस्कृत भनिएका परिवार संझेँ । सायद यो पढ्दै गर्नु भएका तपाईहरूले पनि सिंहावलोकन गर्नु हुने छ । आमाहरूको भूमिका, समग्र महिलाहरूको भूमिका उहाँहरूका संकट, समस्या, पिडा, अपमान, अपहेलनाका बीच ती सबै कुरालाई अन्तरमनको कुनामा थन्काएर आफ्नो कर्तव्यलाई कसरी पूरा गरेका छन् ? यी कुराहरूको गहिराईमा पुग्ने, महसुस गर्ने र महिलाहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन गर्ने, परिमार्जन गर्ने कार्यमा लाग्न प्रेरित गर्ने छ ।

'घरभित्रको काम महिलाहरूको हो' भन्ने सोच थियो, अझै छ । कोरोना भाइरस (कोभिड-१९)को संक्रामण रोकथामको प्रयास स्वरूप सिंगै पृथ्वी लकडाउनमा छ । लकडाउनका कारण बिहानदेखि रातीसम्म घरको काम कति हुँदो रहेछ र त्यसलाई महिलाहरूले चुपचाप सहेर गरिरहेका रहेछन् भन्ने कुरा लकडाउनका बेला आफ्नै आँखाले आगाडि देखेर महसुस गरेकै हुनुपर्छ ।

आजको युगमा महिला प्राध्यापक छन्, डाक्टर, वकिल, अफिसर, व्यापारी, व्यवसायी, कृषक, शिक्षक र नर्सिङलगायत सबै पेशामा महिला छन् । यी प्रत्येक महिलाले अफिसका औपचारिक काम बाहेक घरका कामहरू पुरूषले भन्दा डवल गरिरहेका हुन्छन् । गरिरहनुपर्ने तर यसबारे पुरूषहरूको विवेक कतिको पुगेको छ ?

समानता संविधान, ऐन, कानुन, नियम,कार्यविधिमा मात्रै सुरक्षित छन् कि व्यवहारमा पनि अनुवाद भएका छन् ? साना-साना बालकमा समेत घरको काम मामुले गर्ने हो, आमाले गर्ने हो, भन्ने छाप परेको छ । पुरूषका समस्या समान्य भए पनि ठूलो देख्ने, महिलाका समस्या र पिडालाई कम देख्ने अवस्था छ । बालबालिकाहरूको स्यहार, बालबालिकाहरूलाई होमवर्क सिकाउने, बिहान उज्यालो हुँदादेखि रातिसम्म सरसफाई, चियानास्ता, खाना पकाउने, ख्वाउने, कपडा धुने, औषधी खानका लागि औषधीको व्यवस्था गर्ने, यी कामहरू लेखाजोखा भित्र नपर्ने सबै काम निःशुल्क गर्नुपर्ने अवस्थामा परितर्वन आउन जरूरी छ । परिवर्तनका लागि हामी सबैले अठोट गर्नुपर्छ । सच्चा नागरिक बन्न जरूरी छ, सच्चा सहकारीकर्मी बन्न जरूरी छ । समाजका सबै समुदायमा सबै जात, भाषा, धर्म, संस्कृति, क्षेत्र लिंगका मानिसमा यो सचेतना आउन आवश्यक छ । सामाजिक परिवर्तन गर्न, संस्कारमा परिवर्तन गर्न संविधान र ऐन-कानुनमा महत्वपूर्ण कुरा लेखिएर मात्र पर्याप्त हुँदो रहेनछ । हरेकले 'म यो ठाउँमा भए मलाई कस्तो अनुभव हुन्थ्यो ?' भनेर

आजको युगमा महिला प्राध्यापक छन्, डाक्टर, वकिल, अफिसर, व्यापारी, व्यवसायी, कृषक, शिक्षक र नर्सिङलगायत सबै पेशामा महिला छन् । यी प्रत्येक महिलाले अफिसका औपचारिक काम बाहेक घरका कामहरू पुरूषले भन्दा डवल गरिरहेका हुन्छन् ।

आत्मसमीक्षा गरी प्रेरित गर्न जरूरी छ ।

घर परिवारमा मात्र होइन, अफिस, अस्पताल, विश्वविद्यालय, बैंक वा अन्य कार्यालयहरूमा काम गर्ने महिला कर्मचारीलाई हेर्ने मामिलामा पनि अनौठो र साँघुरो दृष्टिकोण पाइन्छ । हाकिमले महिला कर्मचारीको मेहनत र लगनशीलता देखेर प्रसंसा गऱ्यो भने पनि शंका गर्दछन् । कतिपय कार्यालयमा विभिन्न अवसर तालिम प्रशिक्षण र विदेश भ्रमणमा पनि महिलालाई वास्तै नगर्ने गरिन्छ । यदि अवसर दियो भने अरूले अनेक शंका गर्दछन् भन्ने हुन्छ । कतिपय कार्यस्थलमा त महिलामाथि हिंसा पनि हुने गरेको पाइन्छ । महिलाका अनेक प्रकारका व्यक्त/अव्यक्त खाले पिडा र समस्याहरू हुन्छन् । यस्ता समस्या कसलाई भन्ने ? कसरी भन्ने ? यस्तो अव्यक्त पिडाका कारण धेरै महिलाहरू डिप्रेसनमा पुगेका समेत देखिन्छन् । समाजमा रहेका यस्ता समस्याहरूलाई महसुस गर्न सक्ने क्षमता विकासको आवश्यकता छ । संस्कारमा परिवर्तन विकेकशील सोचाई आवश्यक छ । ज्ञान छ, तर विवेक छैन भने त्यो ज्ञानको अर्थ हुँदैन । प्रायः हरेक घरमा स-साना बालकदेखि गलत संस्कार कायम रहेको छ । हाम्रा मिडिया, हाम्रा साहित्य, सामाजिक संजाल, टेलिभिजनले कस्तो शिक्षा र संस्कार दिइरहेका छन् ? हाम्रा नर्सरीदेखि विश्वविद्यालयसम्मका शिक्षालयमा कस्तो शिक्षा र संस्कार सिकाइएका छन् ? त्यसको छाप, पिंढी दरपिडीसम्म रहिरहेको छ । अबोध, निष्छल, पवित्र बालकले भन्छ, खाना पकाउने, खाना पस्कने, भाडा माझ्ने, लुगा धुने, भूई सफा गर्ने, सबै काम कि मामुले कि आमाले गर्ने हो ! बाबाले वा बुबाले गर्ने होइन भन्ने छ । एउटा अबोध बालकमा समेत यस्तो सोचाई कसरी विकसित भयो ? त्यसैले सानैदेखि समानताको संस्कार दिन आवश्यक छ । हाम्रा शिक्षालय, रेडियो, टेलिभिजन मोबाईल, सामाजिक संजालबाट अडियो/भिडियो फिल्मका दृश्यहरू मार्फत आफूभन्दा ठूलाले गरेको व्यवहारबाटै सिकेका हुन्छन् ।

महिला आमा हुन् तर तिनीलाई हेर्ने दृष्टिकोणमा समस्या छ । यो समस्या केवल नेपाल वा दक्षिण एसियामा मात्र होइन, न्युजिल्याण्डदेखि न्युयोर्कसम्म भिण्डनाओदेखि बुर्किनाफासोसम्म यस्तै छ । केपटाउनदेखि नेदरल्याण्डमा यस्तै छ । मात्रामा फरक छ होला, तर धेरथोर सबैतिर यस्तै समस्या छ । यो संस्कार, संस्कृति र व्यवहारमा परिवर्तन ल्याउन विशेष प्रयास प्राथमिक विद्यालयदेखि विश्वविद्यालयसम्म जरूरी छ । अहिले त विश्वविद्यालयको समाज शास्त्रका प्राध्याकहरूकै घरमा यस्तो समस्या देखिएको छ । यो गम्भिर खालको लैंगिक विभेदलाई जरैदेखि हटाउन संयुक्त राष्ट्र संघको दीगो विकास लक्ष्यले प्रशस्त ध्यान दिएको छ । नेपालको राष्ट्रिय सहकारी महासंघको दोस्रो सहकारी महासम्मेलनले दीगो विकास लक्ष्य हासिल गर्ने अठोट गरेको छ । दीगो विकास लक्ष्य हासिल गर्न सहकरीको काँधमा ठूलो जिम्मेवारी आएको छ । सहकारीले जुनसुकै जात, भाषा, धर्म, संस्कृति, क्षेत्र, लिंग रूपरंगको आधारमा विभेद गर्न बर्जित गरेको छ । यस्तो विभेद गर्नेलाई सहकारीको सदस्य बन्ने अधिकार छैन भनेको छ । यसलाई अब

जनजनमा, गाउँगाउँमा, सहरका गल्ली गल्लीमा र हरेक कार्यस्थलमा चेतना र व्यवहारलाई स्थापित गर्न जरूरी छ ।

महिला आन्दोलनको पृष्ठभूमिः

विश्व सृष्टि र विकासको क्रममा महिलाहरू नै निर्णायक भएको भएता पनि मानव विकासको पछिल्लो चरणमा पुरूष प्रधान समाज हुँदै जाने क्रमसँगै महिलामाथिको विभेद बढ्दै गयो । आदिम युगमा महिला निर्णायक भएता पनि दास प्रथा हुँदै सामन्तवादी आर्थिक सामाजिक व्यवस्थासँगै महिलामाथि विभेद र दलन हुन थाल्यो । यो अवस्था विश्वका सबै महादेश, देशहरूमा रहेकाले त्यसका विरूद्ध र समानताका लागि विश्वका वीर/वीरांगना लेखक, साहित्यकारहरूले आवाज उठाउँदै आएका छन् र यसमा योगदान गर्ने सबैको चर्चा गर्न यहाँ सम्भव छैन । तर पनि केही महत्वपूर्ण योगदानकर्ता र योगदानमा बल पुऱ्याउन भूमिका निभाएका केही व्यक्ति, व्यक्तित्वकाबारेमा सामन्य चर्चा र संभ्कना गर्न उपयुक्त देखिन्छ ।

यो सन्दर्भमा मेरी वालस्टोन क्राफटलाई विर्सन सकिंदैन । सन् १७५९ मा जन्मेर १७९७ मा दिवंगत हुनु भएका आफ्नो ३८ बर्षकै उमेरमा प्रसिद्ध ८ पुस्तककी लेखिकाका रूपमा आफूलाई स्थापित गर्न सफल भइन् । यिनीले लेखेका पुस्तक "भिण्डीकेसन अफ दि राइटस अफ विमेन" (A Vindication of the rights of Women) पुस्तक निकै चर्चित र सम्मानित छ । योसँगै उनीले नै लेखेको अर्को पुस्तक "थट्स अफ दि एजुकेसन अफ डट्र्स" ले महिला जागरणमा महत्वपूर्ण योगदान गरेको छ । लेखिका मेरी वालस्टोन क्राफट प्रसिद्ध महिला अधिकारकर्मी, दार्शनिकको रूपमा आजीवन चर्चित रहिन् ।

नेपालमा आफ्नो ३२ बर्षकै उमेरमा वितेका मोतीराम भट्ट जस्तै बेलायतमा जन्मेकी मेरी वालस्टोन क्राफ्ट आफ्नो ३८ बर्षकै उमेरमा वितेकी भए पनि उनका बारेमा आज पनि विश्वका प्रसिद्ध विस्लेषक र लेखकले चर्चा परिचर्चा मात्र गरेका छैनन्, उनको कृति आज पनि प्रकाशित भैरहेका छन् । त्यति मात्र होइन, १७८९ मा भएको फ्रांसेली राज्यक्रान्तिमा समेत मेरी वालस्टोन क्राफ्टको प्रस्तुतिहरूको ठूलो भूमिका थियो भनेर चर्चा गरिएको पाइन्छ । उनले लेखेको समाजवाद र महिला पुस्तकले सिंगै युरोपलाई तरंगित गरेको छ । यसरी हामीले उनीलाई संम्फना गर्नुको अर्थ आजका सबै सहकारीकर्मी र महिलाहरूले गर्ने कार्य पनि इतिहासको विषय बन्न, परिश्रम गर्न, गहिरो अध्ययन गर्न र व्यवहारमा लागिरहन प्रेरणा मिलोस् भनेर यहाँ उल्लेख गरेको छु ।

यो प्रसंग ल्याउनुको कारण पुरूष प्रधान राज्य व्यवस्थाको विरूद्ध राज्य संयन्त्रमा महिलाको समान हक अधिकारका लागि "सोसलिजम एन्ड विमेन" पुस्तक र "थटस अफ दि एजुकेसन अफ डटर्स" जस्ता पुस्तक त्यो जमानमा लेखेर जागरण दिने व्यक्तित्वहरूबाट हामीले पनि सिकौं र आज गरेका काम सयौं बर्षसम्म समाजले सम्फना गरोस् !

यसपछि युरोप, अमेरिकालगायत क्षेत्रमा महिलाहरूमा नयाँ नयाँ जागरणयुक्त गतिविधिहरू क्रमशः बढ्दै गए । सन् १८३२ मा पुग्दा नेदरल्याण्डको कपडा कारखानामा काम गर्ने श्रमिक महिलाहरूले असमान ज्याला, असमान व्यवहारका विरूद्ध समूहगत रूपमा सडकमा उत्रन थाले । यसै क्रममा १८४८ पछि विश्वका सम्पूर्ण श्रमजीवि जनताको पक्षमा कार्लमार्कस् र फ्रेडरिक एंगेल्सले कम्युनिष्ट

घोषणापत्र प्रकाशित गरेपछि नयाँ उचाईमा आम श्रमिक र खासगरी महिलामा महत्वपूर्ण जागरण आउन थाल्यो । यसपछि एसियाका सीमित भाग, पुरै युरोप र अमेरिकामा नयाँ ढंगको आम श्रमजीवि जनता र खास रूपमा महिलामा नयाँ आत्मविश्वासकासाथ जागरण, अघि बढ्न थाल्यो । सन् १८५७ को ८ मार्चका दिन अमेरिकाको कपडा उद्योगमा काम गर्ने श्रमिक महिलाहरूले कामको घण्टा कम गराउन मांग राखेर संगठित हुन थाले । यसपछि १८६४ मा पहिलो पल्ट अन्तर्राष्ट्रिय श्रमिक संघमा महिला मताधिकार समिति गठन गरेर १८६५ मा बेलायतको मेनचेष्टरमा महिला मताधिकार समिति गठन गरेर सन् १८६७ मा जे. एस.मिल मार्फत बृटिस संसदमा महिला मताधिकार पाउन संसदमा प्रस्ताव पेश गरेका थिए । सन् १८६८ मा कार्लमार्क्सले महिला अधिकारको प्रश्नलाई र महिला मुक्तिका लागि आम श्रमिक आन्दोलनसँग गाँसेर क्लारा जेटकिनलगायतले महिला अधिकारलाई अभियानकै रूपमा अघि बढाउन थाले । त्यसपछि संसारकै पहिलो पटक महिलाले मताधिकार पाउने देशमा न्युजिल्याण्ड प्रथम भयो ।

उक्त तमाम आन्दोलनको जगमा उभिएर ल्कारा जेटकिनको नेतृत्वमा मार्च ८ मा १९०९मा अमेरिकाको सिकागो शहरमा लागेको नाराको समर्थन गर्दै जर्मनीको स्टुटगार्डमा प्रथम अन्तर्राष्ट्रिय श्रमिक महिला सम्मेलन विधिवत रूपमा सम्पन्न भयो । सोही सम्मेलनले प्रथम अन्तर्राष्ट्रिय श्रमिक महिला संघ विधिवत रूपमा गठन गऱ्यो । यसले ८ मार्चलाई श्रमिक महिलाको महत्वपूर्ण चाडको रूपमा स्थापित गर्ने आधार बन्यो । सन् १९१० मा विश्वका १७ देशका लगभग १ सय जना सहभागी भएर दोस्रो अन्तर्राष्ट्रिय महिला सम्मेलनको आयोजना भयो । यसमा फिनल्याण्डको संसदका ३ जना महिला समेत सहभागी भएका थिए । यही सम्मेलनबाट हरेक बर्षको ८ मार्चका दिनलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा मनाउने घोषणा भएको हो ।

नेपालमा पनि अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने गरिन्छ । महिला हक अधिकार इज्जतका पक्षमा, असमानता विरूद्धमा आम जनतामा चेतना जगाउने कार्यक्रम संचालन गरिन्छ । यतिले मात्र पुग्दैन । घर घरमा, प्रत्येक कार्यक्षेत्रमा, शिक्षालय, कारखाना, खेतखलिहान, सबै संघ/संस्थाहरूमा जागरण पुऱ्याउनु पर्छ । यसमा सहकारी संस्था/संघहरूमार्फत र सहकारी महासंघमार्फत विशेष अभियान संचालन गरेर संयुक्त राष्ट्र संघले अघि सारेको दीगो विकास लक्ष्यका सबै बुँदा सफल बनाउन सकेमा मात्र सो कार्यक्रमले निर्धारण गरेको लक्ष हासिल हुनेछ ।

महिला समस्या र सन् १९९५ को बेजिङ सम्मेलनः

संयुक्त राष्ट्र संघ विश्वकै अभिभावक संस्था भएकाले विश्वकै जनसंख्याको आधा भाग ओगटेका महिलाका समस्या, अर्थात आमाहरूका समस्या र समाधानका लागि विश्वको ध्यान केन्द्रित गर्न सन् १९९५ मा बेजिङ सम्मेलनको आयोजना भएको थियो । त्यो सम्मेलनमा छलफलका मुख्य विषय यस्तो थियो ।

–कुनै पनि देशको भाग्य र भविश्य त्यहाँ बसोबास गर्ने महिलाको अवस्थासँग गाँसिएको हुन्छ ।

–उक्त सम्मेलनको प्रस्तावना १३२५ ले शान्तिलाई लैंगिक समानतासँग अभिन्न रूपमा जोडिएको घोषणा गऱ्यो । अहिले बेइजिङ सम्मेलनको २५ बर्ष हुनै लागेको छ । उक्त सम्मेलन र संयुक्त राष्ट्र संघको अध्ययनको निष्कर्ष यस्तो छः

महिला विरूद्धको हिंसाः

–महिलाको पराधिनता, घरपरिवार भित्रको मात्र समस्या होइन । कुनै देशमा हुने महिला हिंसाको बृद्धिले त्यो देश आतंकवाद र अन्तरद्वन्द्वतर्फ धकेलिदै छ भन्ने संकेत गर्दछ ।

अहिले उक्त अवस्था आउन नदिन विश्वका ८३ देशले महिला शान्ति र सुरक्षाबारे कार्ययोजना तयार गरेर काम थालेका छन् । बेइजिङ सम्मेलनले केही महत्वपूर्ण परिवर्तन ल्याउन मद्दत गरेको निम्न प्रगतिले देखाउँछ ।

बेजिङ सम्मेलनपछिका विश्वमा भएका प्रगतिहरूः

- मातृमृत्युदरमा ४५ प्रतिशतले कमी आएको छ ।
- प्राथमिक विद्यालयमा छात्र र छात्रा बराबरि हुन सफल भएका छन् ।
- जनप्रतिनिधिमा पहिलेभन्दा दोब्बरको संख्यामा बृद्धि भएका छन् ।
- संसदमा महिला सहभागीता २४.५ प्रतिशत पुगेको छ । पहिले यति पनि थिएन ।
- अझै पनि सबैतिर महिला प्रतिनिधित्व समान स्तरमा छैन र हिंसा अझै पनि समाप्त हुन सकेको छैन ।
- घरेलु हिंसा अन्त्य हुन सकेको छैन ।
- घरेलु हिंसाका दोषीले उन्मुक्ति पाउने दर घटे पनि अझै दोषी उन्मुक्त हुने अवस्थाको अन्त्य हुन सकेको छैन ।

नेपालमा भने बेजिङ सम्मेलन यता राम्रो प्रगति भएको छ । त्यसका केही तथ्यांक यस प्रकार छ ।

- कृषिमा महिलाको सहभागीता ५७.१९ प्रतिशत
- ज्यालादारी मजदुरीमा ३७.२६ प्रतिशत
- मजदुरीमा पुरूष ७० लाख ८६ हजार
- मजदुरीमा महिला २६ लाख ४० हजार
- यातायात क्षेत्रमा कुल ३ लाख २२ हजार रोजगारी भएकोमा महिला केवल ७ हजार मात्र छन् ।
- कृषि श्रमिकमा १५ लाख २३ हजारमा महिला ८ लाख ७१ हजार ।
- घरेलु कामदारमा ७३ हजारमध्ये महिला ४८ हजार छन्,जुन ६५.७५ प्रतिशत हुन्छ ।
- बैंक तथा बीमा क्षेत्रमा १ लाख १८ हजारमा महिला ५५ हजार छन् । यो क्षेत्रको कुल रोजगारीको ४६ दशमलब ६१ प्रतिशत हो ।
- विज्ञ, वैज्ञानिक तथा प्राविधिक ४४ हजारमा महिला २ हजार छन् । जुन २० प्रतिशत हुन आउँछ ।
- प्रहरीमा महिला ८.६ प्रतिशत,
- सशस्त्र प्रहरीमा ७.९ प्रतिशत,
- नेपाली सेनामा ५.६२ प्रतिशत,
- सर्वोच्च अदालतमा महिला १४ प्रतिशत
- उच्च अदालतमा ३ प्रतिशत
- वरिष्ठ अधिवक्तामा ६ प्रतिशत,
- अधिवक्तामा १७ प्रतिशत महिला छन् ।
- संघीय संसदमा ३२.७५ प्रतिशत
- राष्ट्रिय सभामा ३७.२९ प्रतिशत
- प्रदेश सभामा ३४.३६ प्रतिशत
- स्थानीय तहमा ४०.९३ प्रतिशत महिला छन् ।

यी सबै तथ्यांकले बेजिङ सम्मेलनपछि भएको प्रगति देखिन्छ । माथि उल्लेखित केही क्षेत्रमा खासगरी निर्वाचित जनप्रतिनिधिमा एसियामा नेपालको राम्रो अवस्था भएता पनि अझै गर्नुपर्ने काम धेरै बाँकी छ । समान कामको समान ज्याला समेत हुन सकेको छैन । अहिले श्रमिकहरूको साला खाला ज्यालादर पुरूष श्रमिकको भन्दा महिलाको घटि नै छ ।

–सालाखाला पुरूषको १९,४६४ छ

–सालाखाला महिलाको १३,६२० मात्रै छ ।

(स्रोत श्रमिक शक्ति सर्वेक्षण २०७४/०७५)

सहकारी क्षेत्रमा सेयर सदस्यमा ५१.५ प्रतिशत महिलाः

सहकारीको नेतृत्वमा ३९.७ प्रतिशत महिला हुनुहुन्छ । अझै धेरै गर्न बाँकी छ तर क्रमशः प्रगति उन्मुख छ । एसिया प्रशान्त क्षेत्रमा फिलिपिन्स बाहेक सबै देशमा नेपालको महिला सहभागीता र नेतृत्वमा राम्रो भए पनि अझै सशक्त, प्रभावकारी र निर्णायक हुन सकेको छैन । सहकारीको विषयगत केन्द्रीय र जिल्ला संघहरूमा महिलाको नेतृत्व निकै कमजोर रहेको पाइन्छ । संयुक्त राष्ट्र संघले अघि सारेको दीगो विकास लक्ष्य हासिल गर्न सहकारी क्षेत्रले महिला नेतृत्व निर्माण र

क्षमता बृद्धिमा विशेष अभियान संचालन गर्न आवश्यक देखिन्छ ।

महिला आन्दोलनको प्रथम चरणमा सम्भ्रान्त वर्गका महिलाको नेतृत्वदायी भूमिका थियो । त्यो बेला पुरूष सरह मताधिकारको विषय प्रमुख रूपमा थियो । दोस्रो चरणको आन्दोलनमा महिलामा शिक्षाको हकमा बढी केन्द्रित थियो । तेस्रो चरणको आन्दोलनले महिला सशक्त श्रम शक्तिको रूपमा महिलाहरू उत्रिएका छन् । श्रमिक महिला आन्दोलनको रूपमा बढी चर्चित भयो । अबको आन्दोलन सम्पूर्ण श्रमिक महिलाको साझा आन्दोलनको रूपमा जागृत भएको छ । अहिलेको आन्दोलनको नारा :

- समान कामको समान ज्याला,
- महिलाको प्रजनन अधिकार,
- लैगिक हिंसाको अन्त्य,
- शिक्षा स्वास्थ्यमा समान अधिकारी,
- हरेक तहको जनप्रतिनिधिमा समान हक ।

नीति निर्माण, राज्य संचालनलगायतमा समान हकलाई सम्पूर्ण महिलाको हकको रूपमा आवाज बुलन्द भएको छ । विगतको मताधिकारको अधिकार र छोरा सरह छोरीले पढ्न पाउनुपर्छ भन्ने माग अब आवश्यक नभए पनि उक्त विषय सहित आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा र नीति निर्माण तहमा अझै समस्या कायम रहेको पाइन्छ । यस्तो स्थितिलाई घर परिवार, टोल छिमेक, स्थानीय तह, प्रदेश र संघीय सरकार सबैतिर महिलाको हक अधिकारसँगै सम्ममानपूर्ण जीवन विताउने आधार निर्माणमा हामी सबै लाग्नु पर्छ । हरेक तहका सहकारीकर्मीहरूले यसमा अगुवाई गर्न आवश्यक छ ।

महिलाको अवस्थामा परिवर्तन ल्याउन, महिलामा आर्थिक हैसियत उठाउन जरूरी छ । आर्थिक क्षेत्रमा हैसियत उठाउनका लागि सम्पत्तिमा हक स्थापित गरेर मात्रै पनि पुग्दैन । व्यवसाय र बौद्धिक क्षमता विकासमा समेत जोड दिन आवश्यक हुन्छ । यसबारे विश्व बैंक समूहका अध्यक्ष डेभिड मालपासको भनाई सामेल गर्न आवश्यक ठानेकोछु ।

विश्व बैंकको एउटा अनसुन्धानले देखाएको छ–"महिलाको आर्थिक शक्तिलाई निर्वाध बनाइदिने हो भने विश्वव्यापी आर्थिक बृद्धिमा अभुतपूर्व योगदान हुने छ ।" अनुसन्धानको निचोड छ–"महिलालाई आर्थिक क्रियाकलापमा अग्रसर गराउनु र आर्थिक बागडोर समाल्न दिनु नै आर्थिक बृद्धिका लागि एक मात्र सही काम हो ।"

महिलाको आर्थिक शक्ति उजागर गर्ने लक्ष्य सहित विश्व बैंक समूहले विभेदकारी कानुन हटाउने, लैंगिक विभेदका खाडल हटाउने, वित्तीय पहुँच विस्तार गर्ने, लैंगिक हिंसा रोक्नेलगायत महत्वपूर्ण क्षेत्रमा विभिन्न मुलुकलाई सहयोग गरेको छ । विश्व बैंकले उक्त विषयलाई प्रभावकारी बनाउन, दि विमन अन्टरप्रिनर फिनान्स इनिसिएटिभ(WIFI) गठन गरेको छ । यसलाई अमेरिका, जर्मनी, जापान, साउदी अमेरिका, युएइलगायतले सहयोग गरेका छन् । यो संस्थाले ५० मुलुकका महिलाको स्वामित्वमा रहेका १ लाख १५ हजार साना तथा मझ्यौला उद्योगहरूलाई सहयोग गर्ने निर्णय गरेको छ । हरेक देशमा र खासगरी अतिकम विकसित र विकासोन्मुख देशमा रहेका महिलाहरूको अवस्था निकै दयनीय छ । दक्षिण एसियामा महिलको अवस्थाबारे यो बर्ष (सन् २०२०) अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको सन्दर्भमा पाकिस्तानका प्रसिद्ध उपन्यासकार मोहमद हनिकको एउटा लेखको शिर्षकले प्रष्ट पारेको छ । यो वर्ष (२०२०को) मार्च ८ को श्रमिक महिला दिवसको सन्दर्भमा पाकिस्तानका महिलाहरूको र्‍यालीको नारामध्ये एउटा नारा थियो,"तिम्रो मोजा कहाँ छ ?" "मलाई कसरी थाहा हुन्छ ।" अर्थात दक्षिण एसियाका महिलाले एउटै अफिसमा समान स्तरको काम गर्ने महिलाले पनि घरको सबै काम मात्र होइन श्रीमानको मोजा जुत्ता, कोट पनि सेवामा ल्याउनुपर्छ । यो एउटा प्रतीक मात्र हो । सार्क राष्ट्रमा महिला पुरूषमा असमानताको अवस्थलाई यसले प्रष्ट पारेको छ । यस्तो अवस्थामा परिवर्तन ल्याउनका लागि सहकारी दर्शन, सिद्धान्त र मुल्य मान्यताले निर्दिष्ट गरे अनुसार सबै जात, भाषा, धर्म, संस्कृति लिङ्ग र रूपरंगप्रति समान व्यवहार, समान आचरण गर्नुपर्छ । यसका लागि आर्थिक, सामाजिक र सांस्कृतिक सबै क्षेत्रबाट महिलाप्रति सम्मान गर्ने समाजलाई उत्प्रेरित गरेर संयुक्त राष्ट्र संघले अघि सारेको दीगो विकास लक्ष्य अनुसार दायित्व पूरा गर्ने संस्कार विकास गर्न सकिन्छ ।

महिला समानताको विश्वव्यापी चासो र सहकारीः

असमान विकासको चरणले मात्र निर्धारण गर्ने विषय होइन रहेछ भन्ने कुरा विभिन्न उदाहरणहरूले प्रमाणित गरिरहेको छ । व्यवहारिक असमानतामात्र होइन, ज्यालामा असमानता अति कम विकसित र विकाससिल देशमा मात्र होइन, विश्वकै आर्थिक तथा राजनीतिक हिसाबले सर्वोच्च स्थानमा पुगेका संयुक्त राज्य अमेरिकालगायतका देशमा पनि असमानता केवल कार्यपालिकाले मात्र होइन न्यायपालिकाले पनि विभेद गरेको अवस्था रहेको अनेक उदाहरणहरू प्रकाशमा आएका छन् । अमेरिकामा त्यस्तो घटना भर्खरै पनि घटेको देखिएको छ । अमेरिकाका महिला फुटबल खेलाडीले पुरष खेलाडीले पाउने सरह पारिश्रमिक पाउनुपर्छ भनेर सुप्रिम कोटमा रिट हालेको थिए । तर मई २, २०२०मा त्यो रिट नै सुप्रिम कोटले खारेज गरिदियो । यो गम्भिर विभेदकारी निर्णय हो भन्न हिचकिचाउनु पर्दैन । अमेरिकाको महिला फुटबल एसोसिएसनले फेरि पुनरावेदन दिएको छ पनि भनिएको छ । यसको कारण पुरूष खेलाडीको खेलमा दर्शक धेरै हुने, विज्ञापन धेरै आउने भएकाले तलब पुरूष खेलाडीमा बढी दिइएको भन्ने बताइएको छ ।

यसैगरी स्विडेनमा पेग्याप(ज्यालामा असमानता) १७ प्रतिशतले फरक छ । आउँदो

> **महिलाको अवस्थामा परिवर्तन ल्याउन, महिलामा आर्थिक हैसियत उठाउन जरूरी छ । आर्थिक क्षेत्रमा हैसियत उठाउनका लागि सम्पत्तिमा हक स्थापित गरेर मात्रै पनि पुग्दैन । व्यवसाय र बौद्धिक क्षमता विकासमा समेत जोड दिन आवश्यक हुन्छ ।**

१० बर्षमा १७ प्रतिशत ग्यापबाट १५ प्रतिशतमा झार्ने भनिएको छ । मैले यो सन्दर्भ सामेल गर्नुको कारण हाम्रा सम्पूर्ण सहकारी संघ/संस्थाहरूले र विश्वभरिका सहकारी संघ/संस्थाहरूका सबै खाले सामाजिक व्यवसायमा संलग्नहरू, सबैले समान ढंगले महिला र पुरूष बीच पे ग्याप नगर्न अनुरोध छ । केवल महिला पुरूष सबै जात भाषा धर्म संस्कृति रूपरंगका आधारमा विभेद नगर्न म जोडदार रूपमा अनुरोध गर्दछु ।

यसै विषयमा "क्लोजिङ विमन हेल्थ ग्याप" भन्ने संस्थाकी संस्थापक श्रीमती हिथर म्याकुलोचले सन्दर्भसहित विश्व भरिका सबैमा सन्देश प्रवाह हुनेगरी भनेकी छन् :

अहिलेको कोरोना महामारीमा पनि अश्वेत र आप्रवासी महिला कामदार खतराको अग्रपंक्तिमा खटिरहनु भएको छ । नेशनल ल सेन्टरको तथयांक अनुसार नर्सिङ्गमा महिला ८८ प्रतिशत छन्, किराना भण्डारका क्यासियरमा ६६ प्रतिशत महिला छन् । विभिन्नमा सेल्स पर्सनमा महिला ७७ प्रतिशत छन् । रेष्टुरॉमा काम गर्ने कर्मचारीमा महिला ७० प्रतिशत छन् । यी अग्रपंक्तिमा बसेर काम गर्ने महिला कर्मचारीले घरमा बसेर ल्यापटपमा बसेर काम गर्न मिल्दैन । कार्यस्थलमै पुग्नुपर्छ । जाँदा आउँदा र काम गर्ने ठाउँमा अपरिचितहरूसँग कारोबार गर्नुपर्दा भाइरस सर्ने खतरा बढी नै हुन्छ । तर काममा जानैपर्ने बाध्यता छ । काममा नगए आर्थिक संकट व्यहोर्नुपर्छ । काममा गए भाइरसको खतरा मोल्नु पर्ने हुन्छ । यति हुँदाहुँदै पनि महिलाहरू आर्थिक संकटमा छन् ।

यस्तो अवस्था नेपालमा पनि छ । नेपालका सहकारी संघ/संस्थाहरूको व्यवस्थापकले यस्तो अवस्थामा काम गर्ने श्रमिकहरूमा समान चेतना र सुरक्षाका लागि आवश्यक उपकरणको व्यवस्था गरेर सुरक्षा प्रदान गर्न अलमल गर्नुहुँदैन । सहकारीको जन्मथलो युरोपको बेलायत र जर्मनीमा भएता पनि अहिलेसम्म सहकारीले राम्रो जरो गाडेको देशमध्ये इटाली पनि हो । संसारकै सबैभन्दा ठूलो जलविद्युत आयोजना चीनको थ्रिगर्जेजको समेत डिजाइनर मध्ये यही इटालीको सहकारी संस्थाबाट विकसित भएका प्राविधिक हुन् । इटालीबाट प्रकाशित हुने दैनिक पत्रिका कोरियरे डेला सेराका सम्पादक लेख्छन्,'इटालीले जीवनमा परिवार र व्यक्तिगत सम्बन्धलाई अरू पश्चिमा देशमा भन्दा धेरै महत्व दिइन्छ । कोरोना भाइरसको महामारीको संकटका बेला उक्त सम्बन्धले धेरै राम्रो काम गर्‍यो । महामारीको सामना गर्न निकै सजिलो भयो । पुरूषहरूले आफ्ना सन्तानकासाथ खाना पकाए । आमाहरू पार्ट टाइम शिक्षक भए । साथीहरू एकले अर्कालाई सहयोग गरे । बिरामीको निकै राम्रो हेरचाह गरे । युरोपेली संघमा ८० बर्षमाथिका बयोबृद्ध जनसंख्या धेरै भएको देश पनि हो इटाली । जति इटालियनको मृत्यु भयो त्यसको ५० प्रतिशत नर्सिङ होम (एक प्रकारको बृद्धाश्राम) मा रहेका हजुर बा/आमाको भयो । इटालीमा १६६ डाक्टर र ५७ जना नर्सको अरूको जीवन बचाउने क्रममा मृत्यु भैसकेको छ । कोरोना महामारीबाट कम क्षति होस् भनेर धेरै नियम कानुन उल्लंघन गरेर पनि जनताको जीवन रक्षामा सरकार अघि बढ्यो । लकडाउनलगायतका निर्णय गर्ने कुरा कुनै संविधानमा हुँदैन । जीवनरक्षाका प्रयास गर्दा, संविधान ऐन कानुनमा लेखेको छ भनेर बसेका भए धेरै क्षति हुन्थ्यो । आफन्तको मृत शरीरलाई स्नेह व्यक्त गर्न दिइएको भए अरू धेरै क्षति हुन्थ्यो । कुल गार्हस्थ उत्पादनको १५ प्रतिशत ओगट्ने पर्यटन क्षेत्र नरोकेको भए अरू धेरै क्षति हुन्थ्यो । यहाँ सम्पादकले भन्न खोजेको कुरा एउटा परिवारको महत्व, आमाहरूको महत्व बोध भएको कुरा बताए । अर्को कुरा राज्यले जनताको जीवन रक्षाका लागि व्यक्तिगत स्वतन्त्रताका नाममा लकडाउन र शोसल डिष्टान्स जस्ता कुरा कायम नगरी छाडा छाडेको भए धेरै क्षति हुन्थ्यो । हामी सबै सहकारीकर्मीहरूले विशेष बुझ्नु पर्ने कुरा के हो भने लाभ/हानी भन्दा पनि जीवन रक्षा, परिवार रक्षा, समाज रक्षा, देश रक्षा र विश्वकै हितमा सक्दो योगदान गर्दा हुन्छ भन्ने कुरा सबै भन्दा माथिको महत्वको विषय हो भन्ने कुरालाई जोड दिन खाजेको छ । विश्वका असंख्य महिला अगुवाहरूले समाज र विश्वका लागि धेरै धेरै योगदान गरेका छन् । उनीहरू अग्रणी महिला हुन् । फ्लोरेन्स नाइटिंगेल, म्याडम क्युरी, जेनिमार्कस, रोजा लक्जेम्वर्ग, अनेक छन् । आफ्नो युगमा, आफ्नो समाज, आफ्नो देश र विश्वका नागरिकमा प्रभाव छाड्ने गरी योगदान गर्नेहरूबारे यहाँ धेरैको चर्चा गर्न सम्भव छैन । तर हाम्रो नजिकका केही व्यक्तित्वहरूको सामान्य चर्चा गर्दा अरूमा पनि प्रेरणा जाग्न सकोस् भनेर केहीको बारे चर्चा गर्न उचित ठानेको छु ।

> अहिलेको कोरोना महामारीमा पनि अश्वेत र आप्रवासी महिला कामदार खतराको अग्रपंक्तिमा खटिरहनु भएको छ । नेशनल ल सेन्टरको तथ्यांक अनुसार नर्सिङमा महिला ८८ प्रतिशत छन्, किराना भण्डारका क्यासियरमा ६६ प्रतिशत महिला छन् ।

हाम्रो छिमेकी राष्ट्र भारतकी इला भट्टका बारे केही चर्चा गर्नु उचित ठानेको छु । इला भट्टले सन् १९७२ मा सेल्फ इम्प्लाइमेन्ट विमेन एसोसिएसन/सिवा नामको संस्था स्थापना गर्ने कामको नेतृत्व गरिन् । विशाल भारतका करोडौं सीमान्तकृत महिलाहरूको जीवनमा केही परिवर्तन ल्याउने ध्येयले यो संस्था स्थापना गरिएको थियो । भारतका भारी बोकेर गुजारा चलाउने, सडक किनारामा तरकारी बेचेर गुजारा चलाउने, ग्रामीण क्षेत्रका कृषि श्रमिकको रूपमा गुजारा चलाउने, भूमिहिन किसान र साना किसान परिवारका श्रमिक महिलाहरू कपडा बुन्ने महिला श्रमिकहरूलाई संगठित गर्दै प्रशिक्षण दिंदै , सहकारी दर्शन र सिद्धान्तबारे प्रशिक्षण गर्दै, उद्यमशीलता विकासमा लाखौं महिलाहरू संगठित गरिन् र आत्मनिर्भर साना व्यवसायीको रूपमा स्थापित भएका छन् । इला भट्ट विश्व प्रसिद्ध महिला उद्यमी अभियन्ता हुन् । भारतको संसद सदस्य योजना आयोगको सदस्यको समेत जिम्मेवारी पूरा गर्न सफल यी अग्रणी महिलाको हालैको अठोट विभिन्न संघ/संस्थालाई सहकारी दर्शन र सिद्धान्तबाट दीक्षित गर्दै सहकारी उद्यमशीलतामा परिमार्जन गरिएन भने जारी अभियानको निरन्तरतामा समस्या आउने बताउँछिन् । यिनी अहिले अन्तर्राष्ट्रिय सहकारी महासंघ र एशिया प्रशान्त क्षेत्रीय सहकारी संघसंग मिलेर काम गर्न थालेपछि एशिया प्रशान्त क्षेत्रीय सहकारी संघले इला भट्टलाई उच्च मूल्यांकन गरेको छ । सन् २०१८ मा थोमसन रेउटर्स फाउण्डेसन (Thomson Reuters Foundation) ले गरेको

एक अध्ययनले महिलाका लागि सबैभन्दा खतरनाक १० देश भनेर भारत,अफ्गानिस्तान, सिरिया, सोमालिया, साउदी अरेयिबा, पाकिस्तान,डेमोक्रेटिङ रिपब्लिकन अफ कङ्गो, यमन, नाइजेरिया, संयुक्त राज्य अमेरिकालाई भनेको छ । महिलामाथिको विभेद, असमानता र हिंसा केवल अतिकम विकसित र विकासोन्मुख देशहरूमा मात्र होइन, संसारकै सम्पन्न देश अमेरिका र संसारकै ठूलो लोकतान्त्रिक देश मानिएको भारत पनि महिलाका लागि खतरनाक देशमा रहनु, छिमेकीको नाताले नेपालका लागि पनि शुभ संकेत होइन ।

नेपालमा पनि चाँदनी जोशी, चरिमाया तामाङ्, दुर्गा सोम, लिलिमाया थापा, डा. बिन्दा पाण्डे जसता केही आशा लाग्दा महिलाहरू जागरूक देखिएको भए पनि आकार र व्यापकताको हिसाबले गर्न धेरै बाँकी छ । यो अवस्थामा परिवर्तन ल्याउन राष्ट्रिय सहकारी महासंघ, केन्द्रीय सहकारी संघहरू र जिल्ला सहकारी संघ र राष्ट्रिय सहकारी बैंकले धेरै गर्न पर्न आवश्यकता छ ।

आइ.एल.ओ.को ९२ औं सेसनबाट पारित ए.बि.सी. अफ विमेन वर्कर्स् राइट्स एण्ड जेण्डर इक्वेलिटी बारे भनेको छ, शान्ति र विकासको आधार सामाजिक न्याय हो । आइ.एल.ओ.को विधानको प्रस्तावना १९१९ मा उक्त कुरा प्रष्टसंग राखेको छ ।

- फ्रिडम अफ एशोसियसन एण्ड प्रोटेक्सन अफ द राइटस् टु अर्गनाइज २०४८
- राइट टु कलेक्टिभवार्गेनिङ............१९४९
- रूरल वर्कस् अर्गनाइजेशन...........१९७५
- ल्याबर रिलेसन (पब्लिक सर्विस्)......१९७८
- आइ.एल.ओ. डिक्लरेसन अन फण्डामेण्टल प्रिन्सिपल एण्ड राइटस् एट वर्क एण्ड इन्टस् फ्लोअप..१९९८
- द एवोलोसन अफ चाइल्ड ल्याबर
- द इलेमिनेसन अफ डिस्क्रिमिनेसन विथ रेस्पेक्ट टु इम्प्लाइमेण्ट एण्ड अकुपेसन ।

उक्त विषयले सबै खालका विभेदहरूलाई अस्विकार गर्ने विषयमा संयुक्त राष्ट्र संघ सम्बद्ध सबै सदस्यहरूले स्वीकारोक्तिमा हस्ताक्षर गरेका छन् । तर व्यवहारमा अझै पनि कालामाथि दलितमाथि, महिलामाथि सामान्य विभेद मात्र होइन, हिंसात्मक घटना पनि गरिन्छ । यो दु:खद पक्ष हो । जर्ज फ्लोइडले "म सास फेर्न सकिरहेको छैन" भन्ने शब्दको अनेक अर्थ छ । नवराज विश्वकर्माले "प्रेममा पनि अवरोध र सीमा स्वीकार्य छैन" भने वापत ज्यान गुमाउनु परेको छ । यी प्रतिनिधिमूलक घटनाहरू हुन् । तर यस्तो अन्तर्राष्ट्रिय श्रम संगठनका निर्णयहरू संयुक्त राष्ट्र संघले घोषणा गरेका दीगो विकास लक्ष्यहरू र अन्तर्राष्ट्रिय सहकारी महासंघले अघि सारेका सहकारीको दर्शन, सिद्धान्तलाई आधारभूत तहसम्म स्थापित गर्न र सबै खाले विभेदकारी चिन्तन र व्यवहारबाट सिङ्गै विश्व र समाजलाई मुक्त गर्न जरूरी छ ।

यसै सन्दर्भमा नाइजेरियाका प्रसिद्ध कवी तथा उपन्यासकारले द गार्जियन पत्रिकामा लेखेका छन्, म सास फेर्न सकिरहेको छैन भन्ने शब्दले ठूलो अर्थ राखेको छ । यो शब्दले भन्छ, तिमीले मानवियता र सम्मान मात्र खोसेका छैनौं तिमिले त मैले फर्ने सास समेत खोसिरहेका छौ । यस्तो स्वास प्रश्वासमा कठिनाइ व्यहोरिरहेका काला र दलित मात्र होइन विश्वका करोडौं महिलाहरू पनि सास फेर्न नसकेर मिटु अभियान संचालन गरिरहेका छन् । मिटु अभियान संसारैभरि यौन हिंसाको शिकार भएका महिलाले संचालन गरेको हिंसाविरूद्धको अभियान सन् २००६ देखि संचालित छ । ताराना डाके(Tarana Darke)नामकी एक जना हिंसा पिडित भएर मुक्त भएकी थिइन् । यो मिटु अभियान विश्वव्यापी रूपमा संचालित छ । यो समाजिक न्याय र सेचतनाको अभियान हो । यस्ता हिंसा समान्य तथा ठूलो घरानिया, दरवारिया, समभ्रान्त र धनाढ्यहरूले प्राय आर्थिक रूपले कमजोर परिवारका चेलिबेटीलाई फसाउने, फसाइएका कैयौलाई गायव गरिदिने, कैयौंको हत्या गर्ने, धेरैलाई डिप्रेसनमा पुर्‍याउने, कैयौलाई आफ्नो स्वार्थ पुरा भए पछि छाडिदिने यस्ताले आफूमाथि भएका हिंसाबारे बोल्न सक्दैनथे । मिटु अभियानले म पनि हिंसा पिडित छु भनेर खुलेर बोल्न थालेका छन् । अफिस वा कार्यस्थलमा अफिसर वा हाकिमहरूबाट जमिन्दारहरूबाट घरानियाहरूबाट घरेलु श्रमिकलाई घर वालाबाट, यस्ता हिंसा भएका घटनाले विश्वका लाखौं महिला पिडित छन् । कतिपय अवस्थामा सेनामा, प्रहरीमा, कार्यरत महिलाहरू आफ्नै अफिसरबाट यौन हिंसाको शिकार भएका घटना छन् । यो मिटु अभियान सन् २०१८ बाट भारतमा कलाकार तनुश्री दत्ताले शुर गरेकी छन् । यसबारे संयुक्त राज्य अमेरिकाको न्याय विभागले गरेको अध्ययनले भन्छ, 'विश्वका २ देखि १० प्रतिशत महिलाहरू हिंसा पिडित भएका हुन्छन् । समग्रमा महिला हिंसा विश्वव्यापी समस्याको रूपमा छ । यस्तो अवस्था दु:खद हो र यसको अन्त्य हुन जरूरी छ । यसका लागि स्कुल, कलेज विश्वविद्यालय र सबै विषयका कार्यस्थलमा सचेतना अभियान संचालन गर्नु पर्छ । हाम्रो देशको सम्पूर्ण सहकारीका सदस्य, संचालक, लेखा समितिले आफ्नो कार्यक्षेत्रमा समाजिक उत्तरदायित्व भित्रको महत्वपूर्ण विषयको रूपमा सचेतना अभियान संचालन गर्न आवश्यक छ । सहकारी दर्शन, सिद्धान्त, मुल्य मान्यताबारे गहन अध्ययन र व्यवहारमा लागु गर्नु मात्र होइन समाजमा सचेतना र जागरणको भूमिका पनि संयुक्त राष्ट्र संघले अघि सारेको दीगो विकास लक्ष्य हासिल गर्न महिलालाई हेर्ने दृष्टिकोणमा आमुल परिवर्तन गर्न जरूरी छ ।

सन्दर्भ सामाग्रिहरू

१. ABC of women workers' rights and gender equality, ILO
२. We are poor but so many, Illa Bhatta,
३. corriere della seta, Daily Newspaper, Italy,
४. श्रमिक सर्वेक्षण २०७४/०७५ नेपाल
५. सहकारी स्वायक्तता र स्वतन्त्रता पुस्तक, केशव बडाल
६. सहकारी शिद्धान्त र प्रयोग पुस्तक, केशव बडाल
७. Cooperatives in Africa: The age of reconstruction - synthesis of a survey in nine African countries
८. Cooperative movement and rural development in India
९.. विभिन्न वेभसाइडहरू ।

नेपालको सहकारी क्षेत्र र अर्न्तसम्वन्धित ऐनहरू



चित्रा कुमारी थाम्सुहाङ सुब्बा
महाप्रवन्धक
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

पृष्ठभूमि

नेपाल प्राकृतिक सुन्दरताले भरिपूर्ण विश्वको सुन्दर देशहरूमध्ये एक हो । उत्पादकत्व वढी भएको उर्वर भूमि तराई, कृषीमा विविधीकरण गर्न सकिने पहाडी भूभाग हामीसंग छ । जलस्रोतको दोश्रो धनी नेपाल जलविद्युतको सम्भावनायुक्त मुलुक पनि हो । यसैगरी दुई ठूला मुलुकहरु भारत र चीनको बीचमा रहेको हाम्रो मुलुकले उत्पादन गर्न सक्यौ भने आधा अर्व उपभोक्ताहरु हाम्रो ढोका अगाडि छ । हामीसंग उर्जाशिल युवाहरूको संख्या कूल जनसंख्याको ४० प्रतिशत भन्दा वढी छन् । यसले हाम्रो मुलुक सम्भावना नै सम्भावनाले भरिएको मुलुकका रूपमा लिन सकिन्छ । संवैधानिक व्यवस्था अनुरूप संघीय, प्रदेश र स्थानीय तीन तहको सरकार गठन भई क्रियाशील रहेका छन् ।

समुन्नत, स्वाधिन र समाजवाद उन्मुख अर्थतन्त्रको विकासका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको तीनखम्वे अर्थनीति अनुरूप संविधानले सहकारी अभियानको विशेष भूमिकाको परिकल्पना गरेको छ । यसवाट निजी क्षेत्रभन्दा सहकारी अभियान भिन्न हो भन्ने कुरालाई आत्मासात गरेको देखिन्छ । यस ऐतिहासिक उपलव्धीलाई विश्व सहकारी अभियानले समेत नेपालको सहकारी अभियानको दरिलो पहलकदमीको रूपमा प्रशंसा गर्दै आएको छ ।

यसैगरी संविधान अनुरूप पन्ध्रौं योजनाले निजी, सहकारी र सामुदायिक क्षेत्रलाई एकअर्काको परिपुरकका रूपमा लिंर्दै बचत अभिवृद्धि तथा परिचालन, गुणस्तरीय कृषि सामग्रीको आपूर्ति, कृषि यान्त्रिकरण, कृषि व्यवसायिकरण, कृषिजन्य उद्योग स्थापना, संकलन, भण्डारण, प्रशोधन र व्यवस्थित वजार प्रणालीको विकास, स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगको प्रवर्द्धन, कृत्रिम

अभाव र अवरोध अन्त्य गर्न अत्यावश्यक वस्तु लगायत सेवाको आपूर्ति, ज्ञान र शीपमा आधारित रोजगारीका अवसर सिर्जना, प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकास, आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडि परेका महिलाहरूलाई उत्पादनमुलक व्यवसाय तथा स्वरोजगार क्षेत्रमा परिचालन, नविनतम प्रविधिको प्रयोग गर्दै स्थानीय तहको व्यवसायिकता वृद्धि गर्ने कार्यनीति तय गरेको छ । उक्त योजनाले सहकारी क्षेत्रको छुटै अध्यायमार्फत विपन्न वर्गको संलग्नतामा संचालन हुने सहकारीका व्यवसायिक आयोजनालाई वित्तीय एवं प्राविधिक सहयोग उपलब्ध गराउने, सहकारी क्षेत्रको प्रवर्द्धनका लागि नीतिगत तथा संस्थागत प्रवन्ध मजवुत वनाउने, सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्न प्रोत्साहित गर्ने, सहकारी शिक्षा, नेतृत्व विकास एवंम व्यवस्थापन तालिमलाई व्यापक तुल्याउने, प्रभावकारी नियमनका लागि एकीकृत अनुगमन प्रणालीको विकास गर्ने, पशुपालन लगायतका अन्य माध्यमबाट बायोग्यास प्लाण्टको स्थापना, संचालन र प्रयोगका लागि अनुदानका व्यवस्था गर्ने रणनीति लिएको छ ।

संविधान २०७२ कै स्प्रिट अनुरुप नेपाल सरकारको नीति तथा कार्यक्रम र वजेट वक्तव्यमा सहकारी क्षेत्र प्राथमिकतामा पर्दै आएको छ ।

सहकारी क्षेत्रको वर्तमान अवस्था

पछिल्लो तथ्यांक अनुसार मुलुकभर वचत तथा ऋण, कृषि, गैरकृषि र सेवासंग सम्वन्धित कूल ३४ हजार ८३७ प्रारम्भिक सहकारी संस्थाहरु रहेका छन् । यसै गरी ३२५ जिल्लास्तरीय संघहरू, २० विषयगत केन्द्रीय सहकारी संघहरु, १ राष्ट्रिय सहकारी बैंक सहित शीर्षस्थ निकायका रुपमा राष्ट्रिय सहकारी महासंघ क्रियाशील रहेको छ । वचत तथा ऋण, कृषि, वहुउद्देश्यीय, उपभोक्ता, दुग्ध, चिया, कफी, तरकारी तथा फलफूल, जडिवुटी, उखु, विद्युत लगायतका विविध प्रकृतिका सहकारी संस्थाहरुमध्ये ३९ प्रतिशत बचत तथा ऋण सहकारी संस्थाहरु रहेका छन् । यसै गरी वित्तीय कारोवार गर्ने वहुउद्देश्यीय सहकारी १३ प्रतिशत र कृषि सहकारीहरु ३२ प्रतिशत रहेका छन् । आर्थिक सर्वेक्षण २०७६/७७ अनुसार २०७६ फाल्गुणसम्ममा सहकारी संघ/संस्थामा ६५ लाख १५ हजार ४ सय ६० जना व्यक्तिको आवद्धता भएको तथ्यांक सार्वजनिक भएको छ । उक्त ६५ लाख सदस्यहरुमध्ये ५५ प्रतिशत वचत तथा ऋण सहकारीमा, २० प्रतिशत वहुउद्देश्यीय सहकारीमा र १७ प्रतिशत कृषि सहकारीमा रहेको पाउँछौं । यसैगरी सहकारी क्षेत्रको कुल शेयर पूंजी ७७ अर्व २४ करोड मध्ये वचत तथा ऋण सहकारीमा ७४ प्रतिशत, वहुउद्देश्यीय सहकारीमा १५ प्रतिशत र कृषि सहकारीमा ७ प्रतिशत रहेको तथ्यांक पाइन्छ । आमसमुदायको वित्तीय पहुँच एवं विपन्न, महिला तथा पिछडिएका वर्गहरूको क्षमता अभिवृद्धिमा उल्लेख्य योगदान पुर्‍याउदै आएको यस क्षेत्रले अपेक्षित उत्पादन र सेवाका क्षेत्रमा क्रियाशील हुन नसकेको आमरुपमा वुझाई छ ।

सहकारी ऐनका उल्लेखित सकारात्मक प्रावधानहरू हुदा हुदै एवं सम्वन्धित विषयका सहकारीहरू स्थापना भएर पनि उत्पादन र सेवाका क्षेत्रमा सहकारीको उपस्थिति वलियो हुन सकेको छैन्

संविधान, सरकारको आवधिक योजना तथा नीति तथा कार्यक्रमले यस क्षेत्रलाई प्राथमिकता दिदा दिदै पनि किन सहकारी बचत तथा ऋण जस्तो सजिलो व्यवसायमा मात्र केन्द्रित भयो र यस क्षेत्रबाट संकलित पूंजी उत्पादन र सेवाको क्षेत्रमा परिचालन हुन सकेन भन्ने वहस अधिकांश फोरमहरुमा उठदै आएको छ । यसै विषयमा केन्द्रित रहेर यस लेखमा चर्चा गर्ने प्रयास गरेको छु ।

सहकारी व्यवसायसंग अर्न्तसम्वन्धित ऐनहरु

विश्वभर फैलिएको कोरोना महामारीको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि चालिएको लकडाउनको विषम परिस्थितिमा संविधानले परिकल्पना गरेअनुरुप सहकारी क्षेत्रको दरिलो उपस्थितिको खोजी भयो । सहकारी अभियानप्रति सकारात्मक धेरै व्यक्तिबाट अभियानले यसलाई अवसरको रुपमा लिनुपर्ने धारणा व्यक्त भइरहेको थियो । यद्यपि यस महामारीको विषम परिस्थिति सहकारी क्षेत्रका लागि कम चुनौतीपूर्ण थिएन् । वित्तीय सेवा, कृषिउपज संकलन र विक्रीवितरण, दूध संकलन, कोप सप संचालन गरी दैनिक उपभोग्य वस्तुको विक्रीवितरणमा संलग्न सहकारीहरूले विभिन्न माध्यमले सेवा प्रवाह गरिरहे । धेरै स्थानमा कृषि एम्वुलेन्स संचालन गरी सदस्यहरुबाट उत्पादित कृषि उपजहरु संकलन गरेर वजारसम्म पुरयाई मूल्य नियन्त्रणमा सहकारीको योगदान सार्थक वन्यो । तर त्यो अपेक्षित थिएन ।

अर्कोतर्फ सहकारी ऐन, २०७४ को विभिन्न दफाले सहकारी संघ/संस्थालाई उत्पादन, वजारीकरण र सेवामा प्रोत्साहित गरेको देखिन्छ । ऐनको दफा ९ मा ठूला लगानी चाहिने उत्पादन कार्य गर्न तथा वस्तु वा सेवाको परिपूर्ति गर्न विशिष्टिकृत सहकारी संघको गठन गर्ने व्यवस्था, दफा १८ को उपदफा ४ ले उत्पादन, सञ्चय वा प्रशोधन गर्ने व्यवसायिक संस्थाहरूलाई फराकिलो कार्यक्षेत्रको व्यवस्था, दफा २१ ले कारोवार व्यवसाय, उद्योग वा परियोजना संचालन गर्न सक्ने, सो का लागि छुट्टै संस्था दर्ता गर्नु नपर्ने, दुई वा दुई भन्दा वढी संस्था वा संघले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको वजारीकरणका लागि व्यवसाय, उद्योग वा परियोजना संचालन गर्न सक्ने, सहकारी ब्राण्डमा विक्री वितरण गर्न सक्ने व्यवस्था गरेको छ । त्यसैगरी दफा ७८ ले विशेष गरी उत्पादन र वजारीकरणका सहकारी संघ/संस्थाहरूका लागि विभिन्न छुट,

सुविधा र सहुलियतको व्यवस्था गरेको छ । तर सहकारी ऐनका उल्लेखित सकारात्मक प्रावधानहरु हुदा हुदै एवं सम्वन्धित विषयका सहकारीहरु स्थापना भएर पनि उत्पादन र सेवाका क्षेत्रमा सहकारीको उपस्थिति वलियो हुन सकेको छैन् । यस सम्वन्धमा राष्ट्रिय सहकारी महासंघबाट तयार भएको अर्न्तसम्वन्धित ऐनहरूको अध्ययन गर्दा ४७ वटा भन्दा वढी ऐनहरु सहकारी मैत्री नभएको निष्कर्ष रह्यो ।

नेपालको भौगोलिक अवस्थाले समेत विपदको जोखिम रहेको छ । भुकम्प, हावाहुरी, वाढी पहिरोको सम्भावना अत्यधिक छ । यस प्रकारको विपद्का समयमा स्थानीय समुदायको आवद्धता रहेको सहकारी संघ/संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् । तर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ नै सहकारी मैत्री छैन् । उक्त ऐनमा विपद् व्यवस्थापनका लागि सार्वजनिक, निजी र गैरसरकारी निकायको नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्वन्धी विषय समावेश गर्नुपर्ने र सो ऐन अर्न्तगत जोखिम व्यवस्थापनका लागि वन्ने कार्यकारी समितिमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्षले निजी क्षेत्रको प्रतिनिधित्व गर्ने व्यवस्था छ तर उक्त ऐनमा सहकारी क्षेत्रको प्रतिनिधित्व हुने व्यवस्था नै छैन् । विपद् व्यवस्थापन ऐनले सहकारी क्षेत्रलाई नै चिन्दैन । यसै गरी पर्यटन प्रवर्द्धनमा सहकारी क्षेत्रको भूमिका प्रभावकारी हुने भएता पनि पर्यटन ऐन, २०३५ ले ट्राभल एजेन्सी, रेष्टुरेण्ट, रिसर्ट लगायतका पर्यटन व्यवसायसंग सम्वन्धित व्यवसाय गर्न व्यक्ति, फर्म वा कम्पनीलाई मात्र तोकेको छ । विऊ विजन ऐन २०४५ ले विऊ विजन उत्पादन तथा वितरण र विऊविजन उद्योगमा लगानीका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्ने तथा विउविजन समितिमा व्यक्ति तथा कम्पनीको प्रतिनिधित्व हुने व्यवस्था छ । यसैगरी औधोगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ अन्तर्गत प्रतिष्ठानको समितिमा, औधोगिक व्यवसाय ऐन, २०७३ अन्तर्गत उद्योग तथा लगानी प्रवर्द्धन वोर्डको समितिमा, आयोडिनयुक्त नुन (उत्पादन तथा विक्री वितरण) ऐन, २०५५ अन्तर्गत गठन हुने आयोडिन अभावजन्य विकार निवारण समितिमा, उपभोक्ता संरक्षण ऐन, २०७५ अन्तर्गत गठन हुने उपभोक्ता संरक्षण परिषदमा, विरूवा संरक्षण ऐन, २०६४ को समितिमा

नेपालको भौगोलिक अवस्थाले समेत विपदको जोखिम रहेको छ । भुकम्प, हावाहुरी, वाढी पहिरोको सम्भावना अत्यधिक छ । यस प्रकारको विपद्का समयमा स्थानीय समुदायको आवद्धता रहेको सहकारी संघ/संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् ।

उद्योग वाणिज्य महासंघको प्रतिनिधित्व हुने व्यवस्था छ तर यी कुनैमा पनि सहकारी क्षेत्रको प्रतिनिधित्वको व्यवस्था छैन् । यसैगरी राष्ट्रिय चिया तथा कफी विकास वोर्डको कार्यकारी समितिमा साना चिया तथा कफी किसानवाट प्रतिनिधित्व भएतापनि चिया तथा कफी उत्पादक सहकारी संघ/संस्थाको प्रतिनिधित्वको व्यवस्था छैन् ।

यसै गरी सामाजिक सुरक्षा ऐन, २०७५, बीमा ऐन २०४९, नागरिक लगानी कोष ऐन २०४७, पेटेण्ट डिजाइन र ट्रेडमार्क ऐन २०२२, नेपाल पेट्रोलियम ऐन २०४०, प्रतिस्पर्धा प्रवर्द्धन तथा वजार संरक्षण ऐन २०६३, विशेष आर्थिक क्षेत्र ऐन २०७३, सार्वजनिक–निजी साझेदारी तथा लगानी ऐन २०७५, होटल व्यवस्था तथा मदिराको विक्री वितरण (नियन्त्रण) ऐन २०२३, नेपाल पर्यटन वोर्ड ऐन २०५३, दुरसञ्चार ऐन २०५३, छापाखाना तथा प्रकाशन सम्वन्धी ऐन २०४८, राष्ट्रिय प्रशारण ऐन २०४९, जीवनाशक औषधि ऐन २०४८, पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५, पशु वधशाला र मासु जाँच ऐन २०५५, विद्युत ऐन २०४९, शिक्षा ऐन २०२८, औषधि ऐन २०३५, अनिवार्य तथा निशुल्क शिक्षा सम्वन्धी ऐन २०७५, आर्थिक कार्यविधि ऐन २०५५ लगायतका ऐनहरूले सहकारीलाई चिन्दै चिन्दैन् । वित्तीय क्षेत्रमा सहकारी अभियानको मापनयोग्य योगदान भएतापनि बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ लगायतका ऐनहरूले समेत सहकारीलाई मान्यता दिएको छैन् ।

निष्कर्ष

नेपालको सहकारी अभियानले एउटा चरण पारे गरी नयाँ उचाई र विश्वास जित्न सफल भएको सन्दर्भमा विविध प्रकृतिका संघ/संस्थाको स्थापना भई संस्थागत आधार तयार भइसकेको छ । यसका लागि सबै तहका सरकारले सहकारीको महत्वबोध गर्न जरूरी छ । सहकारी व्यवसायीक मोडेलमार्फत उत्पादन, संकलन, प्रशोधन र बजारीकरणको महत्व देखिएको समयमा सहकारी अभियानलाई उत्पादनदेखि बजारीकरणसम्मको प्रणालीमा जोड्नु पर्ने आजको आवश्यकता हो । कोभिड-१९ को महामारीले सहकारी अभियानको महत्वलाई झन उजागर गरिदिएको छ । जसकाकारण सबै तहका सरकारले सहकारी सबै क्षेत्रमा आवश्यक रहेको महशुस भएको देखिन्छ । त्यसैले सहकारी अभियानले पनि यो विश्वासलाई मजबुद बनाउनका लागि तीन तहका सरकारसँग हातेमालो गर्न आवश्यक छ । यस सन्दर्भमा उत्पादन, वितरण तथा सेवाको क्षेत्रमा सहकारी योगदानका लागि नीति निर्माताहरूले उल्लेखित लगायतका अन्य ऐनहरूलाई सहकारीमैत्री वनाउनुको विकल्प छैन् । अनि मात्र यथार्थमा समृद्ध र आत्मनिर्भर अर्थतन्त्रको विकास हुनेछ ।

सन्दर्भ सामग्रीः

१. नेपालको संविधान
२. पन्ध्रौ योजना (आ.व. २०७६/७७-२०८०/०८१)
३. आर्थिक सर्वेक्षण २०७६/७७
४. आर्थिक वर्ष २०७७ ७८ को वजेट वक्तव्य
५. महासंघको अर्न्तसम्वन्धित ऐनहरु सम्वन्धि अध्ययन प्रतिवेदन
६. सहकारी सन्देशका विभिन्न अंकहरू

सहकारीमा उच्च प्रविधि अवलम्बनको अवसर

शिवजी सापकोटा
प्रमुख कार्यकारी अधिकृत

नेपालको संविधान २०७२ ले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागीता तथा विकास मार्फत तीव्र आर्थिक वृद्धि हासिल गर्दै राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील वनाउदै समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने उद्देश्य लिएको छ । यसले मुलुकको आर्थिक विकासका लागि सार्वजनिक, निजी र सहकारी एक आपसमा सहकार्य गरी अघि वढ्नु पर्ने सन्देश दिएको छ । नेपाल सरकारको पन्ध्रौं योजनाले समेत सहकारी क्षेत्रलाई प्राथमिकतामा राखि आर्थिक समृद्धि र सामाजिक रूपान्तरणका लागि गुणात्मक एवम् दीगो सहकारिता सोचका साथ रणनीति तथा कार्यनीति तर्जुमा गरेको छ ।

सवैभन्दा वढी सञ्जाल विस्तार भएको यस क्षेत्रमा विभिन्न प्रकृतिका प्रारम्भिक सहकारी संस्थाहरूको गठन भई ६५ लाख भन्दा वढी व्यक्तिहरूलाई संगठित गराएको छ । पछिल्लो तथ्यांक अनुसार ३२५ जिल्लास्तरीय सहकारी संघहरू, २० विषयगत केन्द्रीय सहकारी संघहरू, १ राष्ट्रिय सहकारी बैंक सहित शीर्षस्थ निकायका रूपमा राष्ट्रिय सहकारी महासंघ क्रियाशील रहेको छ । सहकारी क्षेत्रले कूल गार्हस्थ उत्पादनमा ४ प्रतिशत तथा वित्तीय क्षेत्रमा २१ प्रतिशत योगदान गरिरहेको परिप्रेक्षमा आमसमुदायलाई वित्तीय पहुचका साथै उत्पादन, संकलन, प्रशोधन र बजारीकरणका एवं महिला तथा पिछडिएका वर्गहरूको क्षमता अभिवृद्धिका लागि यस क्षेत्रको योगदान महत्वपूर्ण रहेको छ । विधिवत रूपमा सहकारी संस्थाको विषय २०१३ साल देखि समुदायमा विद्यमान हुँदा पनि २०४६ को लोकतन्त्रिक व्यवस्था पछि २०४८ को सहकारी ऐनले समुदाय केन्द्रित सहकारीको स्थापनालाई प्रवर्द्धन गरेको छ । २०४९ को नियमावलीले समुदायको आफ्नो संस्थाको रूपमा सहकारी क्षेत्रलाई फैलन मद्दत गरेको र अभियानको रूपमा जागरण ल्याउन नेपालमा बचत तथा ऋण केन्द्रीय सहकारी संघ र राष्ट्रिय सहकारी महासंघले अग्रसरता लिएको पाइन्छ ।

समुदायमा वित्तीय कारोबारका लागि सहकारीहरू संगठित हुने र सोही समयमै कृषि, उपभोक्ता, दुग्ध, विभिन्न कृषि उपज सँग सम्बन्धीत र वहुउद्धेश्यीय प्रकृतिका सहकारीहरू सदस्यहरूको सेवाको लागि गठन भए र हाल सम्म पनि क्रियाशील रहेकाछन् । यो संख्या ३४ हजार भन्दा बढी पुगेकोछ । संस्थागतरूपमा आर्थिक क्रियाकलापहरू सँग सरोकार राख्ने र सोही मार्फत सदस्यको आर्थिक जीवनस्तर सुधारका लागि आफ्ना विशिष्टिकृत मूल्य, मान्यता, सिद्धान्त र सञ्चालन पद्धतीको आधारमा समुदायलाई वित्तीय सेवाहरू उपलब्ध गराउने गरी गठित बचत तथा ऋण सहकारीहरू जसका परिकल्पनाकार र मार्गदर्शनका प्रणेताको रूपमा जर्मनीका एफ डब्ल्यू राइफाइसन (१८१८-१८८८) लाई चिनिन्छ आज यही अवधारणाको अभ्यास संसारभर फैलिएकोछ र यसैका असल अभ्यासहरू पछयाउँदै नेपालले साकोस सञ्चालनमा अग्रगामी उपलब्धी हासिल गरेकोछ ।

विशेषगरी सदस्यहरूको प्रवर्धन,

संस्थागत विकास, स्तरीकरण र प्रविधि उपयोग/हस्तान्तरणको माध्यमबाट अनुशासित र मर्यादित सहकारीको संस्कृती सिकाउने, संघ/संस्थाको विनियम, नीति तथा कार्यविधिहरू निर्माण गर्ने, आवश्यक अनिवार्य नीतिहरू, वित्तीय मापदण्ड (पर्ल्स अनुगमन प्रणाली) बमोजिम सहकारीको वित्तीय एवम् आत्मनिर्भरता वा दीगोपना परीक्षण गर्ने, सुशासन मार्फत भूमिका र जिम्मेवारी विषयमा छलफल र वहस गर्ने, चुस्त आन्तरिक सञ्चालन एवम् व्यवस्थापन मार्फत चुस्तता एवम् दुरूस्तता कायम गर्ने, नियमित अनुगमन, सुपरिवेक्षणका औजारहरूको प्रयोग मार्फत राष्ट्रिय, अन्तराष्ट्रिय मापदण्डहरूको निर्माण, कार्यान्वयन, परीक्षण र स्तरीकरणका कार्यहरू नेपालमा भएकाछन् ।

संस्थागत सहकारी संञ्चालनको २८ वर्षमा शुरूवाती अवस्था देखि स्तरीय संस्था निर्माण सम्म आइपुग्दा संस्थाको व्यवस्थापकीय पक्ष, सुशासन, ज्ञान एवम् दक्षतामा आधारित नेतृत्व, परिस्कृत अभियान र मार्गदर्शनका चरणमा पुगेको पाइन्छ । रोजगारी सृजना, बृहत पूँजी परिचालन, समुदायको विश्वासको केन्द्र एवम् सदस्यको जीवनपद्धति सहकारी बनेको भने अर्को तिर उत्पादन, बजारीकरण, औद्योगीकरण र ज्ञान, सीप, दक्षता, क्षमता र उत्पादनका संलग्न उद्यमी जनशक्तिको विकास र रोजगारीको सृजनामा प्रश्न उठने गरेको महसुस गराएकोछ । सन् २०१९ को अन्त्यतिर विश्वव्यापी स्वास्थ्य संकटको रूपमा फैलिएको कोभिड-१९ ले यस प्रश्नको पनि जवाफका लागि अवसर प्रदान गरेको देखिन्छ । सबैभन्दा ठूलो विषय उत्पादन, बजारीकरण, उद्यमशिलता र आत्मनिर्भरता रहेको तथ्य यसले देखाएकोछ । यही महामारीको अवस्थामा पनि अत्यन्त न्यून प्रभावित क्षेत्र भनेको कृषि रहेको सर्भेक्षणले देखाएकोछ ।

सहकारीहरू यिनै प्रतिकुल परिस्थितिमा पनि सदस्यहरूलाई सेवा प्रदान गर्नका लागि स्वनियमनमा रही स्वतस्फुर्त रूपमा क्रियाशील रहे, कतिपय सहकारी संघ/संस्थाहरूले खाद्यान्न, तरकारी, औषधी जस्ता अत्यावश्यक वस्तुहरूको आपूर्तिमा संलग्न रहेर विपदका समयमा सहकारीको साथ र विश्वासलाई स्थापित गर्न सके ।

सहकारी संस्थाको दैनिक प्रकाशकीय एवम् आर्थिक क्रियाकलापहरूको अभिलेखिकरणलाई सहज बनाउन २०५५ सालदेखि यदाकदा शुरूवात गरिएको प्राविधिकीकरणको सुस्त गतिलाई परिवर्तित समय र प्रविधिको स्वरूपले विस्तार घिस्रिन बाध्य बनाएको अवस्था र अन्य वित्तीय संस्थाहरूको जस्तो ठूलो प्राविधिक लगानी नभएका कारण सुशुप्त रूपमा प्रविधिको अवलम्बन गरेका सहकारीहरूका लागि मोवाईल प्रविधिले प्रतिस्पर्धामा ठूलो चुनौती खडा गऱ्यो । सहकारीको बृद्धि, विकास, व्यवस्थापन र सुशासनको अनुकुल अवस्थाले प्रविधिमा आधारित सेवा दिनका लागि सक्षम संस्थाहरूले परिवर्तित स्वरूपहरूलाई अंगाल्दै आजको अवस्थासम्म ल्याइपुऱ्याएका छन् ।

जति पनि सहकारीहरूले आजसम्म लेखा अभिलेख व्यवस्थापन, प्रतिवेदन प्रकाशन, तथ्यांक तुलना र आंकलन, डिजिटल सेवा, केन्द्रिय सञ्जालको निर्माण, भुक्तानीको व्यवस्था, नगदरहित कारोबार आदिको सेवा प्रदान गरिरहेकाछन् ती सबै प्रविधि सहकारी क्षेत्रको आफ्नो प्रविधिमा सञ्चालित रहेको अवस्था छैन । वित्तीय संस्थाको नेटवर्क र निजी कम्पनीहरूको सहजिकरण रहँदै आएको छ सहकारी क्षेत्रको बेग्लै पहिचान सहितको कारोबार गर्ने कुनै संयन्त्र बन्न नसकेको अवस्थामा आज विश्वव्यापी स्वास्थ्य संकटमा आ.ब.२०७७।७८ को नेपाल सरकारको नीति तथा कार्यक्रम एवम् बजेट बक्तव्यमा बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थालाई एक अर्कामा गाभिन तथा नविन प्रविधिको प्रयोग बढाउँदै नगद रहित कारोबार गर्न प्रेरित गरिनेछ । सहकारी प्रणालीमा जोखिम न्यूनीकरणका लागि सहकारी कर्जा सुचना केन्द्र स्थापना गरिनेछ । सहकारी बचत कर्जा सुरक्षण गर्ने व्यवस्था मिलाइनेछ भन्ने विषय स्पष्ट पारेकोछ ।

यहाँ गाभिने वा एकिकरण हुने भन्नु बलियो, सशक्त एवम् सबल संस्थाको परिकल्पना गरिनु हो भने नगदरहित कारोबार कर्जा सूचना केन्द्र र सुरक्षणको व्यवस्था गरिनु सहकारी क्षेत्रमा प्राविधिक फड्को मार्ने अवसर प्रदान गरेको बुझ्नुपर्दछ । सहकारी क्षेत्रको प्रवर्द्धन विकास, सहजिकरण र बहस पैरवीका लागि नेतृत्व लिने संघ संगठनहरूले अब सहकारी क्षेत्रको लागि उच्च प्रविधिको विषयमा वकालत गर्ने र राज्यको नीति बमोजिम अधिकार प्राप्तीको पहलकदमी लिन ढिला भइसकेकोछ ।

कारोबार प्रविधि मार्फत गर्नुभनेको सहकारीका सदस्यहरूले उत्पादन, प्रशोधन, बजारीकरण गरेको उपज, वस्तु वा सेवालाई प्रविधि मार्फत उपभोक्ता समक्ष प्रस्तुतिकरण गर्नु र सो को माग एवम् आपूर्तिको प्रविधि मार्फत व्यवस्था मिलाउनु हो भने आर्थिक कारोबारलाई नगदरहित प्राप्ति एवम् भुक्तानीको व्यवस्थापन कुनै निश्चित स्थान, व्यक्ति, समयको सीमाभित्र नरही सम्पन्न गर्ने व्यवस्थापन गर्नु पनि हो । त्यसैले आजैदेखि उत्पादकदेखि उपभोक्ता सम्मका सम्पूर्ण प्रक्रियाहरू, नगदरहित कारोबारहरू र सहकारीहरूको भुक्तानीपूर्जाको समेत सर्वस्वीकार्यतालाई सहकारी राष्ट्रिय नेटवर्क र सहकारीको आफ्नो भुक्तानी एवम् फछर्यौटको संयन्त्र निर्माण गरी सहकारीका सेवालाई प्रतिस्पर्धि बनाउन यस महामारीले उपलब्ध गराएको अवसर सदुपयोग गर्न तर्फ लागौं । निश्चय नै सम्बन्धित नियमनकारी निकाय, सरोकारवाला संघ संस्थाहरू र शिर्षतहका सहकारी संघहरूले यसमा साथ र सहयोग दिनेछन् ।

सहकारी संस्थामा सुशासनः आजको प्रमुख चुनौति

श्यामकृष्ण दाहाल
पूर्व निर्देशक,
नेपाल राष्ट्र बैंक

१. परिभाषाः

सामान्य अर्थमा सुशासन भन्नाले असल शासन भन्ने बुझिन्छ । बृहत रूपमा सुशासन भन्नाले संस्थाको हरेक संयन्त्रलाई उत्तरदायी बनाई सरोकारवालाहरूको आवश्यकता अनुसार सेवा प्रवाह गर्नु तथा प्रणालीमा सरोकारवालाहरूको सक्रिय एवं सार्थक सहभागिता गराई संस्थाले उपलब्ध गराउने वस्तु तथा सेवाहरु छिटो छरितो, सरल एवं न्यायिक रूपमा उपलब्ध गराई सम्बध्द सबैलाइ सुखद अनुभुति दिलाउनुलाई बुझाउदछ ।

संयुक्त राष्ट्रसंघले सुशासनका विशेषताअन्तरगत विधिको शासन (rule या बिध०, समता एवं समावेशी (equity and inclusiveness),सहभागिता (participation) अनुत्रि?यता (responsiveness), बहुमत (consensus oriented), प्रभावशीलता र दक्षता (effectiveness and efficiency), पारदर्शिता (transparency), उत्तरदायित्व (accountability), निष्पक्ष आवधिक निर्वाचन (air and Election) हरूलाई राखेको छ ।

नेपालमा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ ले प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सृजना गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन, र प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताको रूपमा रूपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने विषयहरूलाई सुशासनको आधारको रूपमा लिएको पाईन्छ ।

२. सहकारीका बिशेषताहरू:

सहकारी आपसी सहकार्यबाट सञ्चालन हुने, सदस्य हुनका लागि कुनै करकाप नहुने र ऐच्छिक रूपमा सदस्य रहने, संस्थामा प्रजातान्त्रिक निर्णय लागू हुने, सदस्य वीच आर्थिक सामाजिक सहभागीता रहने, आफ्ना सदस्य बीच शिक्षा, तालिम र सूचनाहरूको प्रवाह गर्ने जस्ता प्रावधानहरू रहेकोले यसका बिशेषताहरू पनि सोही प्रकृतिका रहेकाछन् । सहकारीको प्रमुख बिशेषता अन्तरगत व्यक्तिलाई प्रमुखतामा राखेर एक सदस्य एक मतको व्यवस्थागरी सदस्यलाई महत्व दिएको छ । त्यसैगरी, तोकिएका आधार र मापदण्ड मिलेमा सबै व्यक्तिलाई सहकारीमा आवद्ध गरी सदस्यता खुल्ला गरिएको हुन्छ भने सबै सदस्यहरूले समान ब्यवहार अपनाउने र पारस्परिक सहयोग गर्ने यसको अर्को महत्वपूर्ण बिशेषताको रूपमा रहेको छ । सहकारीले सदस्यहरूको आर्थिक,सामाजिक र साँस्कृतिक विकासलाई बढी महत्व दिएको हुन्छ । विशेषतः सहकारी संस्थाको मूख्य बिशेषताको रूपमा आधार मूल्य (आत्म सहयोग, स्वउत्तरदायित्व, प्रजातन्त्र, समानता, न्याय र ऐक्यबद्धता) र नैतिक मूल्य (इमानदारिता, खुलापन, सामाजिक उत्तरदायित्व र अरूको हेरचाह) रहि आएको छ ।

३. संस्थागत सुशासन सम्बन्धी मान्यताहरू:

सुशासन एउटा यस्तो व्यवस्था हो,जहाँ कानुनको पुर्ण परिपालना हुन्छ । संस्थागत सुशासन कायम गर्नका लागि आवश्यक हुने महत्वपूर्ण विषय भनेको इमान्दारिता, जवाफदेहिता र जिम्मेवारी हो । सुशासनले दण्डहीनताको अन्त्य, पारदर्शी एवं भ्रष्टाचाररहित समाजको निर्माण, अनुशासनको पुर्ण पालना र विकृति रहित समाजको निर्माण भई राष्ट्र सुव्यवस्थित रहन्छ भन्ने मान्यता राखेको हुन्छ । त्यसैले कुनै पनि संस्थामा सुशासन तव मात्र सफल हुन्छ जव संस्थाको लागि जिम्मेवार तहबाट निष्ठापूर्वक भूमिका निर्वाह गरिएको हुन्छ । यसको लागि सञ्चालक समिति, अन्य समितिहरू, उच्च व्यवस्थापन, लेखापरीक्षक तथा जिम्मेवार कर्मचारीले इमान्दारिताका साथ आ-आफ्नो तहबाट कार्य सम्पादन गर्नु पर्दछ ।

४. संस्थागत सुशासनका सिद्धान्तहरू:

संस्थामा सुशासन कायम गर्नका लागि सबैभन्दा महत्वपूर्ण कार्य अन्तरगत संस्थागत एवं नीतिगत रूपमा ऐन नियमको व्यवस्था गर्ने, सो व्यवस्थालाई पूर्णरूपमा परिपालना गर्नका लागि सम्बद्ध पक्षलाई आवश्यक जिम्मेवारी दिने, सोको नियमित अनुगमन गर्ने र कार्यान्वयन नभएमा कारवाहीको प्रक्रिया अघि बढाउने गर्नु पर्दछ । सामान्यतयाः सुशासनका सिद्धान्तलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छः

क. उत्तरदायित्वः आफ्ना निर्णयहरूलाई पुरा गर्नका लागि सुनिश्चित गर्ने,
ख. जिम्मेवारीः सम्बद्ध सबैले आ-आफ्नो तर्फबाट जिम्मेवारी लिई कुशलतापूर्वक सम्पन्न गर्ने,
ग. समान व्यवहारः सबै सरोकारवालाहरूलाई निष्पक्ष र न्यायसंगत रूपमा समान व्यवहार गर्ने,
घ. पारदर्शिताः संस्थाका आर्थिक क्रियाकलापहरूलाई सम्बद्ध पक्षहरू वीचमा जानकारी गराउने र आवश्यकता अनुसार जांच समेत गराउने,
ङ. दीर्घकालिन मूल्य मान्यतालाई आत्मसात गर्ने,
छ. नैतिकताः उच्च नैतिक चरित्र तथा संस्थाको आचार संहिताको परिपालना गर्ने ।

५. सुशासन सम्बन्धी संस्थागत संरचनात्मक रूपरेखा:

कुनै पनि संस्थामा सुशासन कायम गर्नका लागि दर्शन (Vision), बिशेष काम (Mission), लक्ष्यहरू (Goals) र रणनीति (Strategy) भित्र रहेर देहाय बमोजिमको संरचनालाई विश्वव्यापी रूपमा स्वीकार गरिएको पाईन्छ ।

सञ्चालक समिति संस्थाको उच्च निकाय हुने र अन्य समितिमा समेत सञ्चालकको प्रतिधित्वि रहने भएकोले संस्थामा सुशासन कायम राख्नका लागि यसले कानूनी तथा नियामकीय व्यवस्थाको पूर्णरूपमा पालना गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी बोकेको हुन्छ । संस्थामा पारदर्शिता राख्नु सुशासनको दोश्रो महत्वपूर्ण पाटो हो । संस्थाका काम कारवाहीहरूमा पारदर्शिता कायम राख्न सकिएन भने त्यसले संस्थाको काम कारवाही प्रतिको विश्वनियता माथि नै प्रश्न चिन्ह उठ्ने भएकोले संस्थाले गरेका सम्पूर्ण काम कारवाहीहरू पूर्णरूपमा पारदर्शि बनाउनु पर्दछ । त्यसैगरी आन्तरिक नियन्त्रण प्रणाली कमजोर भएमा सुशासन प्रणाली स्वतः कमजोर हुनजाने भएकोले यसलाई अत्यन्त महत्वका साथ कार्यान्वयनमा ल्याउनु पर्दछ । यसका लागि संस्थाबाट भए गरेका कामको लेखा सुपरीवेक्षण समिति मार्फत् आन्तरिक नियन्त्रणको व्यवस्था हुनु पर्दछ । नियमित रूपमा आन्तरिक लेखा परिक्षण गराउने, सुचनाको हकले अवलम्बन गरेका काम कार्वाह ीगर्न अग्रसर हुने गरेको खण्डमा स्वनियमन भई सहकारीमा सुशासन कायम हुने देखिन्छ ।

सुशासनको अर्को महत्वपूर्ण पाटोको रूपमा रहेको विषय हो जोखिम व्यवस्थापन । संस्थामा आउन सक्ने बिभिन्न प्रकारका जोखिमहरू मध्ये मुख्य रूपमा रहेका जोखिमहरू जस्तै, सञ्चालन जोखिम (मानवीय, कार्यगत र प्रणालीगत जोखिम), कर्जा जोखिम र बजार जोखिमलाई बिशेष ध्यान दिई त्यसको व्यवस्थापन गर्नु पर्दछ । कर्जा लगानीबाट आउनसक्ने जोखिमहरूलाई समयमै पहिचान गरी त्यसलाई न्यूनिकरण गर्नका लागि आवश्यक कार्ययोजना बनाउन

सकिएन भने संस्थाको भविश्य नै अन्यौलमा पर्नसक्ने भएको र संस्थाले ठूलो मूल्य चुकाउनु पर्ने हुंदा यसतर्फ समयमै सचेत रहने तथा सुशासन कायम राख्नका लागि संस्थाले प्रचलित मूल्य र मान्यता भित्र रहेर आफ्ना काम कारवाहीहरू सञ्चालन गर्ने गर्नु पर्दछ ।

६. सहकारी ऐन, २०७४ मा सहकारी संस्थामा हुनुपर्ने सुशासन सम्बन्धी व्यवस्थाः

सहकारी ऐन, २०७४ को दफा (२) ध मा सहकारी मूल्य भन्नाले स्वावलम्बन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यबद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरूको हेरचाह लगायत अन्तरराष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनु पर्छ भनि परिभाषित गरिएको छ भने ऐनको दफा (२) प माँसहकारी सिद्धान्त भन्नाले स्वैच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागिता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारीसहकारीबीच पारस्परिक सहयोग र समुदाय प्रतिको चासो लगायत अन्तराष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनु पर्छ भनि परिभाषित गरिएको छ ।

सहकारी संस्थाहरूलाई सुशासन कायम गर्न आवश्यक आधार तथा सहयोग गर्नका लागि सहकारी ऐनमा सहकारीको मूल्य, मान्यता, सिद्धान्त र व्यवसायिकता प्रवर्द्धन गर्न राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रीय संघ, प्रदेश तथा जिल्लास्तरीय सहकारी संघको व्यवस्था गरिएको छ । ऐनको दफा २४ मा कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रीत भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक समृद्धि हासिल गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ भनि किटान गरिएको छ । उक्त उद्देश्य पुरा गर्नका लागि संस्थाले सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने, गराउने,सदस्य र आफ्नो व्यवसायको वृहत प्रवर्द्धन तथा सोको बजारीकरण गर्ने, गराउने, सदस्यलाई शिक्षा, सूचना र तालीम प्रदान गर्ने गर्नुपर्छ । सदस्य संस्थामा सुशासन प्रवर्द्धन गर्ने, संस्था बीचको पारस्परिक सहयोग अभिवृद्धि गर्ने कुरामा जोड दिनुपर्छ । संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिन स्थायित्व र जोखिम व्यवस्थापनका सम्बन्धी कार्य गर्ने, आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने, संस्थाको व्यावसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न सकिएको खण्डमा सहकारी अभियानले नयाँ उचाई चुम्ने छ । मन्त्रालय, रजिष्ट्रार, प्रदेश, स्थानीय तह वा कार्यालयको निर्देशन पालना गर्ने, विनियममा उल्लेखित कार्यहरु गर्ने लगायतको व्यवस्था ऐनमा छ । त्यसैगरी ऐनको दफा २७ मा सहकारी संस्थाले यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्ने व्यवस्था रहेको छ । ऐन, नियमबाट छडी लगाउनुभन्दा पनि स्वनियमनमा सदस्यद्वारा नै संचालन हुने सहकारी अभियानले आफ्नो मुल्य, मान्यता र सिद्धान्तलाई मुटु मानेर अगाडी बढ्न सकेको खण्डमा सुशासन कायम हुन्छ । सुशासन सहकारीबाट अलग राखेर हेर्न सकिने विषय होइन ।

सहकारी संस्थाले आफ्नो संस्थामा सुशासन कायम गर्नका लागि आन्तरिक कार्यविधि बनाइ लागू गर्नुपर्ने हुन्छ । हरेक कदम नीति तथा कार्यविधिभित्र रहेर चाल्न सकियो भने सुशासन कायम हुन्छ । सदस्यता प्रदान गर्नका लागि आवश्यक नीति बनाइ लागू गर्नुपर्ने, संस्थाको कार्य सहज तथा सुसञ्चालन गर्न आवश्यकतानुसार कार्यविधि बनाई लागू गर्नुपने जस्ता विषयहरू ऐनमा पनि समावेश गरिएको छन् । ऐनमा भए पनि नभए पनि सबै विषयको नीति तथा कार्यविधि तयार गरी साधारण सभाबाट आवश्यक छलफल गरी पास गरेर त्यहि अनुसार कार्य गर्ने र साधारणसभाप्रति जवाफदेही हुने अवस्था भएको खण्डमा सुशासन कायम हुन्छ । संस्थामा सुशासन कायम गर्नका लागि ऐनको दफा ४३ मा सञ्चालक समितिको काम, कर्तव्य र अधिकार र दफा ४८ र ४९ मा लेखा सुपरीवेक्षण समितिको गठन तथा काम, कर्तव्य र अधिकारका बारेमा व्यवस्था गरिएको छ ।

आर्थिक कारोबार गर्ने कुनै पनि संघ/संस्था आर्थिक रूपमा पारदर्शीत हुनुपर्छ । अझ सहकारी त सदस्यद्वारा सदस्यकै लागि संचालन हुने भएकाले आर्थिक पारदर्शीता यसको पहिलो शर्त हुनुपर्छ । प्रत्येक सदस्यलाई आर्थिक गतिविधिको विषयमा सहज रूपमा सुचना दिनु सकिने व्यवस्था गर्नुपर्छ ।

संस्थामा आर्थिक पारदर्शिता भएमा मात्र संस्था सवल हुने हुंदा आर्थिक वर्ष व्यतित भएको तीन महिनाभित्र संस्थाको सम्पूर्ण आर्थिक हरहिसावको लेखा परीक्षण बाहृय लेखापरीक्षकबाट गराई सो को अनुमोदनका लागि वार्षिक साधारण सभामा पेश गर्नुपर्ने विषयहरू ऐनमा व्यवस्था गरिएको छ । तर, सहकारीले नियमित आन्तरिक लेखा परिक्षण गराउने, कम्तिमा पनि तीन/तीन महिनामा आर्थिक गतिविधिको विषयमा वेभसाइड, मिडिया वा अन्य उपायबाट सदस्यलाई उपलब्ध गराउने परम्पराको शुरूआत गर्न सकियो भने अभियानको सुशासनमाथी कसैले पनि औलां उठाउन सक्ने छैन । आन्तरिक लेखा परिक्षणका लागि राष्ट्रिय सहकारी महासंघले सुलभरूपमा सेवा प्रवाह गर्न सकेको खण्डमा सबै सहकारीमा एक रूपता समेत कायम हुने देखिन्छ । अब सहकारी अभियानले प्रवद्धनात्मक कार्यका साथै यस्ता सुशासन कायम हुन क्रियाकलापलाई पनि द्रुत गतिमा अगाडी बढाउनुपर्ने बेला आएको छ । सहकारीमा स सानो पुँजी हुने, सबै जनशक्तिमा आर्थिक गतिविधि बुझ्ने सिप र क्षमता नहुन पनि सक्ने भएकाले यस्ता विषयमा महासंघ तथा केन्द्रीय सहकारी संघहरूले कार्य गर्नुपर्ने देखिन्छ । संस्थामा एकै व्यक्ति सञ्चालक र कार्यकारी भएमा निजी स्वार्थ हावी भई सुशासन कायम हुन नसक्ने भएकोले ऐनले यसलाई पनि बन्देज लगाएको छ । त्यसैगरी ऐनमा, नीति र कार्यविधि बेगर जथाभावी रकम लगानी गर्न नपाईने, यदि गरेमा सम्बन्धितलाई कसुरको आधारमा सजाय गर्ने व्यवस्था रहेको छ ।

आर्थिक कारोबार गर्ने कुनै पनि संघ/संस्था आर्थिक रूपमा पारदर्शीत हुनुपर्छ । अझ सहकारी त सदस्यद्वारा सदस्यकै लागि संचालन हुने भएकाले आर्थिक पारदर्शीता यसको पहिलो शर्त हुनुपर्छ ।

७. संस्थागत सुशासनका सम्बन्धमा सहकारी संस्थामा रहेका प्रमुख चुनौतिहरूः

नियामक तथा सुपरीवेक्षकीय निकायको भूमिका तथा सक्रियतामा शिथिलता रहन, सहकारी संस्थाहरूको संख्या अधिक रहेकोले नियमनकारी निकायले सबै संस्थाहरूलाइ नियमन र सुपरीवेक्षण गर्न नसक्नु, आवश्यक ज्ञान र दक्षताको कमिका कारण संस्थाको सञ्चालक समिति र अन्य समितिहरूले आफ्नो भूमिका प्रभावकारी रूपमा गर्न/गराउन नसक्नु लगायतका विषयहरू संस्थाका प्रमुख चुनौतिका रूपमा रहेकाछन् । बिशेष गरी नेपालको सहकारी क्षेत्रमा संस्थागत सुशासनमा रहेका मुख्य चुनौतिहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छः

क. ऐन, नियम तथा निर्देशनको कार्यान्वयन पूर्णरूपमा हुन नसक्नु,

ख. नियमनकारी र सुपरीवेक्षकीय निकायको भूमिका प्रभावकारी हुन नसक्नु,

ग. नियमित रूपमा संस्थाको गतिविधिका सम्बन्धमा सञ्चालक समितिमा छलफल हुन नसक्नु,,

घ. सञ्चालक समितिमा एकाघर परिवार तथा नातागोता भित्र रहेका व्यक्तिहरूको उपस्थिति रहनु,

ङ. समिति तथा उपसमितिहरू स्वार्थमा बढी केन्द्रित हुनु, अनावश्यकरूपमा समितिले हस्तक्षेप गर्नु,

च. उच्च तह तथा निर्णायक भूमिकामा रहेका व्यक्तिहरूले दवावका कारण स्वार्थ रहित ढंगले कार्य गर्न नसक्नु,

छ. लेखा सुपरीवेक्षण समितिमा रहेका पदाधिकारीको दक्षता, ज्ञान, योग्यता एवं क्षमता कमजोर रहनु,

ज. सहकारीहरूको संख्या अधिक तथा सुपरीवेक्षकीय निकायमा रहने पदाधिकारीको संख्या कम भएकोले नियमित रूपमा निरीक्षण र सुपरीवेक्षण हुन नसक्नु ।

झ. संस्थाको समिति, उपसमिति तथा उच्च तहमा पारिवारिक व्यक्तिहरूको एकाधिकार रहदा समेत नियामक निकायले कारवाही गर्न नसक्नु,

ञ. कतिपय संस्थामा उच्च नैतिक मूल्य मान्यता र इमान्दारिता एवं पारदर्शिताको कमी रहनु,

ट. उत्तरदायित्व र जिम्मेवारी पालनाका लागि संस्थाका कर्मचारीहरूको कार्य बिभाजन एवं जिम्मेवारी नतोकिनु ।

ठ. दक्ष, योग्य एवं क्षमतावान् व्यक्तिहरू प्रतिस्पर्धात्मक प्रक्रिया मार्फत् नियुक्त गर्नुपर्नेमा सो नभइ आफन्त एवं नातागोताका मानिस नियुक्ति गर्नु, जसबाट सुशासन कमजोर हुन जानु,

ड. संस्थाका लागि आवश्यक नीति, नियम, कार्यविधिहरू नहुन, संस्थामा नीति नियम भए पनि कार्यान्वयन नहुनु,

ढ. व्यवस्थापनमा व्यवस्थापकीय क्षमताको कमि हुनु,

ण. नियामक निकाय तथा सुपरिवेक्षकीय निकायले दिएका निर्देशन पालना नहुनु,

त. संस्थामा आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहनु,

थ. जोखिम व्यवस्थापन प्रणाली कमजोर रहनु,

द. समिति तथा उच्च व्यवस्थापन वीच मतऐक्यता नहुनु

ध. साधारण सभामा सदस्यहरूबाट सशक्त भूमिका निर्वाह हुन नसक्नु (साधारण सभा कर्मकाण्डी मात्र हुनु)

न. संस्थाका थोरै सदस्य बाहेक अन्य सदस्यहरू जागरूक हुन नसक्नु

प. बचत तथा ऋण परिचालन सम्बन्धी बिकृतिहरू रहनु (संस्थाका गैह्र सदस्य वा कार्यक्षेत्र बाहिर गई कारोवार गर्नु) आदि ।

८. सहकारी संस्थामा सुशासन कायम गर्न चाल्नु पर्ने कदमहरूः

कुनै पनि संस्थामा आन्तरिक सुशासन कायम रहन सकेन भने दुर्घटना हुन सक्छ । संस्थालाई सवल एवं गतिशिल बनाउनका आन्तरिक सुशासनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । हरेक सहकारी संस्थाले सहकारीको मूल्य मान्यता, सिद्धान्त एवं नियम तथा कानूनको पूर्णरूपमा परिपालना गर्नु, प्रत्येक व्यक्तिले आआफ्नो तहबाट इमान्दारिता, जवाफदेहिता र जिम्मेवारी भित्र रहि काम कार्यवाहीहरू सञ्चालन गरेमा मात्र संस्थाले निर्दिष्ट लक्ष्य हासिल गर्न सक्छ । अतः सहकारी संस्थामा आन्तरिक सुशासन कायम गर्न नियमनकारी निकायका अलावा संस्था आफैले देहायका कदमहरू चाल्नुपर्ने देखिन्छः

क. सहकारी मूल्य, मान्यता तथा सिद्धान्तको परिपालना एवं प्रभावकारी रूपमा ऐन, नियम , कानून तथा निर्देशनको कार्यान्वयन गर्ने,

ख. नियमनकारी र सुपरीवेक्षकीय निकायले

आफ्नो भूमिका प्रभावकारी रूपमा कार्यान्यनमा ल्याउने, सुशासनमा नचलेका संस्थाहरूलाई सहि ट्र्याकमा ल्याउन संघहरूले भूमिका खेल्ने ।

ग. सञ्चालक समिति तथा अन्य समितहरूले संस्थाको गतिविधिका सम्बन्धमा नियमित रूपमा छलफल गर्ने,

घ. स्वार्थ गासिएका, एकाघर परिवार तथा नातागोता भित्र रहेका व्यक्तिहरू समितिमा नबस्ने,अनावश्यकरूपमा समितिले हस्तक्षेप नगर्ने,

ङ. समिति तथा उपसमिति एवं उच्च तह तथा निर्णायक भूमिकामा रहेका व्यक्तिहरूले स्वार्थ रहित ढंगले कार्य गर्ने,

च. समिति तथा उपसमिति एवं उच्च तहमा दक्षता, ज्ञान, योग्यता एवं क्षमता भएका व्यक्तिहरू नियुक्त गर्ने

छ. लेखा सुपरीवेक्षण समितिलाई सशक्त बनाई आन्तरिक नियन्त्रण प्रणाली सुदृढ बनाउने,

ज. बचत परिचालन तथा कर्जा लगानीमा रहेका बिकृतिहरूलाई हटाउनका लागि प्रभावकारी रूपमा कार्य गर्ने, जोखिम व्यवस्थापन प्रभावकारी बनाउने,

झ. सहकारीहरूको संख्या अधिक भएकोले कमजोर सुशासनमा रहेका संस्थाहरूलाई खारेज गर्ने वा एक आपसमा गाभ्ने प्रक्रिया प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने,

ञ. उच्च नैतिक मूल्य मान्यता र इमान्दारिता एवं पारदर्शिताको साथ कार्य गर्ने,

ट. अनिवार्य रूपमा संस्थाका कर्मचारीहरूको कार्य बिभाजन एवं जिम्मेवारी तोकिनुका साथै उत्तरदायित्व र जिम्मेवारी परिपालनामा कठोर नीति अवलम्बन गर्ने, साथै कर्मचारीको स्थायित्वका लागि भूमिका खेल्ने ।

ठ. प्रतिस्पर्धात्मक प्रक्रिया मार्फत् संस्थामा दक्ष, योग्य एवं क्षमतावान् व्यक्तिहरू नियुक्त गर्ने, उनीहरूलाई सहकारी अभियानमा टिकी राख्नका लागि आकर्षक प्याकेज दिने ।

ड. संस्थाका लागि आवश्यक नीति, नियम, कार्यविधिहरू बनाई कार्यान्वयन ल्याउने,

ढ. खराव आचरण भएका र गलत कार्य गर्नेलाई डण्ड जरिवाना तथा राम्रो काम गर्नेलाई पुरस्कारको व्यवस्था लागु गर्ने आदि ।

९. निश्कर्ष

संस्थामा सुशासन कायम राख्न सकिएन भने कुनै पनि संस्था भौतिक रूपमा रहन नसक्ने हुंदा यसलाई अत्यन्त महत्वका साथ लिने गरिन्छ । सहकारी संस्थाहरूमा सदस्यहरूको स-सानो रकम बचतको रूपमा संकलन गरि त्यसलाई परिचालन गर्ने र सदस्यहरूको गर्जो टार्ने मुख्य उद्देश्य रहेको हुंदा संस्थाको उच्च तहमा आसिन व्यक्तिहरूले प्रचलित ऐन, नियम कानून विपरित मनपरी ढंगले काम कारवाही गर्न थालेमा संस्थाको अस्तित्व नै समाप्त हुन सक्दछ ।

संस्थामा सुशासन कायम गर्नका लागि सबैभन्दा बढी चुनौतिको रूपमा रहेका विषयहरूमा कानूनी तथा नियामकीय व्यवस्थाको पूर्णरूपमा परिपालना नहुनु, संस्थाले गरेका हरेक कामको पादर्शिता नहुनु, आन्तरिक नियन्त्रण प्रणालीलाई सामान्य रूपमा लिईनु, जोखिम व्यवस्थापनका लागि संवेदनशिल नहुनु, नैतिक मूल्य र मान्यतालाई अंगिकार नगरिनु,विधि सम्मत तरिकाले कार्य सञ्चालन नहुनु, संस्थागत निर्णय गर्दा सामुहिक निर्णयलाई अंगिकार नगरी निश्चित व्यक्तिको मात्र निर्णयलाई कार्यान्वयन गरिनु, संस्थाको गतिविधि र सोको बिश्लेषण गर्नसक्ने क्षमताको विकास हुन नसक्न, वार्षिक कार्ययोजना, रणनीतिक योजना तथा संस्थाको बजेट कार्यान्वयनको अवस्था सम्बन्धमा नियमित रूपमा अनुगमन गर्ने पद्दतीको विकास हुन नसक्नुआदि जस्ता विषयहरू सुशासनका लागि निकै नै चुनौतिपूर्णरूपमा रहिआएको छ । अतः यी विषहरूमा संस्था गम्भीर भई लाग्नु पर्छ ।

सहकारी स्वनियमनमा संचालन हुने संस्था भएकाले कसैले आएर आफ्नो सुशासन कस्तो छ हेरिदियोस् भन्ने भन्दा पनि आफूले त्यसलाई कायम गराउनका लागि हरसम्भव प्रयास गर्नुपर्छ । संघ/संस्थाले नियमित तालिम लिने, सिक्ने सिकाउने र सुशासन कायम गरी जीवन पद्धतिमा परिवर्तन ल्याउने हो । आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाउने सदस्यलाई बलियो बनाउने साधारणसभालाई औचित्वपूर्ण बनाउन सकिएको खण्डमा यतिबेला विशेषगरी शहरी क्षेत्रमा देखिएका वित्तीय सहकारीहरूको चुनौतीको सामना गर्न सकिन्छ । आफ्नो लागि आफै नियम बनाएर त्यसलाई पालना गर्नु सहकारीकर्मीको कर्तव्य हुन आउँछ । जसरी मैले आफ्नो आहार विहारको नियम बनाएर त्यसलाई फलो गरे भने म स्वच्छ हुन्छ तर जथाभावी खान थालेभने विभिन्न रोगको घर हुन्छ । त्यसैले संस्थामा पनि यहि कुरा लागु हुन्छ । कसैले नियमन निरिक्षण गरे पनि नगरे पनि आफ्नो संस्थालाई स्वास्थ बनाइ राख्ने जिम्मेवारीबाट आफू विमुख नभई अगाडी बढेको खण्डमा सुशासन कायम हुन्छ । सहकारीको सिद्धान्तलाई मात्र पालना गरेको खण्डमा सुशासन कायम हुने देखिन्छ ।

आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाउने सदस्यलाई बलियो बनाउने साधारणसभालाई औचित्वपूर्ण बनाउन सकिएको खण्डमा यतिबेला विशेषगरी शहरी क्षेत्रमा देखिएका वित्तीय सहकारीहरूको चुनौतीको सामना गर्न सकिन्छ ।

सन्दर्भ सामग्रीः

१. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४

२. सहकारी ऐन, २०७४ र नियमावली, २०७५

३. प्रदेश नं.३ मा सहकारी तथा गरिबी वस्तुस्थिति, २०७५

आव २०७७/०७८ को संघीय बजेट

सहकारीका प्राथमिकता र कार्यान्वयनका चूनौति

यादव हुमागाई

विश्व नै कोरोना भाइरस (कोभिड-१९) को महामारी विरूद्ध लडिरहेको छ । यसको संक्रमणका कारण विश्वको अर्थतन्त्र नै धरासायी हुने र अबका केही वर्ष आर्थिक वृद्धि नै नकारात्मक हुने प्रक्षेपण विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमफ) लगायतका संस्थाहरूले गरेका छन् । कोरोना संक्रमण र यसले पार्ने नकारात्मक असरबाट नेपाल पनि अछुतो छैन, तर अहिलेसम्मको अवस्थालाई विश्लेषण गर्दा विश्वका ठूला अर्थतन्त्र भएका देशको तुलनामा नेपालजस्तो सानो अर्थतन्त्र भएका विकासोन्मुख देशमा कम प्रभाव पर्ने अनुमान छ । ठूला देशका आर्थीक वृद्धिदर नकारात्मक हुँदै गर्दा नेपालको आर्थिक वृद्धि थोरै भएपनि सकारात्मक हुने आंकलन गरिएको छ । नेपालको मूख्य आयस्रोत मानिएको रेमिट्यान्स, पर्यटनका साथै आयात प्रभावित हुँदा भन्सार राजश्वमा असर परेपनि कृषिमा आधारित अर्थतन्त्र, साना तथा मझौला उद्योग र यसलाई भरथेग गर्ने सहकारी संस्थाहरूको भूमिका नेपालको अर्थतन्त्रको मेरूदण्ड हो । अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कोरोनाको प्रभावसम्बन्धी अध्ययन प्रतिवेदनमा सहकारीको भूमिकालाई वेवास्ता गरिएको छ । तर नेपालमा कोरोना महामारीकै बीचमा पनि अर्थतन्त्रलाई जोगाईराख्न एउटा मुख्य आधार सहकारी पनि हो भन्दा फरक पर्दैन ।

कोरोना महामारीकै बीचमा संघिय सरकारले आगामी आर्थिक वर्ष (२०७७/०७८) का लागि बजेट सार्वजनिक गरेको छ । संविधानको व्यवस्था अनुसार जेठ १५ गते संसदका दुवै सदनको संयुक्त बैठकमा अर्थमन्त्री डा. युवराज खतिवडाले बजेट सार्वजनिक गरे । कोरोनाका कारण देशको आय खुम्चिने अनुमानका बिच चालु आर्थिक वर्षको तुलनामा ५८ अर्ब कमको बजेट ल्याइएको छ । समग्र बजेटकै आकार घटेपछि सहकारी क्षेत्रको बजेट पनि खुम्चने नै भयो । तर, विगतका वर्षहरूमा जस्तै समग्रमा बजेटका अधिकांश कार्यक्रमहरूमा सहकारीलाई नीतिगत रूपमा सम्वोधन

भने गरिएको छ । बजेट वक्तव्यको सुरूमै अर्थमन्त्रीले 'निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको साझेदारीबाट विकास प्रक्रियालाई अघि बढाउने कार्यक्रमतर्फ मैले जोड दिएको छु' भन्दै संविधानले स्विकार गरेको तीनखम्बे अर्थनीतिको व्यवस्था अनुसार नै बजेट ल्याइएको संकेत गरेका थिए । सहकारीका लागि केन्द्रीत गरिएको विशेष कार्यक्रम नभएपनि विगतका वर्षहरूमा जस्तै कृषि उत्पादन, बजारीकरण र प्रशोधनलगायतका विषयमा सहकारीलाई प्राथमिकता दिने भनेर समेटिएको छ । सहकारी क्षेत्रले लामो समयदेखि उठाउदै आएको करसम्बन्धी विषयलाई सम्बोधन गरिएको छ । एकिकरणको विषयलाई प्राथमिकता राख्दै सहकारी अनुगमनको एजेण्डालाई पनि नयाँ ढंगबाट अगाडी बढाउने संकेत गरिएको छ । आगामी आर्थिक वर्षको बजेटमा थप रोजगारी सिर्जना गर्नका लागि समेत सहकारीलाई परिचालन गर्ने सरकारको योजना छ ।

यस आलेखमा बजेटले ल्याएको सहकारी लक्षित कार्यक्रमहरू र त्यसका कार्यन्वयनका चूनौति तथा अवसरबारे केलाउने प्रयास गरिएको छ ।

प्राथमिकतामा कृषि उत्पादन, प्रशोधन र बजारीकरण

सरकारको आगामी आर्थिक वर्षको बजेट कृषि क्षेत्रमा केन्द्रीत छ । कोरोना महामारीले पर्ने असर कम गर्न देशको आर्थिक क्षमता बढाउने तथा विदेशबाट फर्किने युवाहरूलाई रोजगारी दिनका लागि पनि कृषिलाई आधार मानिएको छ । यसै अनुरूप कृषिमा धेरै सम्बोधन गरिएको छ । सहकारीलाई पनि व्यवसायीक खेती, प्रशोधन तथा बजारीकरणमा संलग्न गराउने गरी समेटिएको पाइन्छ ।

नेपाली अर्थतन्त्रको भरपर्दो आधारको रूपमा रहेको कृषि क्षेत्रमा कोरोना महामारीको कारण उत्पन्न भएको चुनौती र अवसरलाई सम्बोधन गर्न कृषिमा श्रम परिचालन, कृषि कार्यको व्यवसायीकरण, यान्त्रिकरण र आधुनिकीकरण गरी काम र रोजगारी सिर्जना गरिने भन्दै कृषि क्रान्तितर्फ उन्मुख हुन कृषि भूमिको अधिकतम उपयोग गर्दै बालीको सम्भावनाको आधारमा सहकारी, सामुदायिक तथा निजी फर्म मार्फत ठूलो परिमाणमा उत्पादन गर्न प्रोत्साहित गरिने बजेटमा उल्लेख गरेको छ । यसका लागि सरकारले सिँचाइ, मल, बीउ, पूँजी, प्रविधि र बजार सुनिश्चित गरिने घोषणा गरेको छ ।

बजेटले सहकारी खेतीलाई प्रोत्साहन गर्ने भनेको छ । कृषि जमीनमा कृषकको पहुँच विस्तार गर्न करार खेती, चक्लाबन्दी र सामुदायिक सहकारी खेतीलाई अघि बढाउने, कृषि उपजको समर्थन मूल्य तोकी खरिद गर्ने व्यवस्था मिलाइने व्यवस्था गरेको छ । सरकारले विगत वर्षदेखि प्रदान गर्दै आएको शित भण्डार निर्माण सम्बन्धी अनुदानलाई नयाँ शर्त राखेको छ । बजेटमा आगामी वर्ष देखि स्थानीय तह, सहकारी संघ संस्था एवम् भूमि बैंक मार्फत हुने खेती र सामूहिक खेती गर्ने समूहलाई मात्र शीत भण्डार निर्माण अनुदान दिइने उल्लेख छ । यसैगरी फलफूलका बिरूवा रोप्ने र संरक्षण गर्ने कार्यलाई अभियानको रूपमा सञ्चालन गर्न आगामी वर्ष कृषि तर्फ थप ५० लाख र वन तर्फका कार्यक्रमबाट थप ५५ लाख फलफूलका बिरूवा उत्पादन गरी वितरण गरिने, प्रत्येक स्थानीय तहमा नर्सरी स्थापना गरी कम्तीमा १० हजार फलफूलको बिरूवा उत्पादन गर्न प्राविधिक सहयोग उपलब्ध गराइने सरकारको योजना छ । यस्तै उपयोग विहीन सार्वजनिक जग्गा, सडक तथा राजमार्गका किनारा र नदी उकासबाट प्राप्त हुने जमिनमा अभियानको रूपमा फलफूल र अन्य उपयुक्त खेती गर्न निजी, सहकारी र सामुदायिक संघ संस्थालाई प्रोत्साहित गरिने समेत कार्यक्रम अघि सारिएको छ । यस्तै सहकारी संघ/संस्था मार्फत कपास, रेशम, ऊन र अन्य धागोजन्य उत्पादन एवम् प्रशोधनको लागि अनुदानको व्यवस्था गरिएको छ । गरिब, विपन्न, शैक्षिक बेरोजगार र वैदेशिक रोजगार अवरूद्ध भएका युवालाई सहकारी संस्था मार्फत कर्जा प्राप्त गरी साना तथा घरेलु उद्योग स्थापना गर्न प्रोत्साहित गरिने र साना किसान विकास लघु वित्त वित्तीय संस्थालाई एक हजार सहकारी संस्था मार्फत कर्जा प्रवाह गरी कृषि तथा साना व्यवसाय प्रवर्द्धन गर्न ३ अर्ब ६० करोड ऋण लगानी गर्ने घोषणा गरिएको छ ।

> **बजेटले सहकारी खेतीलाई प्रोत्साहन गर्ने भनेको छ । कृषि जमीनमा कृषकको पहुाच विस्तार गर्न करार खेती, चक्लाबन्दी र सामुदायिक सहकारी खेतीलाई अघि बढाउने, कृषि उपजको समर्थन मूल्य तोकी खरिद गर्ने व्यवस्था मिलाइने व्यवस्था गरेको छ**

कृषिलाई आधुनिकरण र व्यवसायीक बनाउनका लागि बजेटले नीतिगत सम्बोधन गरेको छ । उत्पादनका साधनहरूको सामूहिकीकरण, स्थानीय स्रोतको परिचालन र आर्थिक, सामाजिक रूपान्तरणबाट सामाजिक न्याय सहितको द्रुत विकास गर्नका लागि सहकारी क्षेत्रलाई परिचालन गरिनेछ भन्ने उल्लेख छ । यस्तैल सहकारी संघ संस्थालाई घरेलु तथा साना उद्यमको प्रवर्द्धन, कृषि उत्पादन, भण्डारण तथा प्रशोधन एवम् गरिबी निवारण सम्बन्धी कार्यक्रममा प्रोत्साहित गरिनेछ र किसानलाई कृषि सामग्री, पूँजी, प्रविधि र बजारमा कृषकको सहज पहुँच सुनिश्चित सहकारीको माध्यमबाट गरिने बजेटमा अघि सारिएको छ ।

एक दशकयता बजेटमा सहकारीलाई कृषि उत्पादन, प्रशोधन र बजारीकरणका लागि प्रोत्साहन गर्ने कार्यक्रम आएपछि त्यसको प्रतिफल त्यति गर्व गर्न लायक छैन । दर्ता भएका ३५ हजार सहकारीमध्ये आधा कृषि क्षेत्रका सहकारी भएपनि अधिकांश संस्थाहरू नाममै मात्र सिमित छन् । केहि संस्थाहरू नाम कृषि भएपनि बचत तथा ऋण कारोबारमा केन्द्रीत हुन सहकारी अभियानको अर्को विकृत पाटो हो । वास्तविक किसानको पहुँचमा कृषि सहकारी नहुँदा सहकारीमार्फत हुने अनुदानदेखि मल विउको वितरण दुरूपयोग हुदै आएको छ । सहकारीमार्फत कृषिलाई प्रभावकारी बनाउनका लागि अब वास्तविक किसानलाई सहकारीमा सहभागी गराउने, उनीहरूको क्षमता विकास, सहकारी शिक्षा र तीन सहकारीमार्फत कृषि कार्यक्रम परिचालन अहिलेको आवश्यकता हो । राजनीतिक पहुँच भएका व्यक्तिले मात्र कृषि सहकारीको दुरूपयोग गरिरहने हो भने सहकारीमार्फत कृषिको व्यवसायीकरण नारामै सिमित हुने अवस्था देखिन्छ ।

एकीकरणको प्रभावकारीता

आगामी आर्थिक वर्षमा बजेटमा अघि सारिएको अर्को विषय बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरूको मर्जर हो । बजेटमा सहकारीलाई मर्जरमा जानका लागि प्रोत्साहन गरिने उल्लेख गरिए पनि त्यसका लागि के कस्ता कार्यक्रम भन्ने बारे खुलाइएको छैन । अब सहकारी विभाग र सहकारी मन्त्रालयले यसका लागि कार्यविधि बनाएर लागू गर्नपर्छ ।

हुन त सहकारी ऐन २०७४ ले नै घुमाउरो ढंगबाट सहकारीको संख्या घटाउने लक्ष्य लिएको छ । अहिले देशभर ३५ हजार सहकारीमध्ये १४ हजार बचत तथा ऋण सहकारी छन् । यसबाहेक अन्य विषयगत सहकारीहरू पनि बचत तथा ऋण कारोबारमै केन्द्रीत छन् ।

सहकारीमा बचत तथा ऋणको कारोबार बढ्दै गएपछि सोहि अनुसार सुशासन र अनुगमन हुन नसक्दा सहकारीको कारोबारमा जोखिम समेत बढ्दै गएको छ । यसैगरी सहकारी संस्थाका संचालकहरूले सर्वसाधारणबाट बचत संकलन गरी भाग्ने जस्ता ठगी पनि हुने गरेको । सहकारीमा विकृती बढ्दै गएपछि सरकारले संस्थाको संख्या घटाउन मर्जरको कार्यक्रमलाई अघि सारेको हो ।

यसअघि संघीय सहकारी विभागले सहकारीको मर्जरका लागि मर्जर निर्देशिका जारी गरेको थियो । तर, सहकारी संस्थाका संचालकहरूले मर्जरमा जान अटेर गर्दै आएका छन् । सहकारी क्षेत्रका सरोकारवालाहरूले मर्जरमा जान आकर्षित हुने गरी कर छुट, अनुदान,लगायतका कार्यक्रम समेटेर कार्यविधि ल्याउनुपर्छ भनी जोड दिँदै आइरहेका छन् । सहकारी अभियानले पनि संख्या घटाउने र मर्जरको विषय स्वीकार गरेकाले यसलाई सफल बनाउन भूमिका खेल्नुपर्छ । अहिलेको अवस्थामा नेपालमा ५ हजारको हाराहारीमा बचत तथा ऋण सहकारीहरू भए पुग्ने आंकलन गरिएको छ । अब मर्जरलाई प्रभावकारी बनाउने हो भने संख्या कति घटाउने हो टार्गेट राखेर नै नीति ल्याउनुपर्छ । स्वस्फूर्त रूपमा सहकारी मर्जरमा जाने अवस्था भएन भने केही प्रावधान राखेर भएपनि फोर्स मर्जर गर्नेतर्फ नियामक र सरोकारवालाले सोच्नुपर्छ ।

मर्जरको विषय उठाउदै गर्दा बजेटले गरिबी निवारण कोषद्वारा प्रवर्द्धित ६४ जिल्लाका ३२ हजार भन्दा बढी सामुदायिक संस्थालाई सहकारीमा रूपान्तरण गर्ने गरेको घोषणालाई पनि विचार पुर्याउनुपर्छ । अब यी संस्थाहरूलाई फेरि नयाँ सहकारीका रूपमा दर्ता गर्ने हो भने सहकारीको संख्या घटाएर थोरै र बलियो संस्था बनाउने उद्देश्य हासिल हुन सक्दैन । अब कोषका सामाजिक संस्थाहरूलाई सहकारीमा रूपान्तरण गर्ने हो भने उक्त क्षेत्रमा पहिले नै दर्ता भएका संस्थाहरूका समायोजन गर्नुपर्छ । संस्था नभएका ठाउमा मात्र नयाँ सहकारी दर्ता गर्नुपर्छ ।

नियमनको सवाल

सहकारीको संख्यात्मक वृद्धिसँगै प्रभावकारी नियमनको अभावमा जोखिम बढ्दै गएको छ । विगतका वर्षहरूमा सहकारीको नियमन प्रभावकारी बनाउनेदेखि छुट्टै संस्था वनाउने वा राष्ट्र बैंकहरूलाई अधिकार दिने विषय बजेटमार्फत आएका थिए । ती कुनै विषयहरू कार्यान्वयन भएनन् ।

आगामी आवको बजेटमा भने अर्थमन्त्री खतिवडाले सहकारीको सिद्धान्त मुल्य मान्यतासँग मिल्ने गरी सहकारीको संस्थागत क्षमतालाई वृद्धि गर्दै स्वनियम र सुशासनलाई बढाउने उल्लेख गरे । अब सहकारी सिद्धान्तलाई वकालत गर्दै आइरहेका सहकारी संघ/संस्थाहरूले यसलाई प्रभावकारी बनाउन भूमिका खेल्नुपर्छ । सहकारी शिक्षा तथा तालिमलाई व्यापक नबनाई स्वअनुगमन प्रभावकारी हुन सक्दैन । सहकारीका सदस्यहरूलाई संस्थाको कारोबारको अनुगमन गर्नसक्ने गरी क्षमता विकास गर्न आवश्यक छ । यसैगरी सहकारीका संघहरूले पनि आफ्ना सदस्य संस्थाहरूको नियमन गर्दै स्वनियमलाई प्रवर्द्धन गर्नुपर्छ ।

स्वनियमनले मात्र सहकारीमा देखिएका विकृति अन्त्य हुदैन । सदस्यको नियमनसँगै नियामक निकायको अनुगमन पनि त्यतिकै आवश्यक हुन्छ । सहकारीको अनुगमनलाई प्रभावकारी बनाउन वित्तीय कारोबार गर्ने सहकारीको नियमनका लागि छुट्टै निकाय हुनुपर्ने माग सरोकारवालाहरूले उठाउँदै आएका छन् ।

अहिलेको अवस्थामा सहकारीको नियमन कार्यक्षेत्रका आधारमा स्थानीय तहसम्म पुगेको छ । अब कि सबै तहहरूलाई दक्ष जनशक्तियुक्त बनाएर अनुगमन गर्नुपर्छ या त बचत तथा ऋण सहकारीको अनुगमनका लागि भनेपनि शक्तिशाली नियामक निकाय आवश्यक हुन्छ । चाहे संघिय सरकारसँग सहकारी विकास बोर्ड र विभाग भएपनि तिनीहरूको भूमिका प्रभावकारी भएको छैन । यी नियाकलाई वा अर्को गठन गरेर भएपनि नियमन प्रभावकारी बनाउनै पर्छ ।

यसैगरी आगामी बजेटमा नविन प्रविधिको प्रयोग गरी नगद रहित कारोबारका लागि पनि प्रोत्साहन गरिने पनि उल्लेख गरिएको छ । नगद रहित कारोबारका लागि अझै पनि केही कानुनी र व्यवहारिक उल्झन रहेका छन् । त्यसलाई हटाउनुपर्छ । सहकारीको सेवाप्रति युवा तथा नयाँ पुस्ता आकर्षित गर्नका लागि समेत आधुनिक नयाँ प्रविधिको प्रयोग अहिलेको आवश्यक्ता हो । अहिले एकाध संस्थाहरूले कानुनी समस्या हुँदाहुँदै पनि एटिएम, मोवाईल बैंकिङलगायतका सेवा सुरू गरेका छन् । अब कानुनी उल्झन हटाउदै सर्वसुलब सेवा संचालन गर्न बजेटले सम्बोधन गरेकाले यसतर्फ सहकारी अभियान अघि बढ्न आवश्यक छ ।

बजेटमा सहकारी प्रणालीमा जोखिम न्यूनीकरणका लागि सहकारी कर्जा सूचना केन्द्र स्थापना गर्ने र सहकारी बचत तथा कर्जा सुरक्षण गर्ने व्यवस्था मिलाइने घोषणा गरिएको छ । हुन त यी विषयहरू सहकारी ऐनमै राखिए र कार्यान्वयनको क्रममा छन् । अब बजेटमै सम्बोधन भएपछि यसको प्राथमिकता बढेको छ । यसलाई छिटो भन्दा छिटो कार्यान्वयनका ल्याउनु पनि अहिलेको जल्दोबल्दो आवश्यक्ता हो ।

करको सम्बोधन

सहकारी ऐन २०७४ मै सहकारी संस्थाहरूको आयकर घटाए पनि आयकर ऐन संसोधन नहुँदा कार्यान्वयन हुन सकेको थिएन । गत आर्थिक वर्षको बजेटपछि सम्बोधन भएपनि सबै सहकारीहरूले त्यो सुविधा उपयोग गर्न पाएनन् । यस वर्षको भने बजेटमै संवोधन भएपछि सहकारीको कर अब सहकारी ऐन अनुसार नै समायोजन भएको छ । बजेटमा गाउँपालिकामा सञ्चालित सबै किसिमका सहकारीलाई आयकर पूर्ण रूपमा छुट दिदै नगरपालिका, उप-महानगरपालिका तथा महानगरपालिकामा सञ्चालित कर लाग्ने कारोबार गर्ने सबै किसिमका सहकारीलाई क्रमशः पाँच प्रतिशत, सात प्रतिशत र दश प्रतिशत आयकर लाग्ने व्यवस्था गरिएको छ ।

समग्रमा नेपालको संविधान, सरकारको नीति कार्यक्रम र योजना अनुसार नै सहकारी क्षेत्रलाई स-सानो पुँजी परिचालन, व्यवसायिक कृषि, उत्पादन र बजारीकरणमा परिचालन गर्दै गरिवी निवारणमा सहकारीलाई परिचालन गर्नेगरी बजेटले योजना अघि सारेको छ । अब देश विकासका लागि, सरकारका नीति कार्यक्रम लागू गर्नका लागि सहकारी उपयुक्त मोडल हो भने नीति निर्मातालाई विश्वास दिलाउनका लागि पनि सहकारी क्षेत्रले प्रभावकारी रूपमा कार्यक्रम संचालन गर्न जरूरी छ । अब बल सहकारीको क्षेत्रको कोर्टमा आएको छ गोल गर्न चुक्नु हुदैन ।

सहकारी, नाम, काम र कर



कुबेर निरौला
पूर्व प्रमुख कार्यकारी अधिकृत
नेफ्स्कून

विश्वमा निम्न आय वर्ग तथा मध्यम वर्गका समुदायमा आपसी हित र समृद्धिका लागि सन् १८४४ मा वेलायतबाट औपचारिक रूपमा शुरूवात भएको सहकारी अभियान आज विश्वभर विभिन्न ब्यावसायिक गतिविधिमा संलग्न रहेको र ब्यावसायिक संगठनको रूपमा विकसित भएको पाइन्छ । नेपालमा २०१० सालमा सरकारको दृष्टिमा परेको र २०१३ सालमा औपचारिकरूपमा सहकारी संस्था शुरूवात भएको हाम्रो मुलुकको सहकारी अभियानले पनि मुलुकको अर्थतन्त्रको एक खम्वाको स्वरूपमा मूल कानून भित्र नै स्वीकार्यता पाइसकेको छ । करीब ३५००० भन्दा बढी संख्यामा स्थापना भएका विभिन्न ब्यावसायिक क्षेत्रका सहकारीहरूको योगदान मुलुकको अर्थतन्त्रमा प्रत्यक्ष र परोक्ष रूपमा ठूलै क्षेत्र ओगट्न सफल भईसकेको छ । यस सन्दर्भलाई प्रष्ट्याउँदा विभिन्न प्रकृतिका सहकारी संघ संस्थाहरू मार्फत विभिन्न प्रकारका ब्यवसायिक क्रियाकलापहरू संचालित रहेका छन् । सहकारीका प्रकृतिको बिषयमा चर्चा गर्दै गर्दा बचत तथा ऋण बहुउद्देश्यीय, कृषि, दुग्ध, उपभोक्ता विद्युत, तरकारी फलफुल, चिया कफी, जडीबुटी, मौरीपालन, संचार, स्वास्थ्य, उखु, जुनार र अन्य जस्ता प्रकृतिमा राखेको सहकारी विभागको तथ्यांकमा पाइन्छ ।

उपरोक्त बमोजिम वर्गीकृत प्रकृतिको विश्लेषण गर्दा कृषि र अन्य विभिन्न कृषि प्रकृतिको समेत फरक फरक वर्गिकरण गरेको देखिन्छ । यद्यपि प्रकृति बमोजिम संघ/संस्थाहरूका नामाकरण गरिएको वा नामाकरणको आधारमा प्रकृति वर्गिकरण गरिएको भन्ने स्पष्ट देखिदैन । संस्था वा संघका नामका आधारमा प्रकृति वर्गीकरण गर्दै गर्दा कृषि, दुग्ध, विद्युत, तरकारी फलफुल, लगायत सहकारी संघ/संस्थाहरूका प्रकृति नाम बमोजिम गरिएको देखिन्छ । बचत तथा ऋण प्रकृति र नाम मिल्न जाने देखिन्छ भने बहुउद्देश्यीयको प्रकृतिको हकमा अधिकाश संस्थाहरू बचत ऋण कार्यमा नै सलंग्न रहेका अवस्था नेपालमा पाइन्छ । ज्यादै थोरै बहुउद्देश्यीय सहकारीहरूले मात्र बचत ऋण बाहेकका थप स-साना ब्यावसायिक क्रियाकलापमा संलग्न रहेको पाइन्छ ।

सहकारी बचत तथा ऋण र बहुउद्देश्यीय प्रकृति बाहेकका संस्थाहरू समेत धेरै जसो बचत ऋण ब्यावसायमा संलग्न रहेको पाइन्छ भने ग्रामीण इलाकातीर रहेका बचत तथा ऋण प्रकृति बाहेकका सहकारीहरू भने नाममा भएको प्रकृतिका केही मिल्दो झुल्दो ब्यावसायिक गतीविधिमा संलग्न रहेको पाइन्छ । उदाहरणको लागि ग्रामीण इलाकाका दुग्ध सहकारी, कृषि सहकारी, चियाकफी, तरकारी फलफुल लगायतमा सहकारीहरू भने सोही प्रकारका ब्यावसायमा संलग्न पाइन्छ ।

यद्यपि यस प्रकारका सहकारीहरूले पनि बचत ऋणको ब्यावसाय भने प्रायःजसोले गरेकै पाइन्छ । त्यसैगरी बचत तथा ऋण सहकारीको नाम प्रकृति र काम मिलान भएको अवस्था देखिन्छ र बहुउद्देश्यीय सहकारीहरूले पनि आफ्नो विनियमका उद्देश्य मध्ये बचत ऋणको ब्यावसाय मिलान गरेको अवस्थामा लिन सकिन्छ ।

यसरी बचत तथा ऋण र बहुउद्देश्यीय प्रकृति बाहेकका सहकारीहरूको अध्ययन तथा शुक्ष्म विश्लेक्षण गरी उनीहरूको वर्गीकृत प्रकृति र ब्यावसायीक कार्यमा संलग्नताका क्षेत्र स्पष्ट हुन जरूरी रहेको छ । साना किसान सहकारी संस्थाहरू सबै जसोले बचत तथा ऋणको ब्यावसायमा संलग्न रहेका छन् तर उनीहरूको वर्गीकृत प्रकृति कृषि सहकारी भित्र रहेको पाइन्छ । त्यसरी नै बचत तथा ऋण प्रकृति र बहुउद्देश्यीय प्रकृतिका सहकारीहरूको ब्यावसायिक गतीविधिका आधार मिलान भए नभएको पनि अर्को महत्वपूर्ण बिषय रहन्छ । कृषि, दुग्ध, तरकारी फलफुल, चिया, कफी लगायतको सहकारीहरूले उक्त प्रकृतिको कार्य अर्थात उत्पादन गरेका छन् कि सदस्यहरुले उत्पादन गरेका बस्तुहरू खरीद र बिक्री केही गरेका छन् ? यस्ता बिषय सायद अर्थतन्त्रको क्षेत्रमा खोजीको बिषय रहनुपर्दछ र मात्र योगदानको मुल्याँकन गर्न सकिन्छ । यदि सदस्य वा समुदाय भित्रका ब्यक्तिहरूको उत्पादन खरीद गरी बजारमा बिक्री गर्ने कार्य गरेका छन् भने त्यस्ता सहकारीहरू ब्यापार मात्र गर्ने सहकारीको रूपमा रहेका हुनु पर्दछ । बहुद्देश्यीय प्रकृतिका हकमा भने विनियममा भएको ब्यवस्था र गरिरहेका ब्यावसायिक कार्यहरूको विश्लेषण अध्ययन जरूरी देखिन्छ । कतिपय बहुद्देश्यीय प्रकृतिका सहकारीहरूको विनियममा बचत तथा ऋणको कारोवार गर्ने ब्यवस्था नभएको समेत पाइन्छ ।

त्यसरी नै राज्यको वर्गीकरण प्रकृतिको आधार र कार्य वा ब्यावसायिक गतीविधि फर फरक रहेको अवस्था पाइन्छ । वर्गीकृत प्रकृति जेसुकै भएता पनि प्रायः जसो सहकारीहरूले ब्यावसायिक क्रियाकलापमा बचत तथा ऋणको समेत ब्यावसाय संचालन गरेको पाईन्छ ।

यसरी नेपालको सहकारी अभियान भित्र अत्यन्तै महत्वपूर्ण ब्यावसायिक गतीविधि बचत तथा ऋणको ब्यावसाय रहेको विषयलाई नकार्न सकिदैन । बचत तथा ऋण प्रकृतिका बहुउद्देश्यीय प्रकृतिका प्राय सबै र अन्य विभिन्न प्रकतिका प्राय धेरै जसो सहकारीहरूले बचत तथा ऋणको ब्यावसाय गरेकै छन् र अन्य ब्यावसायिक गतीविधि पनि गरेका छन् । यसले राज्यको अर्थतन्त्रमा प्रत्यक्ष र परोक्ष रूपमा महत्वपूर्ण हिस्सा ओगटेको छ । प्रत्यक्ष रूपमा सहकारीहरू आयकरको दायरामा समेत छन् र मूनाफा अर्थात करयोग्य आयमा राज्यबाट निर्धारित आयकर सरकारलाई बुझाएका छन् ।

सामान्यतया आयकरको सिद्धान्तले कुनै पनि ब्यावसाय गरी मुनाफा आर्जन गरेको खण्डमा आयकर लाग्ने र राज्यले आयकर असूल गर्ने प्रावधान रहन्छ । मुनाफा भन्नाले राज्यको सम्बन्धित कानूनले निर्धारण गरेका आयका क्षेत्रहरूको समावेश र सो संग सम्बन्धित कानूनले नै निर्धारण गरेका खर्च समावेश पश्चातको रकम हुन्छ अर्थात करयोग्य आय भनेर परिभाषित गर्न सकिन्छ । सहकारीहरूको ब्यावसाय पनि आयमूलक अर्थात नाफा मूलक भएको कारण करयोग्य हुनु स्वभाविक नै हुन्छ । यद्यपि सहकारी कानून २०४८ ले सहकारीमा कर नलाग्ने ब्यवस्था गरेको थियो र हालको सहकारी कानून २०७४ ले करयोग्य सहकारीका क्षेत्र र दर तोक्न खोजेको पाईन्छ । हाम्रो मूलुकमा राज्यको संसदबाट बनेको सहकारी कानून (सहकारी ऐन २०७४) र सोही संसदबाट बनेको आयकर सम्वन्धी कानून बाभिएको अवस्था रहेको छ । जसका कारण सहकारीहरूले आयकर कानूनका आधारमा करयोग्य आयमा आयकर तिर्ने र राज्यले असूल गर्ने कार्य भई रहेको छ ।

यस सन्दर्भमा सहकारीहरूको करयोग्य आयमा विशेष गरी बचत तथा ऋण सहकारी संस्थाहरूको करयोग्य आयमा करका दर विभिन बर्षहरूमा फरक ढंगले निर्धारीत भएका इतीहास पनि छदैछन् । कहिले ग्रामीण समुदायमा आधारीत बचत तथा ऋण सहकारीहरूको आयमा कर नलाग्ने ब्यवस्था र ग्रामीण समुदायको ब्याख्याहरू फरक फरक ब्यवस्था गरिएको पनि पाइन्छ ।

यद्यपि हालको सहकारी कानून २०७४ मा सहकारी संस्थाहरूको आयमा लाग्ने करका दर र प्रकृतिको उल्लेख भएता पनी आयकर कानून बमोजिम नै कर लाग्ने अवस्थाको सिर्जना आयकर कानूनले ब्याख्या गरेको र सोही बमोजिम आयकर असूल उपर गरेको पाइन्छ । कतै कतै कर कार्यालयहरूले सहकारी कानून बमोजिम ब्यवस्था भएको करको आधारमा नै कर असुल गरी फछ्र्यौट भएको अनौपचारिक सूचनाहरू पनि रहेका छन् ।

यसरी कर निर्धारणको बिषयलाई नियाल्दा आर्थिक बर्ष २०७५/०७६ मा सहकारीहरूको आयमा लाग्ने आयकर संस्थाको कामको आधारमा नभई नामको आधारमा कर लाग्ने ब्यवस्था राज्यले गरेको देखिन्छ । जस अनुरूप बचत तथा ऋण सहकारी संस्थाहरूको आयमा तोकिएको करको दर (२०%) मा ग्रामीण समुदायमा आधारीत बचत तथा ऋण सहकारीहरूलाई पुरै छुट, नगरपालिकामा अवस्थित बचत तथा ऋण सहकारीहरूलाई दरमा ७५ प्रतिशत छुट अर्थात करयोग्य आयको ५% कर लाग्ने र उपमहानगर र महानगरमा अवस्थित बचत तथा ऋण सहकारीहरूलाई दरमा ५०% छुट अर्थात करयोग्य आयको १०% कर लाग्ने गरी ब्यवस्था गरीयो ।

निर्धारीत उक्त करको दरहरू बचत तथा ऋण सहकारीको हकमा भएको देखियो । अन्य बहुउद्देश्यीय लगायतको प्रकृतिको हकमा छुटको ब्यवस्था देखिएन र निर्धारीत करको दर २०% नै कायम रहेको पाइयो । (यद्यपी आन्तरीक राजश्व विभागको परीपत्रका आधारमा बहुउद्देश्यिय सहकारीहरूले बचत तथा ऋणको कारोवार भएको छुट्टै हिसाब किताव देखिएमा यस्ता सहकारीहरूको कारोवारमा पनि छुटको सुचना भने प्राप्त भएको छ । उक्त ब्यवस्थाले के प्रष्टयाउछ भने सहकारीहरूमा कामको आधारमा नभई नामको आधारमा कर लाग्ने ब्यवस्था रहेको छ ।

बहुउद्देश्यीय सहकारीको नामबाट ग्रामीण इलाकामा बचत तथा ऋण ब्यवसाय गरेमा २० % र सोही काम बचत तथा ऋण सहकारीको नामबाट गरेमा क्रमशः ०%, ५% र १०% लाग्ने ब्यवस्था प्रचलित कानूनले गरेको छ । यसले प्रष्ट्याउछ कि कर कामको आधारमा नभई नामको आधारमा लाग्दैछ ।

यसले थप द्धिविदा सिर्जना गर्दैछ कि कृषि नाम गरेर स्थापीत र साना किसान नामबाट स्थापीत सहकारीहरूले बचत तथा ऋणको कारोवार गरेकोमा आयमा कर लाग्ने कि नलाग्ने ? आयकर कानूनले त कृषि सहकारीलाई कर नलाग्ने ब्यवस्था गरेको छ । कृषि सहकारीको नाम राखेर जुनसुकै इलाकामा गरिएका बचत तथा ऋण कारोवारमा कर लाग्ने कि नलाग्ने ? नामको आधारमा त लाग्दैन । यस्तो ब्यवस्था अन्य प्रकृतिका सहकारीहरूमा समेत लागु हुने अवस्था विद्यमान देखिन्छ ।

करको ब्यवस्था सिद्धान्त :नामको आधारमा नभई कामको अर्थात कारोवारको प्रकृतिको आधारमा लागु हुन्छ । यस बिषयमा राज्यको विशेष ध्यान जाओस् । सहकारी अभियान राज्यको ग्रामीण भेगमा समेत उर्वर हुदै रहेको अवस्था, राज्यको आर्थिक विकासको अंगको एक महत्वपूर्ण अंग रहेको र ब्यावसायिक गतिविधिमा भूमिका बढोत्तरी भईरहेको अवस्थामा करको ब्यवस्था सरल सहज हुनेगरी राज्यले निर्देशिका नै तयार गरी लागु गर्ने र सरलीकृत ब्यवस्था गर्नेतर्फ राज्यको ध्यान पुगोस् ।

सहकारीमा अभाव महसुस गरिएको पुस्ता

कृष्णकुमार श्रेष्ठ
चन्द्रागिरि साकोस-काठमाडौं

सहकारी संस्थाहरूमा ३५ वर्ष भन्दा कम उमेरका मानिसहरूको सहभागीता कति रहेको छ भन्ने यकिन तथ्यांक भेटिदैन । तर केही अध्ययनहरूले सहकारी संस्थाका अधिकांश सदस्यहरू ५० वर्ष भन्दा माथिको उमेर समूहको रहने गरेको देखाएका छन् । बचत तथा ऋण सहकारी अभियानमा सबैभन्दा सफल अभ्यास गरिरहेको दक्षिण कोरियामा पनि सदस्यहरूको उमेर समूहलाई विश्लेषण गर्दा यस्तै प्रकारको नतिजा देखापरेको थियो । नेपाल लगायत अन्य मुलुकहरूको पनि यही तथ्यांकसंग मिल्दोजुल्दो अवस्था रहेको देखिन्छ । विशेष गरी सन् १९९० पछाडि जन्मिएका पुस्तालाई हाम्रा सहकारी संस्थाहरूले आकर्षित गर्न सकेको छैन । सन् १९९० पछाडि जन्मिएको पुस्तालाई सहश्राब्दी पुस्ता पनि भनिन्छ । यही सहश्राब्दी पुस्ता सहकारीमा अभाव महशुस भएको पुस्ताको रूपमा लिन सकिन्छ ।

एक अध्ययन अनुसार सहकारी संस्थाहरूमा किन सदस्य नबनेको भनी युवाहरूलाई सोधिएको प्रश्नमा अधिकांश युवाहरूले सहकारीका बारेमा आफूहरूलाई राम्रोसंग जानकारी नभएको जवाफ दिएको पाईएको थियो । यसबाट के प्रष्ट हुन्छ भने युवाहरू हाम्रा सहकारी संस्थाहरूको प्राथमिकतामा अझै पर्न सकेका छैनन् । युवाहरूको रूची र आवश्यकता अनुसारको सेवाहरू सहकारी संस्थाहरूले दिन सकिरहेका छैनन् । युवा पुस्ता हरेक क्षेत्रको दीगो विकासका संवाहक हुन । यो पुस्तालाई सहकारी क्षेत्रले समेट्न सकेन भने सहकारी क्षेत्रले सोचे जस्तो उपलब्धी हासिल गर्न सक्दैन ।

राष्ट्रिय युवा नीति २०७२ अनुसार नेपालको कुल जनसंख्या मध्ये युवाहरूको संख्या ४०.३% रहेको छ । हाम्रा सहकारी संस्थाहरूमा यो अनुपात कति छ भन्ने विश्लेषण गर्न आवको आवश्यकता हो । धेर थोर सहभागीता जनाईरहेका युवाहरू पनि कहिले बैदेशिक रोजगारी, कहिले बैदेशिक शिक्षा त कहिले उच्च प्रविधि रहित सेवाहरूद्वारा

असन्तुष्ट भएको कारण देखाउँदै सदस्यता छाडिरहेका हुन्छन् । अधिकांश युवाहरूले सहकारी संस्थाहरूका सेवाहरू स्तरीय हुन्छन्, आर्थिक कृयाकलापहरू सञ्चालन गर्नको लागि भरपर्दो वित्तीय र व्यवसायीक सेवाहरू प्राप्त हुन्छन भन्ने कुरा सोचेकै हुँदैनन् । त्यसैगरी सहकारी संघ संस्थाहरूलाई नेतृत्व प्रदान गरिरहेका व्यक्तिहरूले पनि युवाहरूलाई नेतृत्व अभ्यासमा आवश्यक मात्रामा अग्रसर गराउन सकेका छैनन् । केही संघ/संस्थाहरू यथास्थितिवादलाई हस्तक्षेप गर्न चाहन्छन् तर केही भने यस्ता चुनौतीहरूसंग डराउने गर्दछन् । किनकी नयाँ पुस्तालाई एकत्रित गर्न र अग्रसर गराउन परिवर्तनलाई आत्मसाथ गर्नुपर्दछ । युवा

पुस्तालाई अग्रसर गराउनको लागि सहकारी क्षेत्रका नेतृत्वसंग अरूलाई अवसर लिनको लागि प्रोत्साहित गर्ने खुल्ला हृदय, साहसिक कदम उठाउन र जोखिम मोल्ने खुल्ला ईच्छाशक्ति र निरन्तर सिकाई तथा बृद्धि गरिरहने खुल्ला सोच हुन जरूरी हुन्छ ।

सहकारी संस्थाहरु युवा मैत्री कसरी बनाउन सकिन्छ ?

सहकारीता भनेको सिद्धान्तमा आधारित उद्यम हो । जसले नाफालाई भन्दा पनि सदस्यहरूलाई आफ्नो व्यवसायको केन्द्रमा राख्नु पर्दछ । सहकारीले स्वाबलम्वन, स्वउत्तरदायित्व, लोकतन्त्र, समानता, समता र ऐक्यवद्धता जस्ता आधार मुल्यहरूलाई आत्मसाथ गर्दछ । सहकारी उद्यमको लोकतान्त्रिक चरित्रले सहभागिता, बृहत्तर अपनत्वलाई प्रोत्साहित गर्नुको साथै युवा सशक्तिकरणलाई प्रवर्द्धन गर्दछ । सहकारीको सिद्धान्त र मूल्यहरूले वास्तवमा युवाहरूलाई उनीहरूको आफ्नै उद्यम सिर्जना गर्न वा सम्भावित मानव संसाधनको रूपमा मर्यादित कार्य गर्न उत्प्रेरित गर्दछ ।

युवाहरूमा रोजगारी सृजना गर्नको लागि सहकारी क्षेत्रले काम गर्न सक्दछ । तलबी रोजगारीको लागि सक्षम मानव संसाधन आकर्षण गर्ने क्षेत्रको रूपमा सहकारी संस्थाहरू विकसित हुँदै गईरहेका छन् । श्रम बजारमा प्रवेश गर्ने युवाहरूको लागि आफ्नो आर्थिक आवश्यकताको साथै मानिसहरूसंग काम गर्ने व्यवसायमा संलग्न हुन सहकारीले आकर्षित गर्न सक्नुपर्दछ । त्यसैगरी स्वरोजगार बन्न चाहने युवाहरूको लागि उपयुक्त समाधान दिने क्षेत्रको रूपमा सहकारी संस्थाहरू सञ्चालित हुनु पर्दछ । अवसर र अनुभव भईनसकेको यस अवधिमा युवाहरूलाई सुरूवाती रोजगारी प्रदान गरी श्रम बजारमा प्रवेश गराउन सहकारीबाट प्राप्त हुने स्वरोजगारको विकल्प महत्वपूर्ण हुन सक्दछ ।

त्यसै गरी सहकारी संस्थाहरूलाई पूर्ण समाधानको केन्द्रको रूपमा विकसित गर्न सक्नु अर्को आवश्यता भित्र पर्दछ । त्यो समाधानलाई हामी सहकारी समाधान (Cooperative solution) भन्न सक्दछौं । जस्तै सदस्यहरूको समृद्धि निर्माण गर्ने वस्तु तथा सेवा, सदस्य सुरक्षा कार्यक्रम तथा अन्य सेवाहरू, उद्यमशिलता विकासका अवसरहरू, वित्तीय साक्षरता र प्रविधिमा आधारित सेवाहरूलाई सहकारी समाधानको प्याकेजको रूपमा लिन सकिन्छ । यो प्याकेज भित्र युवा अवस्थाका आवश्यकताहरू समेत समाधान गर्ने सेवाहरू पर्नु पर्दछ ।

युवाहरुलाई सहकारीमा कसरी आकर्षित गर्न सकिन्छ ?

बचत तथा ऋण सहकारी संस्थाहरूले आज भोगिरिहेको प्रमुख चुनौती भनेको ईन्टरनेटमा आधारित, फिनटेक कम्पनिहरूले मोवाईलहरूको माध्यमबाट प्रवाह गरिरहेको तेश्रो पक्ष भुक्तानी गर्न सकिने एप्लीकेसनको सिघ्र, सुलभ र उपभोक्ता मैत्री सेवाहरू प्रयोग गर्ने सदस्यहरूलाई मापन गर्न असक्षम हुनु वा गुमाउँदै जानु हो यद्यपि त्यस्ता सेवाहरू लागतको हिसाबले महँगो छन् । उदाउँदै गरेको थुप्रै बजार अर्थव्यवस्थाको लागि यो एउटा ठूलो नोक्सानी हो । सन् १९९० पछि जन्मिएका पुस्ता ईन्टरनेट, सम्पर्कसञ्जाल र शीघ्र प्रतिक्रियात्मक सेवाहरू संगसंगै हुर्किएका हुन्छन् । विश्व ऋण परिषदको एक प्रतिवेदनका अनुसार पनि युवाहरू खाफ्नो खाता खोल्न, ऋण माग गर्न, ब्यालेन्स चेक गर्न, फण्ड ट्रान्सफर गर्न, विलहरू भुक्तानी गर्न, सूचना प्राप्त गर्न मोबाईलको प्रयोग गर्न रूचाउँछन । उनीहरू कुनैपनि सेवा थोरै समय भित्र सजिलो संग प्राप्त होस भन्ने चाहन्छन । तसर्थ सहकारी संस्थाहरूले अब अनलाईन तथा मोबाईल कोर सेवाहरू प्रदान गर्न अत्यन्त आवश्यक देखिन्छ ।

वित्तीय संस्थाहरूमा नजोडिँदा पनि विश्वका कैयन युवाहरू प्रायः गुगल वालेट र पेपाल जस्ता पेमेन्ट सिस्टमहरू प्रयोग गर्दछन् । आफ्नो सहकारीको खातामा जम्मा गरेको रकम देशभरीको जुनसुकै सहकारीमा गएर निकाल्न मिल्ने पेमेन्ट प्लाटफर्महरू एशियन मुलकहरूका सहकारीहरूमा पनि प्रयोगमा आईसकेका छन् । हामीसंग हाम्रै क्षेत्रबाट प्रवर्द्धित पेमन्ट सिस्टमहरूको विकास भईनसके पनि निजी क्षेत्रबाट प्रयोगमा आईरहेका प्लाटफर्महरू प्रयोग गर्न सहजीकरण गरेर पनि सहकारी संस्थाहरूले युवाहरूलाई सहकारीको सेवामा आकर्षित गर्न सक्दछन् ।

सहकारीको सामान्य प्रोडक्टहरू भन्दा फरक युवा केन्द्रित प्रोडक्ट (Trendy not traditional) डिजाईन गरेर पनि युवाहरूलाई सहकारी संस्थाहरूमा सहभागी गराउन सकिन्छ । त्यसका लागि सहकारी संस्थाहरूले युवा लक्षित सेवाको अवधारणा विकास गर्ने, बजार र व्यवसाय विश्लेषण गर्दै युवाहरूका विचमा बजारीकरण गर्ने कार्य गर्न आवश्यक हुन्छ ।

युवाको राम्रै सहभागीता भएका सहकारी संस्थाहरूले पनि युवाहरूलाई चाहिने पूँजिको मात्र व्यवस्था गरिरहेको देखिन्छ । यो परम्परागत तरिका हो । अब पूँजि परिचालन गर्ने तरिका र योजना पनि पूँजि संगसंगै युवाहरूलाई दिन सक्नु पर्दछ । यसको मतलब एउटा हातमा पुँजी र अर्को हातमा विधि र प्रविधि दिन सक्यौ भने हामीले युवाहरूमा स्वरोजगारबनाउन सक्दछौं ।

युवाहरू राम्रो छवि भएको प्रतिष्ठित संस्थामा आवद्ध हुन रूचाउँछन भन्ने तथ्य विभिन्न अध्ययनहरूले देखाएको छ । तसर्थ सहकारी क्षेत्रले युवा वर्गलाई आकर्षित गर्न

बजारमा आफ्नो छवि राम्रो बनाउ सक्नु पर्दछ । जतिवेला अमेरिकामा वित्तीय सेवाक्षेत्र संकटमा परेको थियो त्यतिवेला त्यहाँका ७१% युवाहरू भन्थे,"बैंकको कुरा सुन्न जानु भन्दा त हामीलाई डेण्टिस्ट कहाँ जान बढि मनपर्छ" ।

तसर्थ जवसम्म सेवाको गुणस्तर "वाह" भन्ने खालको हुँदैन तवसम्म युवाहरूलाई आकर्षित गर्नै सकिँदैन । तसर्थ सहकारी क्षेत्रमा अब हामीले वाह ! संस्कृतिको विकास गर्न आवश्यक देखिन्छ । युवाको कुरा युवाले मात्रै राम्रो संग बुझ्न सक्दछ अनी युवाको कुरा युवाले मात्रै राम्रो संग पत्याउँदछ । तसर्थ सहकारीको भिन्नता र यसको सुन्दर पक्षको बारेमा युवा कर्मचारीहरूलाई प्रशिक्षित गर्ने र युवा सदस्यहरूहरूसंग सम्पर्क, सञ्चार र व्यवहार गर्न युवा कर्मचारीहरूलाई युवा दुत(Youth Ambassador) को रूपमा नियुक्ती गर्नु उपयुक्त हुने देखिन्छ ।

त्यसैगरी युवाहरूलाई सेवा दिने विषयमा सहकारी क्षेत्र यदि गम्भिर हुने हो भने युवाहरूलाई नेतृत्वमा सहभागी हुने अवसर पनि दिनु पर्दछ ।

युवाहरूलाई आकर्षित गर्नको लागि सहकारीहरू युवाहरू भएकै ठाउँमा पुग्नु पर्दछ । युवाहरू कहाँ हुन्छन् त ? निश्चित रूपमा युवाहरूसंग अन्तरक्रिया हुने ठाउँ भनेको अहिलेको समयमा सामाजिक सञ्जालहरू नै हो । त्यसकारण सहकारी संस्थाहरूको जानकारी तथा सूचनाहरू पोष्ट मात्रै नगरि त्यसमा युवाहरूलाई अन्तरक्रिया गराउने गरियो भने सहकारीका विषयहरूमा युवाहरूलाई परिचित गराउँदै लान सजिलो हुन्छ ।

रोजगारी सिर्जनामा रूपाताल मत्स्यपालन सहकारी

प्राकृतिक सम्पदाको संरक्षणसँगै सोको भरपुर उपयोग गर्ने हो भने रोजगारीको गतिलो आधार खोज्न सकिन्छ भन्ने तथ्यलाई कास्कीको एउटा सहकारीले चरितार्थ पारेको छ ।

प्राकृतिक एवं मानवीय अतिक्रमणसँगै तालको अस्तित्व नै सङ्कटमा पर्दै गएको वास्तविकतामा पोखरा उपत्यकाको तेस्रो ठूलो तथा सुन्दर रूपातालको संरक्षणसँगै माछापालन गरेर रूपाताल पुनःस्थापना तथा मत्स्यपालन सहकारी लिमिटेडले राम्रै आम्दानी गरेको छ ।

रामसार सूचीमा सूचीकृत रूपाताल जलाधार क्षेत्रका स्थानीय बासिन्दाको सक्रियतामा २०५८ सालमा स्थापित संस्थाले स्थापनाकालयता तालको संरक्षण र प्रवर्द्धनका साथै तालमा माछा पालेर मनग्य आम्दानी गर्दै आएको छ ।

जैविक विविधता र विविध पारिस्थितिकीय प्रणालीका कारण यस क्षेत्रलाई महत्वपूर्ण स्थालका रूपमा लिने गरिएको रूपातालमा प्राकृतिक आहारा प्रशस्त पाउने हुँदा माछापालन पनि राम्रैसँग फस्टाएको छ । सिमल काँडे, लेउ, करौते, नाभोलगायत विभिन्न झारको चपेटामा परेर तालको सम्पूर्ण भूभाग ढाकी सङ्कटमा पर्दै गएकोताललाई बचाउँदै त्यसबाट आम्दानी गर्दै आएको सहकारीका अध्यक्ष लेखनाथ ढकालले पानीमा मौलाएको झार आहारा बनाउने उन्नत जातका माछाका भुरा प्रत्येक वर्ष तालमा छोड्दै आएको बताउनुभयो । उहाँका अनुसार हुर्केका माछाले झार खान थालेपछि अहिले तालको मुहार फेरिनाका साथै माछा बिक्रीबाट सहकारीले राम्रो आम्दानी गर्दै आएको छ ।रूपातालको स्वादिष्ट माछा बिक्री हुँदैनकी भन्नै पर्दैन, ग्राहक तालको छेउमा रहेको सहकारीको कार्यालयमै खरिद गर्न आउने गरेका छन् । सहकारीले गत वर्ष कूल एक करोड ८७ लाख मूल्यबराबरको माछा उत्पादन गरेको थियो । चालू आवको हालसम्म एक करोड ४० लाखको माछा उत्पादन भएको छ ।

प्रत्येक दिन साँझ तालमा सातजना कर्मचारीमार्फत तालको छुट्टाछुट्टै स्थानमा सातवटा महाजाल थाप्ने गरेको बताउँदै ढकालले बिहान सबेरै जाल झिक्दा १०० देखि ५०० केजीसम्म माछा पर्ने गरेको छ । सहकारीले तालको माछा छोपेर आम्दानी गर्नेमात्र नभई प्रत्येक वर्ष लाखौं माछाका भुरासमेत छोड्ने गरेको छ । यस वर्ष ६० हजारभन्दा बढी विभिन्न जातका भुरा छोडिसकिएको अध्यक्ष ढकालले जानकारी दिनुभयो । संस्थाले पोखरा महानगरपालिका वडा नं ३१ स्थित चौरमा सात रोपनी जग्गा खरिद गरी ह्याचरीसमेत सञ्चालन गरी भुरा उत्पादन तथा हुर्काउने गरेको छ । सहकारीले तालमा अहिलेसम्म ६० लाखभन्दा बढी भुरा छोडेको छ भने स्थानीय जातका माछाको संरक्षण गर्दै आएको छ ।

दुई दशकअघि ३६ जना शेयर सदस्यबाट पाँच हजार लिएर शुरू गरेको सहकारीमा आकर्षण बढेसँगै अहिले ८७२ जना शेयर सदस्य पुगेका छन् । रूपाताल जलाधार क्षेत्रका स्थानीय बासिन्दालाई संस्थाको शेयर सदस्य बनाउने प्रावधान सहकारीको छ । तालमा उत्पादित माछा रहु, नैनी, कमन, ग्रास भाकुर प्रतिकेजी ४५०, सिल्भर ३३०, तिलेपिया प्रतिकेजी ३०० र लोकल सहर प्रतिकेजी एक हजारमा बिक्री गर्ने गरेको सहकारीका उपाध्यक्ष जानुका अधिकारी बताउनुभयो । उन्नत जातका तीन केजीभन्दा बढी तौलको माछाको दर भने केही बढी हुन्छ ।

संस्थाले जलाधार क्षेत्रअन्तर्गतका १४ वटा सामुदायिक वन समूहलाई पाँच/पाँच हजार, १७ वटा सामुदायिक विद्यालयलाई छात्रवृत्ति प्रदान गर्न चार हजारका दरले आर्थिक सहयोग गरेर सामाजिक उत्तरदायित्वसमेत पूरा गर्दै आएको उहाँको भनाइ छ । संस्थाले स्थानीय आमा समूह, युवा क्लबलगायत यस क्षेत्रमा हुने विभिन्न मेला महोत्सवमा समेत आफ्नो उपस्थिति जनाउँदै आएको छ ।

सहकारी स्थापनासँगै शुरूमा तालको दक्षिणतर्फको ४२५ मिटर लम्बाइको सालको खम्बामा कालो नाइलनको जाली राखेर छेकबार निर्माण गरिएको छ । तालमा हुर्केका माछा जोगाउनका लागि छेकबार राखिएको हो । १०७ हेक्टर क्षेत्रफलमा फैलिएको रूपा तालको गहिराइ चारदेखि ६ मिटर रहेको छ । संस्थाले माछाको संरक्षण, तालको फोहर सरसफाइ र माछा छोप्नका लागि १६ वटा डुङ्गा खरिद गर्नाका साथै तालमा सयर गर्ने पर्यटकका लागि एउटा मोटरबोटसमेत सञ्चालन गर्दै आएको छ । सहकारीमा हाल १९ जनाले प्रत्यक्ष रोजगारको अवसर प्राप्त गरेका छन् ।

हार्दिक शुभकामना

९८औं अन्तर्राष्ट्रिय सहकारी दिवसको अवसरमा सम्पूर्ण सहकारीकर्मीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

Co-operative is for sustainable mutual social progress and quality living development. We are here to share your efforts

Since 1998

गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लि.

Gorkha Saving & Credit Co - operative Ltd.

Head Office:
Satdobato, Lalitpur, Tel: 01-5152404, 5152360, Fax: 977-01-5152366

Branch Office:
Sundhara, Ktm., Tel: 01- 4256955, 4258842, Fax: 977-01-4262429

Service Center:
Samakhusi, Ktm., Tel: 01-4389479, Fax: 977-1-4359620

Web: www.gorkhasaving.com.np, Email: gorkhasaving@wlink.com.np
Facebook: Gorkha Saving & Credut Co-operative

मोडेल

वचत तथा ऋण सहकारी संस्था लि.

Model Saving & Credit Co-operative Society Ltd.

बनेपा, काभ्रेपलाञ्चोक
फोन नं : ०११-६६०८६६

प्रो-एड

बहुउद्धेश्यीय सहकारी संस्था लि.

Pro-Ed Multipurpose Co-operative Ltd.

बासुकी मार्ग, मध्य बानेश्वर, काठमाडौं, नेपाल
फोन नं. : ०१-६२१५४२१, ४४८१३५६, ४११६०१७
फ्याक्स : ०१-४४७२०८३
Email : dlpuri@outlook.com
(ग्लोबल कलेज अफ म्यानेजमेन्टको ठिक अगाडी।)

क्यापिटल सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

Capital Saving & Credit Co - operative Ltd.

क्षेत्रपाटी–१७, काठमाण्डौ, नेपाल
फोन नं.: ०१–४२६९२०३, ४२१८६२९
पो.ब.नं.: २३४८२

हार्दिक शुभकामना

९८औं अन्तर्राष्ट्रिय सहकारी दिवसको अवसरमा सम्पूर्ण सहकारीकर्मीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

"आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं ।"

बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

Balkumari Saving & Credit Co-operative Ltd.

शंखधर चोक, मध्यपुर थिमि, भक्तपुर, नेपाल
फोन नं.: ०१- ६६३५५९२, ६६३३८९९
E-mail: basic@mail.com.np

सहकाली

बचत तथा ऋण सहकारी संस्था लि.

सहकाली भवन, कागेश्वरी मनहरा न.पा.
काँडाघारी, काठमाडौं
फोन नं. ०१-४९९११३८,४९९११४२
Email : sahakali.gothatar@gmail.com

पाँच तारा बचत तथा ऋण सहकारी संस्था लि.

Five Star Saving & Credit Co-operative Ltd.

का.म.न.पा.-३५, पुरानो सिनामंगल, नमूना मार्ग, काठमाण्डौ
फोन नं.: ०१-४९९०७०६
E-mail: 5starsahakari@gmail.com

सुयोग्य

बचत तथा ऋण सहकारी संस्था लि.

Suyogya Saving & Credit Co-operative Society Ltd.

कोटेश्वर-३५, सेती ओपी मार्ग, पो.ब.नं. ८९७३, NPC : ६५६-३३, काठमाडौं
फोन नं : ०१-४६००९९८
ई-मेल : suyogyacoop@gmail.com

बैंकको भर्चुअल बैठक

सिइओमा पुनः बद्री गुरागाई

राष्ट्रिय सहकारी बैंक लिमिटेड सञ्चालक समितिको भर्चुअल वैठक मिति २०७७ जेठ २८ बसेको छ । बैंकका अध्यक्ष के.बी.उप्रेतीको अध्यक्षतामा सम्पन्न वैठकमा बैंकको समसामियक अवस्था, लकडाउनका कारण उत्पन्न परिस्थिति र बैंकका तर्फबाट भएका समन्वय र सहकार्यका विषयमा छलफल भयो । सा बैठकमा बैंकका अध्यक्ष के.बी.उप्रेती र प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले पछिल्लो अवस्थाको विषयमा जानकारी दिनु भएको थियो । बैंकका सञ्चालकहरू, लेखा समितिका संयोजक तथा सदस्यहरूले आ-आफ्ना जिज्ञासा र सुझाव राख्नु भएको थियो ।

बैंकमा हाल १२ हजार शेयर सदस्य रहेको र २ अर्ब ६ करोड शेयर रकम रहेको वित्तीय प्रतिवेदन प्रस्तुत गरिएको थियो । त्यसैगरी ३० अर्ब ९६ करोड निक्षेप र २२ अर्ब ५० करोड कर्जा लगानीमा रहेको बताइएको छ । पछिल्लो अवस्थासम्म बैंकमा ४२ करोड नाफा रहेको बताइएको छ ।

सो बैठकले बैंकका प्रमुख कार्यकारी अधिकृत सिए बद्री कुमार गुरागाईलाई आगामी ४ वर्षका लागि म्याद थप गर्ने निर्णय गरेको छ । उहाँको कामको समिक्षा गर्दै बैठकले गुरागाईको कार्यकाल ४ बर्ष थप गर्ने निर्णय गरेको अध्यक्ष केवी उप्रेतीले जानकारी दिनुभयो । कार्यकाल थपपछि गुरागाईले सहकारी अभियान र राष्ट्रिय सहकारी बैंकलाई नयाँ उचाईमा पुऱ्याउनका लागि आफ्नो योगदान रहने बताउनुभयो । २०७५ साल पुस ३ गतेदेखि उहाँ बैंकमा आवद्ध हुनुहन्थ्यो । गुरागाईको समयावधी सकिन ६ महिना पहिला नै बैंकको संचालक समितिले पुनः ४ बर्षको लागि समय थप गरेको हो ।

बैंकले अर्को महत्वपूर्ण निर्णय गरेको छ । कोभिड-१९को संक्रमण रोक्नका लागि २०७६ चैत ११ देखि भएको लकडाउनका कारण परेको समस्यालाई मध्यनजर गरी जेठ मसान्तसम्म ब्याजमा १० प्रतिशत छुट दिने निर्णय गरेको अध्यक्ष उप्रेतीले बताउनुभयो । त्यसैगरी २०७७ असार १ गतेदेखि लागु हुने गरी बचत र कर्जामा २ प्रतिशतसम्म ब्याज घटाउने समेत निर्णय भएको छ । यसले सहकारी संघ/संस्थालाई थप लाभ हुने देखिन्छ । बैंकले लकडाउनका कारण संस्थाहरूमा परेको तरलता अभावका लागि समेत तयारी गरेको छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कुन)बीचको सहकार्य अनुसार साझा मार्गचित्र परिमार्जन सहित पारित गर्ने सो बैठकले निर्णय गरेको थियो । यस अघि नेफ्स्कून र बैंकबीच लकडाउनका कारण सहकारी संघ/संस्थामा तलरता कम हुन सक्ने अवस्थालाई ध्यानमा राखेर सम्झौता भएको थियो । त्यसबाट सहकारी अभियानमाम सकारात्मक सन्देश प्रभाव भएकोछ ।

बैठकमा बैंकका सञ्चालक तथा प्रदेश नं. १ का संयोजक महेन्द्र गिरीका पिता बम बहादुर गिरीको २०७७ जेठ २४ गते भएको निधनप्रति दुख व्यक्त गर्नुका साथै स्वर्गीय गिरीप्रति श्रद्धाञ्जली अर्पण र शोक सन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरिएको थियो ।

सहकारी बैंक र नेफ्स्कून बीच सहकार्य

वित्तीय सहकारीको स्थायित्व तथा दीगोपनका लागि राष्ट्रिय सहकारी बैंक लिमिटेड र नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ विच सहकार्य गर्ने सहमतिपत्रमा हस्ताक्षर भएको छ । २०७७ बैशाख १७,बानेश्वर काठमाडौँमा सहकारी बैंक र नेफ्स्कुनका प्रतिनिधि सहितको बैठकले सो निर्णय गरेको हो । सम्झौता पत्रमा सहकारी बैंकका अध्यक्ष के.वी. उप्रेती र नेस्फ्कुनका अध्यक्ष परितोष पौड्यालले हस्ताक्षर गर्नु भएको थियो ।विश्वब्यापी महामारीको रूपमा फैलिएको कोरोना भाईरस कोभिड-१९ को कारण नेपालका सहकारीमा तत्काल पर्ने वित्तीय संकट र त्यसलाई समयमै संबोधन गरी सहकारी क्षेत्रमा वित्तीय व्यवस्थापन गर्नका लागि बैंक र नेफ्स्कूनबीच सहमति भएको हो ।

नेपालको सहकारीको दीगोपनको लागि रणनीतिक ढंगले अभियानलाई व्यवस्थित र व्यवसायिक बनाउन दुबै पक्षका सञ्चालक समितिका पदाधिकारी सहितको कार्यदल गठन गरिएको छ ।सहकारी बैंक र नेस्फ्कुन दुबै संस्थाका प्रमुख कार्यकारी अधिकृत पदेन सदस्य रहने कार्यदल नेफ्स्कुनका बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालको संयोजकत्वमा बनेको छ । सो कार्यदलमा सहकारी बैंकका संचालकहरू सरिता भट्टराई, ज्ञान बहादुर तामांङ र रामहरी बजगाई सहित नेफ्स्कुनका संचालकद्वय दामोदर अधिकारी र दीपक पनेरु सदस्य रहनु भएको छ ।

छलफलमा दुबै संस्थाले आफ्ना सदस्य संस्थाहरूलाई प्रदान गर्ने ब्याजदरमा एकरुपता कायम गर्ने समेत सहमति भएको छ । कोभिड-१९ को संक्रमणको अबस्थामा सहकारी क्षेत्रलाई आवश्यक पर्ने वित्तीय उपलब्धतालाई सहज बनाउन बिपद व्यवस्थापन केन्द्रीय तरलता कोषको शुरूवात गर्ने समेत निर्णय भएको बैंकका अध्यक्ष केवी उप्रेतीले बताउनुभयो सहकारीका लागि नीतिगत बहस पैरवी तथा प्रविधिको विकासमा अगाडी बढ्ने मार्गदर्शनका वारेमा विस्तृत प्रतिबेदन समेत गठित कार्यदलले बुझाउने छ ।

हाम्रो एकीकृत साकोसको क्युआर भुक्तानी सेवा



हाम्रो एकीकृत बचत तथा ऋण सहकारी संस्था लि.ले २०७७ जेठ १९बाट क्यूआर कोड भुक्तानी सेवा सञ्चालनमा ल्याएको छ । संस्थाको मोबाइल बैंकिङ शुभारम्भ कार्यक्रमको उद्घाटन राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कंडेलले गर्नुभएको थियो ।

उहाँले सहकारीमा सुलभ र सहज प्रविधिमैत्री वित्तीय कारोबारमा छलाङ मार्नुपर्ने समय आएको बताउनुभयो । 'प्रविधिको न्यून प्रयोग हुने गरेको सहकारी क्षेत्रले अब व्यापक गतिमा प्रविधिको शुरूवात, विकास र परिमार्जन गर्दै जानुपर्ने आवश्यकता देखिएको छ,' उहाँले भन्नुभयो, 'सहकारी क्षेत्रमा प्रयोग हुँदै आएको नयाँ प्रविधिहरूमा सबैखालका सुविधाहरू बढाएर राष्ट्रव्यापी रूपमा सहकारी अभियानमार्फत अगाडि बढ्नुपर्छ ।' सरकारले आर्थिक बर्ष २०७७/०७८ को बजेट मार्फत बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थामा नविन प्रविधिको प्रयोग बढाउँदै नगदरहित कारोबार गर्न प्रेरित गर्ने बताएसँगै काठमाडौंमा सञ्चालित हाम्रो एकीकृत साकोसले सदस्यहरूमाझ मेसिन रिडेबल भुक्तानी सेवा शुरू गरेको हो । सहकारी संघ/संस्थाले यस अघि नै विभिन्न प्रविधिको प्रयोग गर्दै आएका छन् ।

नेफ्स्कूनका कोषाध्यक्ष एवम् जिल्ला बचत संघ काठमाडौं (कास्कून) का अध्यक्ष दीपक पनेरूले सहकारीका सदस्यहरूमाझ प्राविधिक जागरणको आवश्यकता रहेको औंल्याउँदै प्रविधि व्यवस्थापनमा अब सहकारीले फड्को मार्नुपर्ने बताउनुभयो ।

नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत शिवजी सापकोटाले नेफ्स्कूनले वि.स. २०५५ सालदेखि नै निरन्तर सहकारी संस्थालाई प्राविधिकीकरण गरेर अगाडि बढ्नुपर्छ भन्ने विषयमा खोजी गरिरहेकोले आज साकोस र सकोसका सदस्यहरू प्रविधिको प्रयोगमा अभ्यस्त बन्दै गइरहेको भन्दै खुसी व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, 'आज विकास गरिएका प्रविधिहरू पनि परिस्कृत गर्दै यसको प्रभावकारिता बढाउँदै लैजाने दिशामा नेफ्स्कूनको पहलकदमी हुन्छ ।' हाम्रो एकीकृत साकोसका अध्यक्ष एवम् नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले सन् २०३० सम्म कागजरहित आर्थिक कारोबारको लक्ष्य सरकारको रहेकोहुँदा अबको प्रविधि प्रयोगमा सहकारीले द्रुत गति लिनुपर्नेमा जोड दिनुभयो ।

व्यवस्थापक योगेन्द्र साउदले नेफ्स्कूनद्धारा तयार पारिएको सफ्टवेयर नेकोस प्लस मार्फत विगतदेखि प्राविधिक साझेदार निकायको रूपमा रहेको एक्स्क्लूसिभ माइण्ड्स को सहकार्यमा मोबाइल एप्लिकेशन सेवा, ट्याब्लेट बैंकिङ सेवा लगायत क्यूआर कोड भुक्तानी सेवाका सम्बन्धमा प्रस्तुतिकरण गर्नुभएको थियो ।

साकोसका सचिव नवराज अर्यालले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा नेफ्स्कूनका लेखा सुपरिवेक्षण समिति संयोजक नवराज सापकोटा, सदस्य शुसिल कुमार बस्नेत, गजुरी गाउँपालिकाका उपाध्यक्ष एवम् साकोसका सल्लाहकार सीता ढुंगाना, नेफ्स्कूनका व्यवसाय विभाग प्रमुख सञ्जयराज तिमिल्सिना, सूचना तथा प्रविधि अधिकृत राजन सुवेदी, एक्स्क्लूसिभ माइण्ड्सका प्रमुख कार्यकारी अधिकृत राजिभ कर्ण, सहकारी पत्रकार समाजका अध्यक्ष खिला दाहाल लगायत साकोसका प्रतिनिधि र सदस्यहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि, महासंघका अध्यक्ष कंडेलले साकोसका उपस्थिति सदस्यहरूलाई क्यूआर कोड प्रदान गर्नुभएको थियो भने आयोजक साकोसका अध्यक्ष पौड्यालले साकोसमा सदस्यहरूलाई फिनटेक एजुकेशन प्याकेज कार्यक्रम शुरूवात भएको जानकारी गराउँदै सदस्यहरूलाई एजुकेशन प्याकेजमा सहभागी बन्न आग्रह गर्नुभएको थियो ।

भक्तपुरमा अनलाइन अन्तरक्रिया कार्यक्रम

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को आयोजनामा २०७७ जेष्ठ १८ गते महामारीको अवस्थामा सहकारीको भुमिका विषयक भर्चुअल अन्तरक्रिया गरिएको छ । कार्यक्रमको संयोजन संघका अध्यक्ष कृष्ण गोविन्द लाखाजुले गर्नु भएको थियो । उहाँले हालको अवस्थामा संघको तालिम शिक्षा तथा सूचनाको निरन्तरताको लागि जुम प्रविधिमार्फत सुसूचित गर्ने उद्देश्यले कार्यक्रम राखिएको बताउनु भयो ।

संघका व्यवस्थापक बालकृष्ण धोजुले महामारीको अवस्थामा सहकारीको भुमिकाको प्रस्तुतिकरण गर्दै सहकारी व्यवसाय संकटको बेला सशक्त हुने कुरा बताउनु भयो । उहाँले महामारीले सहकारी व्यवसायलाई पारेको असर, सहकारी निकाय र अभियानले यस विषम परिस्थितिमा खेलेको भूमिका, आगामी दिनमा सहकारी, कर्मचारी, सदस्य तथा नियमनकारी निकायले खेल्नुपर्ने भूमिका विषयमा प्रस्तुतिकरण गर्नु भएको थियो । साथै जारी बजेटमा सहकारीका लागि भएको व्यवस्थाबारेमा पनि प्रस्तुतीमा समावेश गुर्नभयो ।

कार्यक्रमका टिप्पणीकर्ता नेफ्स्कूनका बरिष्ठ कार्यक्रम अधिकृत प्रेमनाथ वाग्ले प्रस्तुतिकरणको विषयमा टिप्पणी गर्दै भेग विषय बस्तुले विषय बस्तु उत्थान गर्न सफल भएकोमा धन्यवाद दिदै आगामी दिनमा एउटा एउटा विषयमा शुक्ष्म ढंगबाट विश्लेषण गर्दै जानुपर्ने सुझाब राख्नुभयो ।

सो अन्तरक्रिया कार्यक्रममा ६१ जनाको सहभागिता रह्यो । कार्यक्रममा उठेको जिज्ञासाहरूको संघका अध्यक्ष कृष्णगोविन्द लाखाजु, नेफ्स्कूनका बरिष्ठ कार्यक्रम अधिकृत प्रेमनाथ वाग्ले, व्यवस्थापक बालकृष्ण धोजुले सहजिकरण गर्नु भयो । ब्राण्ड प्राप्त सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.का व्यवस्थापक एंव संघका संस्थापक अध्यक्ष राजेन्द दुमरू र बाराही बचत तथा ऋण सहकारी संस्था लि.का व्यवस्थापक शिवजी हाकुदुवालले असल अभ्यासका अनुभाव बताउनुभयो । सहभागीहरूले हालको परिस्थीतिमा ऋण लगानी, ऋण असुली र व्याज उठाउने विषयमा चिन्ता व्यक्त गर्नुभयो । साथै कर्मचारीहरूको सेवा सुविधालाई कसरी व्यवस्थापन गर्ने विषयमा पनि चिन्तन गरेको पाइयो ।

सहकारी संस्थामार्फत सामूहिक रूपमा अदुवाखेती

स्याङ्जा जिल्ला वालिङको एक सहकारीले सामूहिकरूपमा अदुवाखेती शुरूआत गरेको छ । गल्याङ नगरपालिका-९ का विभिन्न ठाउँमा तुल्सीभञ्ज्याङ साना किसान कृषि सहकारी संस्थामार्फत सामूहिक रूपमा अदुवाखेती शुरूआत गरेको हो ।

वडा नं ९ का उमाकोट, गेझा, गौमुख, जामुने र बेल्चौरमा झण्डै ६०० रोपनी जग्गा भाडामा लिएर व्यावसायिकरूपमा अदुवा लगाइएको संस्थाका अध्यक्ष दलबहादुर सिंजालीले जानकारी दिनुभयो । उहाँको कथनमा उत्पादनका दृष्टिले सम्भावना भएको ठाउँ हुँदाहुँदै पनि बाँदरको समस्याका कारण बालीनाली उत्पादन गर्न असहज भइरहेका बेला सहकारीमार्फत सामूहिक अदुवाखेती गरेको हो । सहकारीमार्फत सामूहिकरूपमा खेती गर्दा काम गर्न सहज, अनुभव आदानप्रदान हुने, कामदार तथा मजदुरको समस्या नहुने र ठूलो परिमाणमा उत्पादन गर्दा बजारीकरणमा पनि सहजता हुनेछ । गत चैतबाट दुई महिनाको अवधिमा झण्डै ६५ मेट्रिक टन अदुवा लगाएसँगै पहिलो चरणको काम सकिएको छ । प्रतिरोपनी एक हजारका दरले स्थानीयवासीको जग्गा १ देखि ५ वर्षसम्मको अवधि राखेर जग्गा सम्झौता गरिएको र सहकारीले आफ्नै लगानीमा 'एक सहकारी एक उत्पादन कार्यक्रम' अन्तर्गत व्यावसायिक अदुवाखेती गरेका हहो । सहकारीले इलाम र सिन्धुलीबाट प्रतिकेजी १३०का दरले ६५ मेट्रिक टन अदुवा ल्याएर लगाएको संस्थाका प्रबन्धक शम्भु अधिकारीले जानकारी दिनुभयो । सहकारीले अदुवासँगै मिश्रित बालीका रूपमा रामतोरियालगायतका तरकारीखेती पनि गरेको छ । उहाँका अनुसार खेतीका लागि निकै सम्भावना बोकेका जग्गा बाँझो देखेपछि स्थानीयवासीसँग समन्वय गरी व्यावसायिक अदुवाखेतीका लागि जग्गा लिजमा लिएको र यही अभियानको प्रभावस्वरूप स्थानीय अन्य जग्गामा पनि खनजोत गरी केही न केही लगाउने कार्यले तीव्रता पाएको छ ।

एक वर्षीय नगदे तथा मसला बालीका रूपमा रहेको अदुवामा मानिसलाई चाहिने कार्बोहाइड्रेट, प्रोटिन, चिल्लो पदार्थ, भिटामिन, खनिज पदार्थ, पानीका साथै रेसा तथा अन्य औषधियुक्त तत्वसमेत प्रशस्त मात्रामा पाइन्छ । अदुवा एक प्रमुख मसलाबाली तथा नगदेबाली भएकाले पनि यसलाई कृषकले आफू खानलाई भन्दा पनि बिक्री वितरण गरी आय आर्जनलाई मध्यनजर गरी खेती गर्ने प्रचलन छ ।

हार्दिक शुभकामना

९८औं अन्तर्राष्ट्रिय सहकारी दिवसको अवसरमा सम्पूर्ण सहकारीकर्मीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

साना वित्त विकास
बहुउद्देश्यीय सहकारी संस्था लि.
Sana Bitta Bikas Multipurpose Co-operative Ltd.
चावहिल, काठमाडौं
फोन नं. ०१-४४८०३१७, ४४८०३२१

|| समृद्धिको प्रतीक ||
मनिप्लान्ट
सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
काठमाडौं-३१, मीनभवन,
फोन नं. : ०१-४६२०२६५, ४६२०४०९
Email: moneyplantsaccos@yahoo.com
www.moneyplant.coop.np

केदारनाथ
बचत तथा ऋण सहकारी संस्था लि.
जगाती, भक्तपुर, नेपाल
फोन नं. ०१-६६१६५२२

हिमाल
बचत तथा ऋण सहकारी संस्था लि.
घलाटेचोक, भक्तपुर, नेपाल
फोन नं.: ०१-६६१९१४६, ६२१५८०३

"आर्थिक तथा सामाजिक समृद्धिको साझेदार"
सिद्धार्थ
बचत तथा ऋण सहकारी संस्था लि.
Siddhartha Saving & Credit Co-operative Ltd.
मध्यपुर थिमि, शंखधर चोक, भक्तपुर ।
फोन : ६६३३२४६
इमेल : *siddhartha_saccos@hotmail.com*

रोयल
बहुउद्देश्यीय सहकारी संस्था लि.
Royal Multipurpose Cooperative Ltd.
Royal Complex, Basundhara Ring Road, Kathmandu, Nepal, P.O. Box: 11683, Tel: 4354046, 4364458,Fax: 0977-01-4387597, E-mail:royalcp@wlink.com, Website: www.royalcooperative.com.np
Member Service Centre: Budhanilakantha Kathmandu

हार्दिक शुभकामना

९८औं अन्तर्राष्ट्रिय सहकारी दिवसको अवसरमा सम्पूर्ण सहकारीकर्मीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

कृषि विकास

बहुउद्देश्यीय सहकारी संस्था लि.

कुमारीपाटी–५, ललितपुर

फोन नं. ०१–५५५५८३०

नोबल बहुउद्देश्यीय सहकारी संस्था लि.

Noble Multipurpose Co-operative Society Ltd.

Pulchowk-3, Lalitpur
Ph. 01-5528019/5009242
Email: noblemcsl@wlink.com.np

"आपसी सहयोग, सामूहिक हित एवम् आर्थिक अत्थानका लागि–शंखधर बचत"

शंखधर बचत तथा ऋण सहकारी संस्था लि.

Shankhadhar Saving & Credit Co-operative Ltd.

मध्यपुर थिमि–१३, शंखधर चोक, भक्तपुर
फोन नं.: ०१–५६३९१८७, ०१–६६३६१९७
E-mail: shankhadhar_save@yahoo.com

विद्युतकर्मी

बहुउद्देश्यीय सहकारी संस्था लि.

बागबजार, काठमाडौं

फोन नं. ०१–४२५१४०१